आ.व. २०७६/०७७

# प्रधानमन्त्री रोजगार कार्यक्रमको बार्षिक प्रगति प्रतिवेदन




नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
२०७७ फागुन

# प्रधानमन्त्री रोजगार कार्यक्रमको
# बार्षिक प्रगति प्रतिवेदन

**(आ.व २०७६/७७)**

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
२०७७ फागुन

प्रकाशक

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**प्रधानमन्त्री रोजगार कार्यक्रम**
सिंहदरबार, काठमाडौं
फोन (०१) ४२००६७७, ४२०००२० इमेल: info@pmep.gov.np
वेवसाइट: http://pmep.gov.np
२०७७ फागुन

मा.गौरी शंकर चौधरी
मन्त्री
श्रम, रोजगार तथा सामाजिक सुरक्षा

निजी सचिवालय
सिंहदरबार, काठमाडौं
फोन नं.: ९७७-१-४२११६९६
फ्याक्स: ९७७-१-४२११८७७

प.सं.
च.नं.

## मन्तब्य

मिति: २०७७/११/१६

नेपालको संविधानले लोककल्याणकारी राज्यको अवधारणालाई आत्मसात् गरे बमोजिम नेपाल सरकारले प्रदेश र स्थानीय तहसँग समन्वय गरी सबै नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने कार्यमा लागि परेको छ । आ.ब. २०७५/०७६ वाट कार्यान्वयनमा ल्याईएको प्रधानमन्त्री रोजगार कार्यक्रम गरीव र जीवनयापन जोखिममा परेका वर्गलाई लक्षित गरी न्यूनतम रोजगारी सुनिश्चितता मार्फत सामाजिक सुरक्षाको दायरा बिस्तार गर्ने राष्ट्रिय कार्यक्रम हो । साथै आन्तरिक रोजगारी प्रबर्द्धन गर्ने, रोजगारमूलक सेवा, सुविधा र सहायताको नागरिक तहमा पहुँच बृद्धि गर्न ७५३ रोजगार सेवा केन्द्रबाट एकीकृत सेवा प्रवाह गर्ने सस्थागत संरचना विकासमा समेत यो कार्यक्रम केन्द्रित भएको छ ।

गत वर्ष विश्वब्यापी रुपमा फैलिएको कोभिड-१९ को प्रत्यक्ष प्रभाव श्रम बजारमा समेत परेको छ । निजी क्षेत्र र संगठित क्षेत्रमा कार्यरत नेपाली श्रमिकको रोजगारी कटौती हुँदा सरकार रोजगारदाता भई रोजगारी मार्फत सामाजिक संरक्षण प्रदान गर्नुपर्नेको संख्या बढेको अबस्था छ । तसर्थ बर्तमान कोभिड-१९ को सन्दर्भमा नेपाल सरकारले रोजगारीको बिषयलाई उच्च महत्व र प्राथमिकता दिएको छ। प्रदेश सरकार र स्थानीय तहहरुले समेत रोजगारीको बिषयलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याउनुले यस कार्यक्रम र यस्तै प्रकृतिको कार्यक्रम प्रति तहगत सरकारको अपनत्व-बोध बृद्धि भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार विहीन र जोखिमपूर्ण जीवनयापन गरिरहेकालाई स्थानीय सरकारले प्राथमिकीकरण र सूचिकरण गरी एक बर्षमा एक सय दिन रोजगारी क्रमशः सुनिश्चित गर्दै राज्यको अभिभावकीय भूमिका निर्वाह गरिरहेको छ ।

यही कार्यक्रमबाट आ.ब. २०७६/०७७ मा भए गरेका कार्य प्रगति, मुख्य सूचकको विगत दुई बर्षको तुलनात्मक विवरण, स्थानीय सरकारबाट भएको सेवा प्रवाहको अवस्था र कार्यान्वयन चरणमा देखा परेका मुख्य चुनौतिहरु समेत विश्लेषण गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ । यस पुस्तिकाले कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि भावी दिनमा मार्गदर्शन गर्न र तथ्यपरक अध्ययन विश्लेषणमा समेत सहयोग मिल्ने विश्वास लिएको छु ।

अन्त्यमा, कार्यक्रम कार्यान्वयन र प्रतिवेदन प्रकाशनमा योगदान गर्ने सबैमा हार्दिक धन्यवाद ।

(गौरीशंकर चौधरी)
मन्त्री

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

फोन नं. ४२११९९१, ४२००५९५
फ्याक्स: ९७७-१-४२११८७७
अडियो नोटिस बोर्ड नं.: १६१८०१४२००५९५
इमेल: info@moless.gov.np
वेबसाइट: www.moless.gov.np

पत्र संख्या:-
चलानी:-

सिंहदरबार, काठमाडौं
नेपाल

# भूमिका

मिति: २०७७/११/१६

न्यूनतम रोजगारीको प्रत्याभूति गर्दै विपन्न नागरिकलाई सामाजिक संरक्षण प्रदान गर्ने उद्देश्यको साथ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याईएको हो । आ.ब. २०७५/०७६ देखि कार्यान्वयनमा आएको यो कार्यक्रम हाल तेस्रो आर्थिक वर्षमा चलिरहेको छ । देशै भरी कार्यक्षेत्र भएको यस कार्यक्रमको आ.ब. २०७६/०७७ मा भए गरेका मुख्य मुख्य क्रियाकलापको भौतिक र वित्तीय प्रगतिको साथै कार्यक्रमको संक्षिप्त जानकारी, तहगत सरकारका संगठनात्मक ब्यवस्था, विगत बर्षहरुमा भएको प्रगतिको तुलनात्मक विश्लेषण, कार्यक्रम कार्यान्वयनको क्रममा भएका सिकाई तथा देखिएका चुनौति समेत यस प्रतिबेदनमा समावेश गरिएको छ । पारदर्शिता र जवाफदेहिताको प्रबर्द्धन गर्दै सुशासन कायम गर्न प्रतिवेदन सहयोगी बन्ने अपेक्षा लिईएको छ ।

संविधानले रोजगारीको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको तथा रोजगारी ब्यवस्थापन यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने भएकोले मन्त्रालयले यो कार्यक्रम सञ्चालनमा ल्याएको हो । यो कार्यक्रम कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी ऐन र नियमावली, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि आदि कानूनी प्रबन्ध गरिएको छ भने ७५३ वटै स्थानीय तहहरुमा रोजगार सेवा केन्द्रको स्थापना गरी रोजगार संयोजकको समेत ब्यवस्था गरिएको छ । साथै *रोजगार ब्यवस्थापन सूचना प्रणाली* सञ्चालनमा रहेको छ र यसलाई थप व्यवस्थित एवं प्रभावकारी प्रणालीको रुपमा विकास गर्न प्राविधिक तयारीका कामहरु भै रहेका छन । कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहेको छ भने प्रदेश सरकार समेतको साझेदारी र सहकार्यले कार्यक्रमको लक्ष्य प्राप्तिमा सहयोग पुग्नेछ ।

आ.ब. २०७६/०७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कार्यान्वयन भएका दुई मुख्य कार्यक्षेत्रहरु न्यूनतम रोजगारी र आन्तरिक रोजगारी प्रवर्द्धन सम्बन्धी विवरण समावेश गरी यो प्रतिवेदन तयार गरिएको छ । यसमा उल्लेखित तथ्य र तथ्यांक स्थानीय सरकारबाट प्राप्त भएका आधारमा प्रस्तुत गरिएको हो र आगामी दिनमा प्रगति विवरण संकलन र संप्रेषण कार्यमा प्रभावकारिता आवश्यक देखिएको छ । अन्त्यमा, विगतको प्रगति समावेश गरी कार्यक्रमको दस्तावेजको रुपमा यो पुस्तक प्रकाशन गर्न संलग्न हुनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

(सूर्य प्रसाद गौतम)
सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. ....................
च.नं. /pmep/

## प्रकाशकीय

मिति : २०७७/११/१६

रोजगारीको हकको संवैधानिक व्यवस्था कार्यान्वयन गर्नका लागि नेपाल सरकारले सञ्चालन गरेका विभिन्न रोजगारमुलक कार्यक्रमहरु मध्ये प्रधानमन्त्री रोजगार कार्यक्रम न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक संरक्षण प्रदान गर्ने र आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने एउटा महत्वपुर्ण कार्यक्रम हो । वि.स. २०७५ फाल्गुण १ मा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीद्वारा समुदघाटन भई सञ्चालनमा आएको यस कार्यक्रमले विगत दुई बर्षको छोटो अवधिको संस्थागत प्रयासमा विपन्न जनतामा एउटा नयाँ छाप छाड्न सफल भएको छ । रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को कार्यदिशबमोजिम गत आर्थिक वर्ष २०७६/०७७ मा यस कार्यक्रमबाट भए गरेका कार्य, प्राप्त उपलब्धि एवं भोगेका चुनौतीलाइ समेटी यो समीक्षात्मक प्रतिवेदन तयार पारिएको छ ।

यो प्रतिवेदन मूलत: आठ वटा बिषयवस्तुहरु समेटी तयार गरिएको छ ।प्रतिवेदनको पृष्ठभमि खण्डमा प्रतिवेदन तयार गर्नुको उद्देश्य र कोभिड-१९ ले पारेको प्रभावलाई समेटेको छ भने दोश्रो बिषयमा प्रधानमन्त्री रोजगार कार्यक्रमको अवधारणात्मक परिचय उल्लेख गरिएको छ । जसमा कार्यक्रमको उद्देश्य, रणनीति, संरचनागत व्यवस्था, कानूनी व्यवस्था आदि बिषयवस्तु उल्लेखित छन । प्रतिवेदनमा तेस्रो बिषयको रुपमा कार्यक्रमको बजेट तथा विगत दूई वर्षको तुलनात्मक प्रगति समीक्षालाई प्रस्तुत गरिएको छ । यसमा बजेटको विनियोजन, अनुदान हस्तान्तरण, बार्षिक लक्ष्य र प्रगति, आर्थिक विवरण, रोजगार सेवा केन्द्रबाट भएको सेवा प्रवाह आदि जस्ता बिषयहरु समेटिएका छन ।कार्यक्रमबाट प्राप्त मुख्य उपलब्धिलाइ प्रतिवेदनको चौथो खण्डमा समावेश गरिएको छ भने सिकाई तथा भोगाईलाइ प्रतिवेदनको पाँचौ बिषयको रुपमा प्रस्तुत गरिएको छ । छैठौ बिषयको रुपमा *रोजगार व्यवस्थापन सूचना प्रणाली* अन्तर्गत यसको अवधारणा, सञ्चालन र विकासको बिषय समेटिएको छ । यसैगरी सातौ बिषयमा अनुगमन, मूल्यांकन र सहकार्यलाइ उल्लेख गरिएको छ भने प्रतिवेदनको अन्तिम खण्डमा कार्यक्रम कार्यान्वयनका चुनौतीगत पक्षलाई प्रकाश पारिएको छ ।

यो प्रतिवेदन गाउँपालिका तथा नगरपालिकाबाट हालसम्म प्राप्त विवरण र अनुभवका आधारमा तयार गरिएको हो ।वस्तुत: कोभिड-१९ ले कार्यसंचालनमा भएको कठीनाइ र स्थानीय सरकारबाट प्रगति संप्रेषणमा भएको ढिलाइले गर्दा सम्पूर्ण प्रगति विवरण प्रस्तुत हुन नसकेको अवस्था समेत यस सन्दर्भमा मननीय छ । साथै यस प्रतिवेदनलाई आगामी दिनमा परिमार्जन गर्न सरोकारवाला तथा श्रद्धेय पाठक वर्गको पृष्ठपोषण प्राप्त हुने अपेक्षा गरिएको छ । प्रतिवेदन तयारीमा महत्वपुर्ण सुझाव प्रदान गर्नु हुने माननीय मन्त्रीज्यू, श्रीमान सचिवज्यू, स्थानीय सरकार एवं प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न एवं सहयोग गर्नु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दछु ।

(सुमन घिमिरे)
सहसचिव/राष्ट्रिय कार्यक्रम निर्देशक

# कार्यकारी सारांश

- नेपालको संविधानको धारा ३३ (१) मा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने उल्लेख भएबमोजिम *रोजगारीको हकसम्बन्धी ऐन, २०७५* र *रोजगारीको हकसम्बन्धी नियमावली, २०७५* जारी भई कार्यान्वयनमा रहेका छन । ऐन र नियमावलीका प्रावधान अनुरुप नागरिकलाई न्यूनतम रोजगारी प्रत्याभूति गर्दै सामाजिक संरक्षण प्रदान गर्ने र रोजगारमूलक सेवा, सहायता एवं सुविधाको विस्तार गर्ने प्रमुख उद्देश्यका आर्थिक वर्ष २०७५/०७६ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।
- यस कार्यक्रममा केन्द्र देखि स्थानीय तहसम्म निर्देशक समिति, रोजगार सम्बाद मंच र रोजगार सेवा केन्द्रको संरचनागत व्यवस्था गरिएको छ र ७ वटा कानून बमोजिम यो कार्यान्वयनमा रहेको छ ।
- कार्यक्रमबाट लक्षित नतिजा दूईवटा रहेका छन: क) न्युनतम रोजगारीको सुनिश्चितता मार्फत सामाजिक संरक्षण ख) उत्पादनशील रोजगारीका अवसर वृद्धि । यसै अनुरुप क्रियाकलाप निर्धारण गरी कार्य भईरहेको र आगामी दिनमा नतिजाको प्रभाव देखिने अपेक्षा लिइएको छ । साथै पन्ध्रौ योजना र दीगो विकास लक्षमा समेत यि नतिजामूलक क्रियाकलाप आवद्ध रही क्रियाशील रहिएको छ ।
- प्र.म.रो.का.को लागि आ.व. २०७६/०७७ मा नयाँ कार्यविधि जारी गरी बजेट विनियोजनको दूई आधार कायम गरिएको गरिएको थियो : (क) स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिको संख्या (ख) कार्यविधिले तोकेको मापदण्डका आधारमा स्थानीय तहबाट प्रस्तावित आयोजनाको विवरण ।
- आ.व. २०७६/०७७ मा यस कार्यक्रमको लागि कूल रु. ५ अर्ब १ करोड विनियोजन भएको थियो । विनियोजित रकम मध्ये नेपाल सरकारको श्रोत रु. २ अर्व ३९ करोड र वैदेशिक ऋण सहायताबाट रु.२ अर्व ६२ करोड रहेको थियो । कार्यक्रममा वैदेशिक सहायताको रकम निकासा नभएकोले नेपाल सरकारको श्रोतबाट मात्रै कार्यक्रमको सञ्चालन भएको थियो ।
- नेपाल सरकारको बजेटबाट कूल रु. २ अर्ब ३० करोड ३२ लाख कामका लागि पारिश्रमिकमा आधारित आयोजना कार्यान्वयनको लागि गाउँपालिका तथा नगरपालिकामा सशर्त अनुदान हस्तान्तरण गरिएको थियो । हस्तान्तरण गरेको रकममा सवैभन्दा अधिक प्रदेश नं. २ मा रु. ४२ करोड ९२ लाख ३५ हजार र सबैभन्दा कम गण्डकी प्रदेशमा रु. १५ करोड ३९ लाख २८ हजार रहेको थियो ।उक्त आयोजना कार्यान्वयन गर्न कूल ७०१ स्थानीय तहमा अनुदान रकम उपलव्ध गराइए तापनि ४९५ स्थानीय तहबाट मात्रै आयोजना कार्यान्वयन भएको जानकारी प्राप्त भएको छ । महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारणले समेत आयोजना सञ्चालन हुन नसकेको स्थानीय तहको संख्या २०६ रहेको छ ।
- आ.व. २०७६/०७७ मा ६० हजार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलव्ध गराउने लक्ष्य राखेकोमा निवेदन आब्हानबाट ३,७०,७३४ जना बेरोजगार प्राथमिकीकरण एवं सूचिकृत रहेकोमा विनियोजित बजेटको तुलनामा ५२.२९% न्यून निकासा भएका कारणले लक्ष्य प्राप्ति र उद्देश्य अनुरुपका क्रियाकलाप सञ्चालनमा समेत चुनौति उत्पन्न भएको थियो । कार्यक्रमले आर्थिक वर्षको अन्तसम्ममा स्थानीय सरकारले कूल १ लाख ५ हजार ६३४ जनालाई रोजगारीमा संलग्न गराएको थियो । सूचिकृत बेरोजगार मध्ये १,०५,३६५ जनालाई औसत १६ दिनको रोजगारी उपलव्ध गराईएको विवरण प्राप्त भएको छ । रोजगारी उपलव्ध गराउने क्रममा औसत रोजगारी दिनमा बृद्धि भए तापनि एक सय दिनको रोजगारी सृजना गर्ने लक्ष्य प्राप्तिका लागि कार्यक्रम कार्यान्वयनकर्ताले ध्यान दिनु पर्ने देखिएको छ ।

- आ.व. २०७६/०७६ मा कामका लागि पारिश्रमिकमा आधारित प्रस्तावित आयोजना २१ हजार ४ सय १७ मध्येबाट कूल ४३०२ आयोजनाहरु कार्यान्वयनमा आएको थियो । जुन स्थानीय तहमा बढी आयोजनाहरु संचालनमा रहेका थिए सोही स्थानमा अधिक मात्रामा रोजगारी श्रृजना भएको देखिएको छ ।सार्वजनिक निर्माण कार्य (Public Works Program - PWP) मा आधारित न्यूनतम रोजगारी श्रृजना गर्ने विधि बमोजिम संचालित आयोजना मध्ये सडक यातायातको क्षेत्रमा ४८.०७%, साना सामुदायिक पूर्वाधारका विभिन्न आयोजनामा १८.८१% र उर्जा, सिँचाई तथा नदी नियन्त्रणमा ११.२५% कार्यान्वयन भएका थिए ।
- आ.व. २०७६/७७ मा कूल ७०१ स्थानीय तहलाई सशर्त अनुदान हस्तान्तरण गरिएकोमा महालेखा नियन्त्रक कार्यालयको SuTRA/TSA प्रणाली र EMIS बाट प्राप्त वित्तीय प्रगति विवरण अनुसार रु. १ अर्व ७६ करोड ३ लाख ४४ हजार ७२ खर्च भई ६५.४९% वित्तीय प्रगति देखिएको छ । कूल रु. २,७८,८८,५४,००० मध्ये रु. १,७८,०८,४७,०७३ खर्च भई ६३.८५% प्रतिशत देखिएको छ ।
- रोजगारीको खोजीमा रहेका जनशक्ति; दक्ष/अर्धदक्ष/अदक्ष श्रमिकको खोजीमा रहेका रोजगारदाता र श्रम बजारमा उपलब्ध अवसरको सूचना आदान प्रदान गरी रोजगारी प्रत्याभूतिमा सहजिकरण, सहकार्य र समन्वय कायम गर्न जनताको नजिकैको सरकारको रुपमा गाउँपालिका तथा नगरपालिकामा ७५३ *रोजगार सेवा केन्द्र*को व्यवस्था गरेतापनि उद्धेश्यनुकूल प्रभावकारी र थप परिचालनको आवश्यक्ता देखिएको छ ।
- सङ्घीय तह र प्रादेशिक स्तरमा आन्तरिक रोजगारी सृजना सम्बन्धी अध्ययन प्रतिवेदन तयार भएको।प्रतिवेदनले नौ वटा नीतिमा रोजगारी सृजना सम्बन्धी बिद्यमान व्यवस्था, रोजगारीको संम्भावना तथा भावी दिनको लागि सुझाव समावेश भएको ।

- कार्यक्रम संचालनबाट भएको मुख्य सिकाईमा वृहत्तर कार्यक्षेत्र समेट्ने लक्ष्य लिई कार्यक्रम सञ्चालन गर्दा पर्याप्त पूर्व तयारी, साधन स्रोतको प्रक्षेपण र स्वामित्व भाव सृजना गरेर कार्यान्वयनमा ल्याउँदा प्रभावकारी हुने; रोजगारले पार्ने प्रभाव र यसबाट प्राप्त हुने उपलब्धीका सम्बन्धमा हालसम्म व्यवस्था गरिएको रोजगारी सम्बन्धी नीति, संस्थागत संरचना, कार्यक्रम र आयोजना प्रति नेतृत्वदायी सरोकारवाला बीच अवधारणागत एकरुपता, कार्यान्वयन तहमा प्रभावकारिता र अपनत्वको प्रतिवद्धताले नै सफलता उन्मूख गराउने; लक्षित वर्गको पहिचान र छनौट प्रक्रिया सुव्यवस्थित गर्न समन्वयात्मक प्रयास आवश्यक देखिएको; रोजगार सम्बन्धी तथ्य र विवरण एकीन गर्ने सूचना प्रविधियुक्त स्वाचालित प्रणाली विकास गर्नुपर्ने; रोजगारी अन्तर-क्षेत्रीय र बहुआयामिक विषय भएकोले क्षेत्रगत विकास नीति/कार्यक्रम बीच कार्यात्मक समन्वय कायम गर्दा प्रभावकारी हुने; श्रम बजारका अवसरलाई उपयोग गर्न रोजगारीको पारिस्थितिकीय प्रणाली (Employment Eco-System) का समग्र पक्षमा विचार गरी रोजगारीको क्षेत्रगत रणनीतिक योजना तर्जुमाले समेत दीगो नतिजा प्राप्त हुन सक्ने देखिएको; अन्तर-तह तथा अन्तर-निकाय संस्थागत क्षमता विकास र कामका लागि पारिश्रमिकमा आधारित सार्वजनिक निर्माण कार्यका आयोजना (Public Works Program) सञ्चालन तथा व्यवस्थापन सम्वन्धी नीतिगत व्यवस्थामा स्थायित्व रहनु पर्ने आदि रहेका छन् ।

## संक्षिप्त सूची (Abbreviation)

## (विषय वा प्रसंगले अर्को अर्थ नलागेमा)

| | |
|---|---|
| कार्यक्रम | प्रधामन्त्री रोजगार कार्यक्रम |
| प्र.म.रो.का. | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| स्थानीय तह | ७५३ गाउँपालिका तथा नगरपालिकाहरु |
| EMIS | Employment Management Information System (रोजगार व्यवस्थापन सूचना प्रणाली) |
| NEMIS | National Employment Management Information System (राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली) |

## परिभाषा:
## (विषय वा प्रसंगले अर्को अर्थ नलागेमा)

(क) “न्युनतम रोजगार” भन्नाले एक आर्थिक वर्षमा उपलब्ध गराइने कम्तीमा एकसय दिनको न्यूनतम रोजगार अवधि सम्झनु पर्दछ।

(ख) "बेरोजगार व्यक्ति" भन्नाले एक आर्थिक वर्षमा न्युनतम एक सय दिन रोजगारमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको अठार वर्ष देखी उनान्साठी वर्ष उमेर समूहको नागरिक सम्झनु पर्छ।

(ग) “स्वरोजगार” भन्नाले आफ्नो श्रम, सीप, ज्ञान र पूँजीको परिचालन गरी कुनै वस्तु वा सेवाको उत्पादन, त्यस्तो वस्तु वा सेवाको व्यापार वा कुनै उद्योग वा व्यापार व्यवसाय सञ्चालन वा त्यस्तै कुनै उद्यम वा आय आर्जन गर्ने कार्य सम्झनु पर्छ।

(घ) “रोजगारदाता” भन्नाले बेरोजगार व्यक्तिलाई यस ऐन बमोजिम रोजगार दिने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्तर्गतका उद्योग, प्रतिष्ठान तथा कानून बमोजिम दर्ता भएका रोजगारमूलक संस्था सम्झनु पर्छ र सो शब्दले निजी रोजगारीका अवसर उपलब्ध गराउने व्यक्तिलाई समेत जनाँउछ।

(ङ) “रोजगार आयोजना” भन्नाले संघ तथा प्रदेशका विषयगत मन्त्रालय वा निकाय वा स्थानीय तह अन्तरगत सञ्चालित सार्वजनिक निर्माण वा अन्य सार्वजनिक क्षेत्रका आयोजना, वा संघ, प्रदेश र स्थानीय तीनै तहले रोजगारी सृजनाका लागि सञ्चालन गर्ने ‘कामका लागि पारिश्रमिक’ वा ‘श्रमिकको ज्यालाको रकममा साझेदारी’ मा आधारीत आयोजना वा तीनै तहका सरकारले निजी, सहकारी वा गैरसरकारी क्षेत्रसंगको सहकार्य र साझेदारीमा सञ्चालित गरेका रोजगारी सृजनाका आयोजनाहरुलाई सम्झनुपर्छ।

(च) “लाभग्राही परिचयपत्र” भन्नाले स्थानीय तहले पहिचान गरी सूचीकृत गरेका बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउनु पूर्व प्रदान गर्ने परिचय पत्रलाई सम्झनुपर्छ।

# विषय-सूची

१. पृष्ठभूमि ..१
१.१ प्रतिवेदनको उद्देश्य ...२
१.२ कोभिड-१९ ले रोजगारी र कार्यक्रम कार्यान्वयनमा पारेको प्रभाव ...२
२. प्रधानमन्त्री रोजगार कार्यक्रमको परिचय ...३
२.१ कार्यक्रमको उद्देश्य ...५
२.२ कार्यक्रमको रणनीति ...६
२.३ संरचनागत व्यवस्था ...६
(क) संङ्घीय निर्देशक समिति ...७
(ख) प्रदेश निर्देशक समिति ...८
(ग) स्थानीय निर्देशक समिति ...८
२.४ दरबन्दी विवरण ...९
२.५ कानूनी व्यवस्था ...१०
२.७ कार्यक्रमका सेवाग्राही र लक्षित समूह ...१०
२.८ बजेट प्रक्षेपण र अपेक्षित उपलब्धी ...११
२.९ पन्ध्रौ योजना र दीगो विकास लक्ष ...११
३. कार्यक्रमको बजेट तथा प्रगति समीक्षा ...१५
३.१ बजेटको विनियोजन ...१५
३.२ स्थानीय तहलाई बजेट हस्तान्तरणका आधार र आयोजनाको माग ...१६
३.३ स्थानीय तहबाट आयोजना प्रस्ताव ...१६
३.४ कामका लागि पारिश्रमिकमा आधारित आयोजनामा सशर्त अनुदान हस्तान्तरण ...१७
३.५ वार्षिक लक्ष्य र प्रगति अवस्था ...१९
३.६ कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन ...२०
३.७ आर्थिक विवरण ...२३
३.८ रोजगार सेवा केन्द्रबाट सेवा प्रवाह ...२५
३.९ विगत दुई वर्षको तुलनात्मक विवरण ...२७

४. कार्यक्रमबाट प्राप्त उपलब्धीहरु ........................................ ३१
४.१ नीतिगत अध्ययन ........................................ ३१
४.२ आन्तरिक रोजगारीको लागि नीतिगत छलफल तथा पृष्ठपोषण ........................................ ३२
४.३ श्रमिकको कार्यस्थल दुर्घटना बीमा ........................................ ३२
४.४ रोजगार व्यवस्थापन सूचना प्रणालीको स्तरोन्नती ........................................ ३२
४.५ युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना सञ्चालन ........................................ ३३
४.६ श्रमिक सूचना बैङ्क स्थापनाको अध्ययन सम्पन्न ........................................ ३४
४.७ अन्य उपलब्धि ........................................ ३४
५. रोजगार सृजनाका माध्यम र कार्यक्रमबाट भएको सिकाइ ........................................ ३५
५.१ रोजगारी सृजनाका माध्यमहरु ........................................ ३५
५.२ कार्यक्रमको आलोचना ........................................ ३७
५.३ कार्यक्रमको यथार्थता ........................................ ३८
५.४ कार्यक्रमबाट भएको सिकाई ........................................ ४०
६. रोजगार व्यवस्थापन सूचना प्रणाली ........................................ ४४
६.१ रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन ........................................ ४४
६.२ राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको अवधारणा ........................................ ४५
६.३ सूचना प्रणालीको सञ्चालनका लागि अफलाईन सर्भर ........................................ ४७
७. अनुगमन तथा मूल्याङ्कन ........................................ ४७
७.१ कार्यक्रमहरु बीच समन्वय तथा सहकार्य ........................................ ४८
७.२ कोभिड-१९ को संक्रमणमा कार्य सञ्चालन गर्ने प्रक्रिया ........................................ ४८
८. कार्यक्रम कार्यान्वयनका चुनौतिगत पक्षहरु ........................................ ४९
अनुसूची १: प्रधानमन्त्री रोजगार कार्यक्रमको नतिजाको खाका ........................................ ५२
अनुसूची २: स्थानीय तहगत विनियोजित रकम र रोजगारीको विवरण ........................................ ५३
अनुसूची ३: श्रम तथा रोजगार सम्मेलनको निश्कर्ष ........................................ ७६
अनुसूची ४: कार्यक्रमका केहि तस्विरहरु ........................................ ७९

- **<u>चित्र तथा तालिकाको विवरण</u>**

# १. पृष्ठभूमि

मुलुकमा विद्यमान बेरोजगारी र गरिबीको समस्यालाई सम्बोधन गरी दिगो आर्थिक विकास हासिल गर्न नेपाल सरकारले काम र रोजगारीलाई उच्च प्राथमिकता प्रदान गरेको छ । नेपालको संविधानको धारा ३३ मा उल्लेखित रोजगारीको हकलाई कार्यान्वयन गर्न बनेको *रोजगारीको हक सम्बन्धी ऐन, २०७५* बमोजिम प्रत्येक नागरिकलाई न्युनतम रोजगारीको प्रत्याभूतिका लागि आन्तरिक रोजगारीका अवसर सृजना गर्न नेपाल सरकारले ल्याएको **प्रधानमन्त्री रोजगार कार्यक्रम** २०७५ फागुन १ मा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीबाट समुदघाटन भई कार्यान्वयनमा आएको छ ।

विपन्न तथा विकासोन्मुख राष्ट्रहरुमा झेल्नु पर्ने आर्थिक कठिनाई, गरिबी तथा प्राकृतिक प्रकोपका कारण सिर्जित समस्या र सोबाट जीवनयापनमा आईपर्ने कठिनाइलाई सामान्यीकरण गर्न राज्यले नै नागरिकहरुलाई सामाजिक संरक्षणको रुपमा रोजगारीका कार्यक्रमहरु सञ्चालन गरी सामाजिक र आर्थिक उन्नतिमा सहयोग पुर्याउने गर्दछ। यसरी सञ्चालन हुने रोजगारीका कार्यक्रमहरु अन्तर्गत कामका लागि पारिश्रमिक (Cash for Work) मार्फत नागरिकको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सघाउ पुऱ्याउन पूर्वाधारहरुको विकास गर्ने र व्यावसायिक तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने गरिन्छ ।

नेपालको संविधानले रोजगारीको हकलाई नागरिकको मौलिक अधिकारको रुपमा स्थापित गरेको सन्दर्भमा *रोजगारीको हक सम्बन्धी ऐन, २०७५* बमोजिम एक सय दिनको रोजगारी नपाएका अठार वर्ष देखि उनान्साठी वर्ष उमेर समूहका नागरिकलाई एक सय दिनको रोजगारी प्रदान गर्ने र सो हुन नसकेमा राज्यले निर्वाह भत्ता भत्ता उपलब्ध गराउने उद्देश्यका साथ नेपाल सरकारले तीनै तहको सरकारको सहकार्य तथा समन्वयमा *प्रधानमन्त्री रोजगार कार्यक्रम* कार्यन्वयनमा ल्याएको छ । मूलत: अति विपन्न वर्गलाई न्यूनतम रोजगारीमा आवद्ध गर्नु पर्ने व्यवस्था बमोजिम यस कार्यक्रम सञ्चालन गरिएको हो । अन्यत्र रोजगारी नपाएका बेरोजगारलाई राज्य अन्तिम रोजगारदाता बनी सामाजिक संरक्षण उपलव्ध गराउने प्रक्रिया नेपालकै सन्दर्भमा पनि नौलो होइन । विगतमा पनि ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम (कामका लागि खाद्यान्न वा पारिश्रमिक) र कर्णाली रोजगार कार्यक्रम (कामका लागि पारिश्रमिक) जस्ता कार्यक्रम सञ्चालन गरिएका थिए । राज्यका सक्रिय श्रमशक्तिलाई निर्वाह भत्ता दिनु भन्दा सार्वजनिक निर्माण कार्यमा वा अन्यत्र रोजगारीमा संलग्न गराई ज्याला भुक्तानी गर्ने विधि अन्तर्राष्ट्रिय प्रचलनमा रहेको छ ।

यिनै सन्दर्भमा नेपाल सरकारले आर्थिक वर्ष २०७५/०७६ को बजेट वक्तव्यको बुँदा नं. २२ बाट मुलुक भित्र थप रोजगारी सिर्जना गरी क्रमश: नेपालीलाई वैदेशिक रोजगारीमा जान नपर्ने अवस्था बनाउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा ल्याएको छ । व्यवसायिक कृषि, सिंचाई, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात पूर्वाधार र तिनै तहका सरकारहरुका सार्वजनिक निर्माणका कार्यलाई यस कार्यक्रममा आवद्ध गर्दै सहकार्य, साझेदारी र समन्वय गरी

कार्यक्रम कार्यान्वयन गर्ने नीति लिएको छ । यो प्रधानमन्त्री रोजगार कार्यक्रमले न्यूनतम रोजगारीका क्रियाकलापका अतिरिक्त बेरोजगारलाई आवश्यक पर्ने रोजगारमूलक सेवा, सहायता र सुविधा प्रदान गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने कार्य समेत संचालनमा ल्याइए अनुरुप आर्थिक वर्ष २०७६/०७७ मा भए गरेका कार्यको विवरण समावेश गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.१ प्रतिवेदनको उद्देश्य

*रोजगारीको हक सम्बन्धी ऐन, २०७५* को दफा ३० बमोजिम मन्त्रालयले प्रत्येक आर्थिक वर्षभित्र सम्पन्न गरेका काम कारवाहीको बार्षिक प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नुपर्ने प्रावधान बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रमको यस प्रतिवेदन तयार गरी पेश गरिएको छ ।

न्यून रोजगारी र रोजगारमूलक सेवा तथा सहायता प्रवाह जस्ता मुख्य क्रियाकलाप कार्यान्वयन गर्ने गरी सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमको आर्थिक वर्ष २०७६/०७७ को कार्यान्वयन अवस्था र प्रगति विवरण प्रस्तुत गर्ने यो प्रतिवेदनको मुख्य उद्धेश्य हो । यस कार्यक्रमले समीक्षा आ.व.मा नीतिगत तथा कार्यक्रम व्यवस्थापनमा उल्लेख्य प्रगति हाँसिल गरे तापनि आयोजना सञ्चालनमा क्रममा विभिन्न चुनौतिको सामना गर्नु परेको थियो। प्र.म.रो.का.को लक्ष्य अनुरुप यिनै सवल-दुर्वल पक्ष विश्लेषण गरी चुनौतिगत विषय सहित भावी दिनमा गरिनु पर्ने सुधारमा केन्द्रित हुन समेत यस प्रतिवेदन सहयोगी रहने उद्देश्य रहेको छ । २०७६ बैशाखमा ७५३ वटै स्थानीय तहमा अनुदान रकम निकाशा गरी सञ्चालनमा ल्याइएको प्र.म.रो.का. कार्यान्वयनका उपलब्धि, सिकाई तथा कार्यक्रम प्रतिको दृष्टिकोण र कार्यक्रम सुधारका लागि भएका प्रयासहरु समेत समावेश गरी संस्थागत संस्मरण दस्तावेजको रुपमा तयार गरिएको यो प्रतिवेदन उपयोगी हुने विश्वाश लिइएको छ ।

## १.२ कोभिड-१९ ले रोजगारी र कार्यक्रम कार्यान्वयनमा परेको प्रभाव

मुलुकको आर्थिक तथा सामाजिक विकास मार्फत समृद्धि हाँसिल गर्न आन्तरिक श्रमशक्तिको ठूलो भूमिका रहन्छ । श्रम बजारमा भएका वर्तमान जनशक्तिलाई अधिकतम सदुपयोग गरी बजारको माग अनुरुप परिचालनको रणनीति लिन अत्यावश्यक हुन्छ । मुलुकको औपचारिक तथा अनौपचारिक दुवै क्षेत्रमा बेरोजगार तथा अल्पबेरोजगार श्रमशक्तिको संख्या उल्लेख्य भएको सन्दर्भमा प्रत्येक वर्ष श्रम बजारमा थपिने ५ लाख श्रमशक्तिलाई रोजगारीमा जोडनु पर्ने आवश्यकतालाई ध्यानमा राख्दै थप रोजगारी सिर्जना गर्नु पर्ने चुनौति पनि रहेको छ ।

विश्वब्यापी रुपमा फैलिएको कोभिड-१९ को कारण विश्व अर्थतन्त्रको उत्पादन प्रणाली र आपूर्ति श्रृंखलामा परेको प्रभावसँगै अन्तर्राष्ट्रिय श्रम बजारमा संकुचन आउदा बैदेशिक रोजगारीमा समेत असर परेको छ । वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमशक्तिले सम्भावित रोजगारी गुमाउदा नेपाली श्रम बजारमा थप चाप पर्ने हुन्छ । कोभिड-१९ को कारण २०७६ चैत्र ११ देखि नेपाल सरकारले जारी गरेको बन्दाबन्दी र निषेधाज्ञाको कारण उद्योग व्यवसाय, कल कारखाना, यातायात

क्षेत्र, होटल तथा रेष्टुरेन्ट, पर्यटन, शैक्षिक क्षेत्र आदिमा रहेको रोजगारी कटौति हुँदा नेपाली श्रम बजारमा बेरोजगारको सँख्या बढेको छ । रोजगारीको कटौतिको प्रत्यक्ष प्रभाव न्यून आय भएका श्रमिक वर्ग र गरिबीको रेखा नजिक भएका जनसंख्यामा थप विपन्नता र जीवनयापनमा जोखिमता बढ्दै जाने हुन्छ । विपन्नता र जोखिमताको अवस्थामा राज्यले सामाजिक संरक्षणका क्रियाकलाप सञ्चालन एवम् न्यूनतम रोजगारीको सुनिश्चितता गर्नु पर्दा प्रधानमन्त्री रोजगार कार्यक्रममा रोजगारी सृजना गर्नका लागि संख्यात्मक र वित्तीय चाप बृद्धि हुने देखिन्छ ।

कोभिड-१९ ले विगतका गरिबी न्यूनिकरण तथा सामाजिक संरक्षणका उपलव्धीलाई समेत नकारात्मक असर पार्ने अवस्था सिर्जना भएको छ । कोभिड-१९ नियन्त्रणका लागि सरकारले लगानी गर्नु पर्ने अवस्थाले नियमित आर्थिक र सामाजिक विकासका क्रियाकलापको कार्यान्वयनमा प्रभावित हुने अवस्था छ । यसको प्रभाव उत्पादनशील क्षेत्रमा वित्तीय लगानीको लागि श्रोत जुट्न कठिन हुने तथा कूल ग्राहस्थ उत्पादनमा राजश्व तथा सेवा क्षेत्रको योगदान कम हुने आँकलन गर्न सकिन्छ । औपचारिक तथा अनौपचारिकरुपमा कृषि क्षेत्र पश्चात सवै भन्दा अधिक रोजगारी सृजना गर्ने सेवा क्षेत्रमा देखा परेको नकारात्मक प्रभावका कारण नेपालको रोजगार क्षेत्रको व्यवस्थापन तथा समग्र आर्थिक पुनर्उत्थानका लागि सार्वजनिक क्षेत्रले अतिरिक्त लगानी गर्नुपर्ने अवस्था सृजना भएको छ ।

कोभिड-१९ को प्रत्यक्ष प्रभाव प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनमा समेत परेको छ । आ.व.मा सशर्त अनुदानको हस्तान्तरण ढिला भएको, आयोजना सञ्चालन हुने समयमा नेपाल सरकारले बन्दाबन्दी गरेको तथा बेरोजगार व्यक्तिको सूचिकरण प्रक्रियालाई व्यवस्थित गर्न मिति २०७६/०९/२२ देखि सञ्चालनमा ल्याइएको रोजगार व्यवस्थापन सूचना प्रणाली (Employment Management Information System- EMIS) का लागि इन्टरनेट नभएका स्थानीय तहमा अफलाइन सर्भर आवश्यक पर्ने र सो सर्भर हस्तान्तरण हुन नसकेको अवस्था छ । साथै रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ बमोजिम चैत्र महिनामा बेरोजगार व्यक्तिको आवेदन संकलन गर्ने प्रक्रिया कोभिड-१९ का कारण अवरुद्ध भएको एवम् कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाको कार्यान्वयनमा समेत प्रतिकूल प्रभाव परेको थियो ।

# २. प्रधानमन्त्री रोजगार कार्यक्रमको परिचय

नेपालको संविधानको धारा ३३ (१) मा प्रत्येक नागरिकलाई रोजगारीको हक हुने उल्लेख भएबमोजिम रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेका छन । ऐन र नियमावलीका प्रावधान अनुरुप रोजगारमूलक सेवा र सुविधाको विस्तार गर्न एवम् नागरिकलाई न्यूनतम रोजगारी प्रत्याभूति गर्दै सामाजिक संरक्षण प्रदान गर्ने प्रमुख उद्देश्यका आ.व. २०७५/०७६ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।यसका लागि मूख्यत: प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ र

अन्य कार्यविधिहरु जारी भएका छन् । यसबाट तीनै तहमा कार्यक्रम कार्यान्वयनको लागि संस्थागत प्रवन्ध गरी सबै गाउँपालिका तथा नगरपालिकामा रोजगार सेवा केन्द्र स्थापना भएका छन् ।

मूलत: मुलुकभित्र रोजगारीको पर्याप्त रोजगारीको अवसर सृजना गरी उपलव्ध जनशक्तिको महत्तम उपयोग गर्न आर्थिक विकासमा योगदान पुऱ्याउन एवम् न्यूनतम रोजगारी सुनिश्चित गरी सामाजिक संरक्षणको व्यवस्था गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमले न्यूनतम रोजगारी सुनिश्चित गर्ने र आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने दीर्घकालीन सोचका साथ देहायका दुई मुख्य रणनीतिक क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ ।




(चित्र १: प्र.म.रो.का.को मूख्य रणनीतिक कार्यक्षेत्र)

यस कार्यक्रमको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति निम्नानुसार छन:

- **कार्यक्रमको दीर्घकालीन सोचः** सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच रहेको छ ।
- **कार्यक्रमको लक्ष्यः** आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्द्धन गर्नु यो कार्यक्रमको मुख्य लक्ष्य हो ।

यस कार्यक्रमले बेरोजगारी, सीप तथा उद्यमशीलताको न्यूनता र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालनमा रहेका कार्यक्रम बीच समन्वयको कमीका कारण त्यस्ता कार्यक्रमले अपेक्षित प्रतिफल दिन नसक्दा रोजगारी तथा स्वरोजगारीको अभावमा नागरिकको जीवनस्तरमा सुधार हुन नसक्नुलाई

समस्याको रुपमा पहिचान गरी उत्पादनशील रोजगारीमा बृद्धि तथा न्यूनतम रोजगारीको प्रत्याभूति मार्फत सामाजिक संरक्षणको प्रवर्द्धनको उपलव्धी प्राप्त गर्ने लक्ष्य राखेको छ । यिनै परिवेशमा कार्यक्रमबाट अपेक्षित परिवर्तनको परिकल्पना देहायको चित्र नं. २ मा छः-




**(चित्र २: प्र.म.रो.का.को परिवर्तनको परिकल्पना)**

## २.१ कार्यक्रमको उद्देश्य

प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेका छन्:

(क) बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने ।

(ख) दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारी तथा स्वरोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।

(ग) सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरु बीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सृजना गर्ने ।

(घ) आन्तरिक रोजगारी सृजनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।

(ङ) सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने ।

(च) आन्तरिक रोजगारी सृजना सम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रहरुको पहिचान गर्ने ।

## २.२ कार्यक्रमको रणनीति

न्युनतम रोजगारीको सुनिश्चितता र आन्तरिक रोजगारी प्रवर्द्धनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्न देहायका रणनीतिहरु अवलम्बन गरिएका छन् :-

(क) स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्ने ।

(ख) रोजगारी सृजनाका लागि अन्तर क्षेत्रगत तथा अन्तर तहगत समन्वय गर्ने ।

(ग) सीपमूलक तालिम मार्फत श्रम बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपूर्ति गर्ने ।

(घ) तालिम, रोजगार, सूचना तथा परामर्श र वित्तीय सहयोग मार्फत रोजगार तथा स्वरोजगारका अवसरहरुको सृजना गर्ने ।

(ङ) रोजगारी सृजनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने ।

(च) रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना मार्फत रोजगारी सम्बन्धी क्षेत्रगत तथ्याङ्क नियमित रुपमा अद्यावधिक गरी उपयोग गर्ने ।

## २.३ संरचनागत व्यवस्था

यस कार्यक्रममा केन्द्र देखि स्थानीय तहसम्मका लागि देहाय अनुसारको संरचनागत व्यवस्था गरिएको छः




(चित्र ३: प्र.म.रो.का.को संरचनात्मक व्यवस्था)

## (क) सङ्घीय निर्देशक समिति

*रोजगारीको हक सम्बन्धी ऐन, २०७५* को दफा १७ बमोजिम सङ्घीय निर्देशक समितिको संरचना देहाय बमोजिम छः-

(क) मन्त्री/राज्यमन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (सम्बन्धित विषय हेर्ने) – सदस्य

(ग) सचिव, श्रम रोजगार तथा सामाजिक विकास मन्त्रालय – सदस्य

(घ) सचिव अर्थ मन्त्रालय – सदस्य

(ङ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सम्बन्धित विषय हेर्ने) – सदस्य

(च) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय – सदस्य

(छ) सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय – सदस्य

(ज) सहसचिव, मन्त्रालय (प्रधानमन्त्री रोजगार कायक्रम हेर्ने) - सदस्य-सचिव

*रोजगारीको हक सम्बन्धी ऐन, २०७५* को दफा १९ बमोजिम सङ्घीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः

(क) श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण ।

(ख) बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(ग) बेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्ने सम्बन्धमा प्रदेश सरकार तथा स्थानीय तहलाई मार्गदर्शन गर्ने ।

(घ) बेरोजगार व्यक्तिलाई राज्यको तर्फबाट उपलब्ध गराइने बेरोजगार सहायता सम्बन्धी नीति तथा कार्यक्रम तयार गर्ने ।

(ङ) बेरोजगार व्यक्तिलाई प्रदान गरिने निर्वाह भत्ताको सम्बन्धमा नेपाल सरकारलाई नीतिगत सुझाव दिने ।

(च) रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह बीच समन्वय गर्ने ।

(छ) बेरोजगार सहायता कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गर्ने ।

## (ख) प्रदेश निर्देशक समिति

*रोजगारीको हक सम्बन्धी नियमावली, २०७५* को नियम ११ बमोजिम प्रदेश निर्देशक समितिको संरचना देहायबमोजिम रहेको छः

| | | |
|---|---|---|
| (क) मन्त्री / राज्यमन्त्री, रोजगार विषय हेर्ने मन्त्रालयको | - | अध्यक्ष |
| (ख) सचिव, रोजगार सम्बन्धी विषय हेर्ने मन्त्रालय | - | सदस्य |
| (ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - | सदस्य |
| (घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - | सदस्य |
| (ङ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | - | सदस्य |
| (च) सचिव, रोजगार सम्बन्धी विषय हेर्ने मन्त्रालय | - | सदस्य-सचिव |

*रोजगारीको हक सम्बन्धी नियमावली, २०७५* को नियम १३ बमोजिम प्रदेश निर्देशक समितिको काम, कर्तव्य र अधिकार  देहायबमोजिम रहेको छः

(क) सम्बन्धित प्रदेश भित्रको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने ।

(ख) बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

(ग) सम्बन्धित प्रदेश भित्रको बेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्न लगाउने ।

(घ) बेरोजगार व्यक्तिलाई प्रदान गरिने निर्वाह भत्ताको सम्बनधमा प्रदेश सरकारलाई सुझाव दिने ।

(ङ) सम्बन्धित प्रदेश भित्र सञ्चालित बेरोजगार सहायता कार्यक्रमको कार्यान्वयनको मूल्याङ्कन गर्ने ।

(च) सम्बन्धित प्रदेश भित्रका सरकारी, निजी तथा गैरसरकारी निकायहरुसँग रोजगार सृजनाका लागि आवश्यक समन्वय गर्ने ।

(छ) समितिले दिएको मार्गदर्शन बमोजिम काम गर्ने ।

## (ग) स्थानीय निर्देशक समिति

*रोजगारीको हक सम्बन्धी नियमावली, २०७५* को नियम १४ बमोजिम स्थानीय निर्देशक समितिको संरचना देहायबमोजिम रहेको छः

| | |
|---|---|
| (क) सम्बन्धित गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुख | - अध्यक्ष |
| (ख) सम्बन्धित गाउँ कार्यपालिका उपाध्यक्ष वा नगर कार्यपालिकाको उपप्रमुख | - सदस्य |
| (ग) गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाको प्रमुखले तोकेको वडा अध्यक्ष | - दुई जना सदस्य |
| (घ) सम्बन्धित कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| (ङ) रोजगार संयोजक | - सदस्य-सचिव |

*रोजगारीको हक सम्बन्धी नियमावली, २०७५* को नियम १६ बमोजिम स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः

(क) सम्बन्धित स्थानीय तह भित्रको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने ।

(ख) बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति गाउँ कार्यपालिका वा नगर कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(ग) सम्बन्धित स्थानीय तह भित्रको बेरोजार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्ने ।

(घ) स्थानीय तहभित्र सञ्चालित रोजगार कार्यक्रम तथा बेरोजगार सहायता कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ङ) समितिले दिएको मार्गदर्शन बमोजिम काम गर्ने ।

## २.४ दरबन्दी विवरण

प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि मन्त्रालयमा छुट्टै संरचनात्मक व्यवस्था गरिएको छ । जसका लागि आयोजनाको रुपमा अस्थायी दरबन्दी देहायबमोजिम स्वीकृत भएको छः

| दरवन्दी विवरण | | | | गत आ.व.मा कायम रहेको दरवन्दी | | कैफियत |
|---|---|---|---|---|---|---|
| सि.नं. | पद, नाम | श्रेणी | सेवा/ समूह/ उपसमूह | स्वीकृत संख्या | रिक्त | |
| १. | सहसचिव | रा.प.प्र. | प्रशासन | १ | | स्थायी |
| २. | उपसचिव | रा.प.द्वि | प्रशासन/सा.प्र. | २ | | स्थायी |
| ३. | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन/सा.प्र. | ३ | | स्थायी |
| ४. | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन/लेखा | १ | १ | स्थायी |
| ३. | कम्प्युटर ईन्जिनियर | रा.प.तृ. | नेपाल विविध | १ | १ | स्थायी/करार |
| ४. | तथ्याङ्क अधिकृत | रा.प.तृ. (त.अ) | आ.यो./तथ्यांक सेवा | १ | १ | स्थायी |
| ५. | ना.सु | रा.प.अनं.प्र. | प्रशासन/सा.प्र. | २ | | स्थायी |
| ६. | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र. | विविध | २ | | स्थायी/करार |
| ७. | ह.स.चा. | श्रेणी विहिन | ---------------- | २ | | स्थायी/करार |
| ८. | का.स | श्रेणी विहिन | ---------------- | १ | | स्थायी/करार |
| स्थानीय तहको लागि सिर्जना भएको दरबन्दी विवरण | | | | | | |
| १. | रोजगार संयोजक | रा.प.तृतीय (१०,००० भन्दा बढी जनसङ्ख्या भएका स्थानीय तहमा) | प्रशासन/सा.प्र. | ७०५ | | करार |

| दरवन्दी विवरण | | | | गत आ.व.मा कायम रहेको दरवन्दी | | कैफियत |
|---|---|---|---|---|---|---|
| सि.नं. | पद, नाम | श्रेणी | सेवा/ समूह/ उपसमूह | स्वीकृत संख्या | रिक्त | |
| २. | रोजगार संयोजक | रा.प.अ. प्रथम (१०,००० भन्दा कम जनसङ्ख्या भएका स्थानीय तहमा) | प्रशासन/सा.प्र. | ४८ | | करार |
| | जम्मा | | | ७५३ | | |

(तालिका १: प्र.म.रो.का.को दरवन्दी विवरण)

## २.५ कानूनी व्यवस्था

यो कार्यक्रम सञ्चालनका लागि देहायका कानूनहरुको व्यवस्था गरिएको छः-

१. *रोजगारीको हकसम्बन्धी ऐन, २०७५* (लागू भएको मिति २०७५/६/२)
२. *रोजगारीको हकसम्बन्धी नियमावली, २०७५* (दोस्रो संशोधन, २०७७ सहित) (नेपाल सरकार, मन्त्रिपरिषदबाट २०७७/०३/१५ मा स्वीकृत)
३. *प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५* (प्रथम संशोधन, २०७७ सहित) (नेपाल सरकार, मन्त्रिपरिषदबाट २०७७/०६/२९ मा स्वीकृत)
४. *रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५* (प्रथम संशोधन, २०७६ सहित) (नेपाल सरकार, मन्त्रिपरिषदबाट २०७६/०७/२९ मा स्वीकृत)
५. *बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६* (नेपाल सरकार, माननीय मन्त्रीस्तरबाट २०७६/०८/१८ मा स्वीकृत)
६. *युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन कार्यविधि), २०७६* (नेपाल सरकार, माननीय मन्त्रीस्तरबाट २०७६/१२/३० मा स्वीकृत)
७. *कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन कार्यविधि), २०७७* (नेपाल सरकार, माननीय मन्त्रीस्तरबाट २०७६/०७/२१ मा स्वीकृत)

## २.७ कार्यक्रमका सेवाग्राही र लक्षित समूह

प्र.म.रो.का.को मुख्य दुई प्रकारका रणनीतिक क्रियाकलापमा सेवाग्राहीको पहुँच सुनिश्चित गर्ने सोच राखिएको छ। जस अनुरुप न्यूनतम रोजगारीका लागि देहायको लक्षित वर्ग रहेका छन् :-

(क) १८ देखि ५९ वर्ष उमेर समूहका विपन्न बेरोजगार व्यक्त ।
(ख) निर्वाह भत्ताको सन्दर्भमा विपन्न बेरोजगार व्यक्ति तथा निजको परिवार ।

साथै, आन्तरिक रोजगारीका लागि रोजगार सेवा केन्द्रबाट रोजगारमूलक सेवा तथा सहायता प्रदान गर्न देहायको लक्षित वर्ग / सेवाग्राही रहेका छन् :-

(ग) श्रमयोग्य जनशक्ति ।

## २.८ बजेट प्रक्षेपण र अपेक्षित उपलब्धी

प्रधानमन्त्री रोजगार कार्यक्रमको दीर्घकालिन सोचका आधारमा बार्षिक क्रियाकलाप सहित ५ वर्षको *कार्यक्रम दस्तावेज* रहेको छ । तदनुरुप आवश्यक बजेट तथा श्रोत व्यवस्थापन बार्षिक विनियोजनबाट हुँदै आएको छ । पाँच वर्ष (आ.व. २०७५/०७६—२०७९/०८०) को लागि यस कार्यक्रमको अनुमानित बजेट रु.२६,६२,०३,७७,०८६/- (अक्षरुपी छब्बिस अर्व बैसठ्ठी करोड तीन लाख सतहत्तर हजार छयासी मात्र) प्रक्षेपण गरिएको छ ।

यस कार्यक्रमलाई नतिजामुखी बनाउन अपेक्षित नतिजाको खाका तयार गरीएको छ । नतिजाको खाका अनुसूची १ मा रहेको छ । कार्यक्रमबाट देहायका नतिजा प्राप्त हुने अपेक्षा लिइएको छ:

(क) **न्युनतम रोजगारीको सुनिश्चितता मार्फत सामाजिक संरक्षणः** लक्षित समूहलाई एक सय दिनको न्यूनतम रोजगारी सुनिश्चित भएको हुनेछ । न्युनतम रोजगारी उपलब्ध नभएका घरपरिवारका एक सदस्यलाई निर्वाह भत्ताको व्यवस्था भएको हुनेछ । यस कार्यबाट सामाजिक संरक्षणको प्रवर्द्धनमा मद्दत पुग्नेछ ।

(ख) **उत्पादनशील रोजगारीका अवसर वृद्धिः** यो कार्यक्रमको कार्यान्वयनबाट आन्तरिक रोजगारी र स्वरोजगारीका अवसरमा वृद्धि हुनेछ । कार्यक्रमबाट श्रमयोग्य जनशक्ति र आर्थिक रुपमा सकृय उमेर समूहका नागरिकहरुको स्थायी, मौसमी तथा अल्पकालिन रोजगारी र स्वरोजगारीका लागि आवश्यक पर्ने सीप तथा क्षमता अभिवृद्धिद्वारा रोजगार तथा स्वरोजगार बन्न प्रोत्साहन र सहयोग सेवा उपलब्ध हुनेछ । यसबाट उत्पादनशील रोजगारीका अवसरहरुको सृजना भई विद्यमान बेरोजगारी कम गर्न मद्दत पुग्नेछ ।

## २.९ पन्ध्रौ योजना र दीगो विकास लक्ष

(क) पन्ध्रौ योजना (२०७६/७७ -२०८०/८१) मा उल्लेख भए अनुरुप नै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका कार्यक्रमहरु केन्द्रित गरिएका छन् । पन्ध्रौ योजनाका श्रम तथा रोजगार सम्बन्धी सोच, लक्ष्य, उद्देश्य, नीति, रणनीति र कार्यक्रमका विवरणहरु निम्नानुसार रहेका छन्:

**१. सोच**

- ✓ सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलब्धता ।

**२. लक्ष्य**

- ✓ उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेखनीय रूपमा कमी ल्याउने ।

**३. उद्देश्य**

- ✓ देशभित्र उत्पादनशील र मर्यादित रोजगारीका अवसर विस्तार गर्नु ।
- ✓ असल औधोगिक श्रम सम्बन्ध विकास गर्नु ।
- ✓ बालश्रम लगायत सबै प्रकारका श्रम शोषण अन्त्य गर्नु ।
- ✓ वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नु ।

**४. रणनीति तथा कार्यनीति**

| सि.नं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | स्थानीय तहदेखि रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारको प्रत्याभूति गर्ने | ✓ न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका विशेष कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।<br>✓ रोजगार र उद्यमशीलता प्रवर्द्धन गर्न शैक्षिक प्रमाणपत्र धितो राखी न्यून ब्याजदरमा ऋण प्रवाहको व्यवस्थालाई विस्तार गरिनेछ ।<br>✓ रोजगार सूचना केन्द्र स्थापना गरी निजी क्षेत्रमा सिर्जना हुने रोजगारीलाई उपलब्ध श्रम शक्तिको मागसँग आबद्ध गरिनेछ ।<br>✓ *'श्रमको सम्मान, हाम्रो अभियान'* मार्फत श्रम प्रतिको सकारात्मक धारणा विकास गरिनेछ र श्रम संपरीक्षणको माध्यमबाट श्रमिक हक-हितको प्रत्याभूति गर्नुका साथै कार्यथलोमा हुने सबै प्रकारका विभेदलाई अन्त्य गर्दै 'समान कामका लागि समान पारिश्रमिक' को प्रतिबद्धता लागू गरिनेछ ।<br>✓ सम्पूर्ण श्रमिकहरूलाई पञ्जीकृत गरी सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ ।<br>✓ मर्यादित श्रमको मान्यता अनुरूप सबै प्रकारको श्रमको शोषण अन्त्य गरिनेछ । हरेक श्रमलाई मर्यादित बनाइनेछ । साथै, बाँधा तथा बलपूर्बक लगाइने श्रमलाई निर्मूल पारिनेछ ।<br>✓ जीवन धान्न पुग्ने तहमा न्यूनतम पारिश्रमिक तोकी आवश्यकता अनुसार समयानुकूल वृद्धि गर्दै लगिनेछ ।<br>✓ सरकारी निकायले गर्ने विकास खर्चलाई रोजगारी सिर्जनासँग आबद्ध गरिनेछ । |

| सि.नं. | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ✓ अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई क्रमशः औपचारिक क्षेत्रमा रूपान्तरण गरिनेछ । |
| २ | विद्यमान श्रम तथा रोजगार सम्बन्धीश्रम तथा रोजगार सम्बन्धी कानूनहरूको प्रभावकारी कार्यान्वयन र सामाजिक संवादको माध्यमबाट असल औद्योगिक श्रम सम्बन्धको विकास गर्ने । | ✓ वैदेशिक रोजगार कल्याणकारी कोषलाई थप प्रभावकारी बनाउन कामदारको बर्गीकरण अनुसार योगदान गर्ने व्यवस्था गरिनेछ ।<br>✓ असल श्रम सम्बन्ध विकास गर्न र श्रम विवाद समाधन गर्न सरकार, रोजगारदाता र ट्रेड युनियनबीच नियमित संवाद र समन्वयको प्रणाली स्थापना गरिनेछ ।<br>✓ सरकार र नीजि क्षेत्रको सहकार्यमा श्रम विनिमय केन्द्रको स्थापना गरी सञ्चालन र नियमन गरिनेछ ।<br>✓ प्रतिष्ठानहरूमा श्रमिकको व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्डको प्रभावकारी अनुगमन तथा नियमन गरी कार्यान्वयन गराइनेछ ।<br>✓ श्रम कानूनको प्रभावकारी कार्यान्वयन गर्दै अनौपचारिक श्रमलाई औपचारिकीकरण गर्ने प्रकृया आरम्भ गरिनेछ ।<br>✓ बालश्रमको अन्त्य गर्ने सम्बन्धी विद्यमान गुरूयोजनाको प्रभावकारी कार्यान्वयन गर्दै बालश्रम अन्त्य गरिनेछ ।<br>✓ श्रमिक हक-हित र सुविधासँग सम्बन्धित विषयहरूमा निर्णय गर्दा श्रमिकहरूको अनिवार्य प्रतिनिधित्वको व्यवस्था गरिनेछ । |
| ३ | राष्ट्रिय आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा, तालिम र सीप विकासद्वारा श्रमिकको दक्षता अभिवृद्धि गर्ने | ✓ सरकारलाई रोजगारका सूचना प्रबाह गर्नका लागि उत्प्रेरित गर्ने र यसका लागि क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>✓ रोजगारका विषयमा स्वदेश तथा विदेशमा भएका असल अभ्यासहरूबाट लाभ ज्ञान आदान-प्रदान केन्द्र स्थापना गरिनेछ ।<br>✓ न्यूनतम ज्यालाको कार्यान्वयन तथा प्रतिष्ठान तथा संघ-संस्थामा कार्यरत श्रमिकको ज्याला, तलब भत्ता तथा अन्य सुविधा बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था गरिनेछ ।<br>✓ प्रभावकारी रोजगार व्यवस्थापनका लागि विभिन्न तहका सरकारबीच समन्वय र सहकार्य गरिनेछ ।<br>✓ सामाजिक ऐक्यवद्धता, योगदान र सामाजिक साझेदारीमा आधारित सर्वकालिक सुरक्षाको बृहत कार्यक्रम सञ्चालन गरिनेछ । |

| सि.नं. | रणनीति | कार्यनीति |
|---|---|---|
| ४ | वैदेशिक रोजगारका चरणलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम प्रतिफलदायक बनाउने । | ✓ प्रमुख गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता गर्नुका साथै विदेशमा रहेका नेपाली श्रमिकहरूको हक-हितको संरक्षण र सामाजिक सुरक्षाका लागि श्रम कूटनीति अवलम्बन गरिनेछ ।<br>✓ गन्तव्य मुलुकमा कामदारको हक-हितको संरक्षण र प्रवर्द्धन र उद्धारको लागि त्यँहा रहेका सेवा प्रदायक, गैरआवसीय तथा प्रवासी नेपाली संघ-संगठन र प्रतिष्ठित रोजगारदाता कम्पनीसँग प्रभावकारी समन्वय कायम गरिनेछ ।<br>✓ सबै सरोकारवालाहरूको प्रतिनिधित्व रहने गरी वैदेशिक रोजगार परिषद्को स्थापना गरिनेछ ।<br>✓ देशलाई आवश्यक पर्ने जनशक्तिको पहिचान र व्यवस्थापन गर्दै जगेडा श्रमिकलाई गन्तव्य मुलुकसँग श्रम सम्झौता गरी वैदेशिक रोजगारमा पठाउने व्यवस्था गरिनेछ ।<br>✓ भारतमा रोजगारीका लागि जाने कामदारले स्थानीय तहमा दर्ता हुने परिचय-पत्र जारी गर्ने र बिमा/कल्याणकारी कोषमा आबद्ध गराउन कानूनी व्यवस्था कार्यान्वयन गरिनेछ ।<br>✓ वैदेशिक रोजगारको लागि जानेहरूको पूर्व अभिलेख राखी त्यसलाई सुरक्षित व्यवस्थित एवम् मर्यादित गरिनेछ । साथै, सबै खाले विकृतिहरूको कडाईका साथ नियन्त्रण गरिनेछ । |
| ५ | रोजगारी सिर्जना गर्न एवम् विभिन्न निकायसँग समन्वय तथा रोजगारी सन्बन्धी कार्यको नियमन गर्न अधिकार सम्पन्न उच्चस्तरीय 'राष्ट्रिय रोजगार प्राधिकरण' गठन गर्ने । | ✓ जनशक्ति र रोजगारी सम्बन्धी केन्द्रीय तथ्याङ्क प्रणाली निर्माण गरी आर्थिक रूपले सक्रिय जनसङ्ख्याको विवरण अद्यावधिक गरिनेछ ।<br>✓ बजारमा आवश्यक रहेको जनशक्ति पूर्ति हुने रोजगारको खोजीमा रहेको र प्राधिकरणमा नाम दर्ता गर्ने व्यक्तिहरूलाई सीप सिकाउन राष्ट्रिय प्राविधिक प्रशिक्षण प्रतिष्ठानसँग समन्वय गरिनेछ ।<br>✓ युवा स्वरोजगार कोष, गरिबी निवारण कोष लगायतको कोष, बोर्ड र आयोगहरूलाई प्राधिकरणमा समाहित गरिनेछ ।<br>✓ राष्ट्रिय मानव संशाधन तथा जनशक्ति योजना तर्जुमा गरी तालिम र क्षमता विकासका माध्यमबाट सीपमूलक तथा प्राविधिक जनशक्ति विकास गरिनेछ । |

### ख. दिगो विकास लक्ष्य (Sustainable Development Goals – SDGs) मा रोजगारी

सन् २०१६ देखि २०३० सम्म विश्वको रुपान्तरण र विकासका हरेक आयाममा कसैलाई पनि पछाडि नछोड्ने प्रतिवद्दताका साथ सन् २०१५ मा संयुक्त राष्ट्रसंघको महासभाले दिगो विकास लक्ष्य घोषणा गरेको थियो र नेपालले समेत उक्त लक्ष्य अनुरुप कार्य गरिरहेको छ । उक्त घोषणा बमोजिम दिगो विकासका १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र २३२ वटा विश्वव्यापी सूचक निर्धारण गरिएका छन् । जस अन्तर्गत रोजगारसँग सम्बन्धित निम्नानुसार लक्ष्यमा प्र.म.रो.का.बाट योगदान पुर्याइएको छ:

- लक्ष्य नं. ८ : स्थिर, समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रबर्द्धन गर्ने ।
- लक्ष्य नं. १० : देशभित्र तथा देशहरुवीचको असमानता हटाउने

# ३. कार्यक्रमको बजेट तथा प्रगति समीक्षा

आर्थिक वर्ष २०७६/०७७ मा प्र.म.रो.का. को बजेट विनियोजन, सशर्त अनुदान, कार्यक्रमको प्रगतिको समीक्षात्मक विवरण यस खण्डमा उल्लेख गरिएको छ ।

## ३.१ बजेटको विनियोजन

आर्थिक वर्ष २०७६/०७७ मा यस कार्यक्रमको लागि कूल रु. ५ अर्ब १ करोड विनियोजन भएको थियो । विनियोजित रकम मध्ये नेपाल सरकारको श्रोत रु. २ अर्व ३९ करोड र वैदेशिक ऋण सहायताबाट रु. २ अर्व ६२ करोड रहेको थियो । कार्यक्रममा वैदेशिक सहायताको रकम निकासा नभएकोले नेपाल सरकारको श्रोतबाट मात्रै कार्यक्रमको सञ्चालन भएको थियो ।




चित्र ४ : कूल बजेटको श्रोतगत विवरण

नेपाल सरकारको बजेटबाट कूल रु. २ अर्व २० करोड ३२ लाख कामका लागि पारिश्रमिकमा आधारित आयोजना कार्यान्वयनको लागि विनियोजन भएको र सो रकममा श्रमको सम्मान क्रियाकलापको रु. १० करोडलाई कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यान्वयन गर्न रकमान्तर गरी कूल रु. २ अर्व ३० करोड ३२ लाख स्थानीय तहमा अनुदान हस्तान्तरण गरिएको थियो ।

## ३.२ स्थानीय तहलाई बजेट हस्तान्तरणका आधार र आयोजनाको माग

प्र.म.रो.का.बाट स्थानीय तहका कार्यक्रम कार्यान्वयन गर्न पहिलो आ.व. २०७५/०७६ मा कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालनका लागि सशर्त अनुदानको रकम विनियोजन गर्न देहायबमोजिमको आधारहरु लिइएको थियो :-

(क) गरिव घरधूरी संख्याको आधारमा ६० प्रतिशत,

(ख) जनसंख्याको आधारमा २० प्रतिशत, र

(ग) दुर्गमताको आधारमा २० प्रतिशत ।

गत आर्थिक वर्ष २०७५/०७६ को अनुदान रकमबाट आयोजनाको प्रकृति तथा आयोजना सञ्चालन गर्ने आधारहरु स्पष्ट हुन नसकेको र आर्थिक वर्षको अन्त्यमा अनुदान हस्तान्तरण हुँदा बजेटको कार्यान्वयन प्रभावकारी र अपेक्षाकृत हुन नसकेकोले प्र.म.रो.का.को लागि आ.व. २०७६/०७७ मा नयाँ कार्यविधि जारी गरी बजेट विनियोजनको आधार देहाय बमोजिम कायम गरिएको गरिएको थियो :-

(क) स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिको संख्या

(ख) कार्यविधिले तोकेको मापदण्डका आधारमा स्थानीय तहबाट प्रस्तावित आयोजनाको विवरण ।

बजेट विनियोजनको लागि स्थानीय तहमा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने वेरोजगार व्यक्तिको संख्या तथा EMIS मा बेरोजगार व्यक्तिको सम्पूर्ण विवरण प्रविष्ट गरेका स्थानीय तहलाई प्रोत्साहन दिने गरी बजेट विनियोजन गरिएको थियो ।

## ३.३ स्थानीय तहबाट आयोजना प्रस्ताव

*कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधी, २०७६* बमोजिम मन्त्रालयले मिति २०७६/०७/१४ मा सूचना प्रकाशन गरी अनलाईन माध्यमबाट आयोजना प्रस्ताव गर्ने व्यवस्था मिलाएको थियो । यस अन्तरगत स्थानीय तहलाई आयोजना प्रस्ताव गर्न आवश्यक अनलाईन फारामको निर्माण एवम् सो फाराम भर्ने तरिकाका सम्बन्धमा तालिमको व्यवस्था समेत गरिएको थियो ।

दुई चरण गरी कूल ७२१ स्थानीय तहबाट आयोजना प्रस्ताव भएकोमा बेरोजगार व्यक्ति सूचिकरण भएका ७०१ स्थानीय तहबाट मापदण्ड पुरा गरी आयोजना प्रस्ताव गरिए बमोजिम बेरोजगार व्यक्तिको संख्याको आधारमा अनुदान रकम उपलव्ध गराइएको थियो । कार्यविधि बमोजिम कूल ७०१ स्थानीय तहका करिब ३२ हजार आयोजना प्रस्ताव गरिएकोमा मन्त्रालयबाट मापदण्ड पुरा भएका देहाय बमोजिम आयोजनाको प्राथमिकिकरण गरिएको थियो:-

| प्रदेश | चरण | आयोजना प्रस्ताव गर्ने स्थानीय तहको संख्या | मापदण्ड पुगेका आयोजनाको संख्या | आयोजनाका लागि माग गरिएको रकम रु. | हस्तान्तरण भएको रकम रु. |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | प्रथम | ९२ | २,६९९ | २,९९,३५,३९,०८६ | १८,६६,४७,००० |
| | दोश्रो | २८ | ४३९ | ४०,८३,३८,२८४ | ६,६५,०४,००० |
| | कूल | १२० | ३,१३८ | ३,४०,१८,७७,३७० | २५,३१,५१,००० |
| प्रदेश नं. २ | प्रथम | १०९ | ३,१५१ | २,९३,०५,४५,९९१ | ३८,०२,०४,००० |
| | दोश्रो | १२ | २१६ | १९,१८,०५,३९० | ४,९०,३१,००० |
| | कूल | १२१ | ३,३६७ | ३,१२,२३,५१,३८१ | ४२,९२,३५,००० |
| बागमती प्रदेश | प्रथम | १०२ | २,३९७ | २,२९,७५,९०,६६६ | २७,३६,११,००० |
| | दोश्रो | ९ | १२७ | १७,५७,३९,२६४ | ३,३३,१०,००० |
| | कूल | १११ | २,५२४ | २,४७,३३,२९,९३० | ३०,६९,२१,००० |
| गण्डकी प्रदेश | प्रथम | ७० | १,९५७ | १९,१२,११,५९,३७४ | १४,१९,३३,००० |
| | दोश्रो | ९ | ७८ | ६,९१,३१,४०० | १,१९,९५,००० |
| | कूल | ७९ | २,०३५ | १९,१९,०२,९०,७७४ | १५,३९,२८,००० |
| लुम्बिनी प्रदेश | प्रथम | ९२ | ३,०२१ | ३,०१,९०,०८,०३२ | २९,६६,४३,००० |
| | दोश्रो | १४ | २६८ | २९,४६,६२,५९५ | ६,१५,२४,००० |
| | कूल | १०६ | ३,२८९ | ३,३१,३६,७०,६२७ | ३५,८१,६७,००० |
| कर्णाली प्रदेश | प्रथम | ७४ | २,७३३ | ३,५५,०६,९५,८३६ | ३६,८७,८४,००० |
| | दोश्रो | ३ | १३७ | १४,७९,७९,०७८ | ३,६४,६०,००० |
| | कूल | ७७ | २,८७० | ३,६९,८६,७४,९१४ | ४०,५२,४४,००० |
| सूदुरपश्चिम प्रदेश | प्रथम | ८४ | ४,१३१ | ४,०५,७६,३७,२७५ | ३५,२१,७८,००० |
| | दोश्रो | २ | ६३ | ५,५४,५७,२७८ | ४,४३,७६,००० |
| | कूल | ८६ | ४,१९४ | ४,११,३०,९४,५५३ | ३९,६५,५४,००० |
| राष्ट्रिय | प्रथम | ७२३ | २०,०८९ | ३७,९७,०१,७६,२६० | २,००,००,००,००० |
| | दोश्रो | ७८ | १,३२८ | १,३४,३१,१३,२८९ | ३०,३२,००,००० |
| | कूल | ७०१ | २१,४१७ | ३९,३१,३२,८९,५४९ | २,३०,३२,००,००० |

**(तालिका २: दुई चरण अनुदानको प्रदेशगत विवरण)**

कूल ३९ अर्ब ३१ करोड माग भएकोमा कार्यक्रमबाट सशर्त अनुदानको लागि विनियोजन योग्य रकम २ अर्ब ३० करोड ३२ लाख रहेको थियो । गाँउपालिका तथा नगरपालिकागत विनियोजित बजेट तथा रोजगारीको विवरणहरु ***अनुसूची-२*** मा संलग्न गरिएको छ ।

## ३.४ कामका लागि पारिश्रमिकमा आधारित आयोजनामा सशर्त अनुदान हस्तान्तरण

स्थानीय तहबाट मापदण्ड पुरा गरी प्रस्ताव गरेका आयोजनाको संख्या तथा EMIS सोको विवरण देहायको चित्र नं. ५ मा प्रस्तुत छ । विवरण प्रविष्टि गरेको आधारमा दुई चरणमा सशर्त अनुदानको रकम हस्तान्तरण गरिएको थियो ।




(चित्र नं. ५: संशोधित बजेट)

स्थानीय तहमा हस्तान्तरण गरिएको कूल अनुदान रकम रु. २ अर्ब ३० करोड ३२ लाख मध्ये रु. २ अर्ब मिति २०७६/११/०१ मा र रु. ३० करोड ३२ लाख मिति २०७७/०१/१७ मा हस्तान्तरण गरिएको थियो । कार्यक्रमले प्रथम र दोश्रो चरण गरी हस्तान्तरण गरेको रकममा सबैभन्दा अधिक प्रदेश नं. २ मा रु. ४२ करोड ९२ लाख ३५ हजार र सबैभन्दा कम गण्डकी प्रदेशमा रु. १५ करोड ३९ लाख २८ हजार थियो । सोको प्रदेशगत विवरण देहायको चित्रमा प्रस्तुत छः




(चित्र नं. ६:सशर्त अनुदानको प्रदेशगत विवरण)

## ३.५ वार्षिक लक्ष्य र प्रगति अवस्था

कार्यक्रमको आ.व. २०७६/७७ को वार्षिक लक्ष्य (annual milestone) अनुसार प्रगतिको अवस्था निम्नानुसार रहेको छ :-

| वार्षिक लक्ष्य | प्रगति |
|---|---|
| सूचीकृत बेरोजगारका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन | • • कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी साठी हजार बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी दिनको लागि रु. पाँच अर्ब एक करोड रकम बिनियोजन भएको । बिनियोजित रकम मध्ये वैदेशिक श्रोत (IDA) को रु. २ अर्ब ६२ करोड रकम बिनियोजन भएकोमा उक्त श्रोतको रकम निकासा हुन नसकेको कारण नेपाल सरकारको श्रोतको रकम रु. २ अर्ब ३० करोड ३२ लाख रकम ७०१ स्थानीय तहमा सशर्त अनुदानको रुपमा पठाइएको । उक्त रकमबाट १०५,६३४ जनालाई ४,३०२ आयोजनामा औषत १६ दिनको रोजगारी उपलब्ध गराईएको । |
| रोजगार संयोजकका लागि रोजगार व्यवस्थापन सूचना प्रणाली लगायतका तालिम सञ्चालन | • सबै स्थानीय तहका रोजगार संयोजकलाई प्रदेशतहमा रोजगार व्यवस्थापन प्रणाली सम्बन्धी तालिम सञ्चालन गरिएको ।<br>• ५५० जना तालिममा सहभागी भएका । |
| आन्तरिक रोजगारी सृजना सम्बन्धी अध्ययन, अनुसन्धान | • सङ्घीय तहमा आन्तरिक रोजगारी सृजना सम्बन्धी नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँग सहकार्य गरी अध्ययन प्रतिवेदन तयार भएको । प्रतिवेदनले नौ वटा नीतिमा रोजगारी सृजना सम्बन्धी बिधमान व्यवस्था, रोजगारीको संम्भावना तथा भावी दिनको लागि सुझाव समावेश भएको । साथै राष्ट्रिय रोजगार नीति परिमार्जनका लागि सुझाव प्राप्त ।<br>• प्रदेश तहमा रोजगारी सृजना सम्बन्धी त्रिभुवन विश्व विद्यालय मार्फत गरिएको अध्ययन प्रतिवेदन प्राप्त भएको । प्रतिवेदनले प्रदेशमा रहेको श्रम शक्तिको विश्लेषण गरी रोजगारी सृजना सम्बन्धी बिधमान व्यवस्था, कार्यक्रमहरु, रोजगारीको संम्भावना तथा भावी दिनको लागि सुझाव समावेश भएको । |
| राष्ट्रिय रोजगार प्राधिकरण गठन सम्बन्धी अध्ययन र राष्ट्रिय रोजगार प्राधिकरण सम्बन्धी कानून तर्जुमा | • पन्ध्रौं योजनाले परिकल्पना गरे बमोजिम राष्ट्रिय रोजगार प्राधिकरण गठन सम्बन्धी प्रारम्भिक अध्ययन प्रतिवेदन प्राप्त भएको । अध्ययनबाट आवश्यकता विश्लेक्षण गरी राष्ट्रिय रोजगार प्राधिकरण गठन सम्बन्धी ऐनको प्रारम्भिक मस्यौदा तयार भएको। मस्यौदा उपर सरकारवालासँग छलफल गरी अन्तिम रुप दिन बाँकी । |
| प्र.म.रो.का.को सङ्घीय तहमा समीक्षा (गोष्ठी तथा कार्यशाला) | • आ.व. २०७५/७६ को प्रधानमन्त्री रोजगार कार्यक्रमको छुट्टै वार्षिक समीक्षा नभई मन्त्रालयको वार्षिक समिक्षामा प्रधानमन्त्री रोजगार कार्यक्रमको पनि समीक्षा भएको । साथै |

| वार्षिक लक्ष्य | प्रगति |
|---|---|
| | प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रगति पुस्तक प्रकाशन भएको । |
| प्रदेश स्तरमा रोजगार संवाद मञ्च समेतको कार्यशाला सञ्चालन | • कोभिड-१९का कारण हुन नसकेको । |
| सङ्घीय तहमा आन्तरिक रोजगारी प्रवर्द्धन सम्बन्धी अन्तर्क्रिया तथा छलफल | • सरोकारवाला निकायसंग आन्तरिक रोजगारी प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया-छलफल भएको । नियमित सम्वाद मार्फत असल श्रम सम्बन्ध विकास गर्ने थालनी गरिएको । |
| प्र.म.रो.का.को प्रदेशस्तरमा समीक्षा | • कोभिड-१९ का कारण हुन नसकेको । |
| श्रमिकको बीमा | • कामका लागि पारिश्रमिकमा आधारित आयोजनामा १०० दिन काममा खटिँदा श्रमिकको कार्यस्थल दुर्घटनाको सामुहिक बीमा गर्न सरकारी स्वामित्व प्राप्त राष्ट्रिय बीमा कम्पनीसँग वार्ता गरी बीमा-लेख तयार पारी संझौता भएको तर सञ्चालनमा ढिलाई भएको कारण बजेट खर्च हुन नसकेको । |
| मन्त्रालयका कर्मचारीका लागि क्षमता विकास तालिम | • कोभिड-१९का कारण हुन नसकेको । |

**(तालिका ३: वार्षिक कार्यक्रम तथा प्रगति)**

## ३.६ कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन

यस कार्यक्रमबाट न्युनतम रोजगारीका लागि दीगो र उत्पादनशील लगानी कायम गर्दै कामका लागि पारिश्रमिक (Cash for Work) को सिद्धान्तमा आधारित सार्वजनिक निर्माण कार्यक्रम (Public Works Programme) मार्फत स्थानीय स्तरमा भौतिक तथा सामाजिक पूर्वाधार विकासमा योगदान पुऱ्याउन आयोजना सञ्चालन गरिएको छ, जसको विवरण देहायबमोजिम रहेको छ :-

### (क) आयोजना सञ्चालन गर्ने स्थानीय तहको विवरण

आ.व. २०७६/७७ का लागि कामका लागि पारिश्रमिकमा आधारित आयोजना कार्यान्वयन गर्न कूल ७०१ स्थानीय तहमा अनुदान रकम उपलव्ध गराइए तापनि ४९५ स्थानीय तहबाट मात्रै आयोजना कार्यान्वयन भएको थियो । महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारणले समेत आयोजना सञ्चालन हुन नसकेको स्थानीय तहको संख्या २०६ रहेको छ । जसको सख्यात्मक विवरण देहायको चित्र नं. ७ मा प्रस्तुत छः




(चित्र नं. ७: आयोजना कार्यान्वयन भएको स्थानीय तहको संख्या)

### (ख) रोजगारी प्रदान गरिएको बेरोजगार व्यक्तिको संख्या

आर्थिक वर्ष २०७६/७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रमले ६० हजार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलव्ध गराउने लक्ष्य राखेकोमा विनियोजित बजेटको तुलनामा ५२.२९% न्यून निकासा भएका कारणले लक्ष्य प्राप्ति र उद्देश्य अनुरुपका क्रियाकलाप सञ्चालनमा समेत चुनौति उत्पन्न भएको थियो । साथै, कोभिड-१९ को प्रभाव जारी रहदै गर्दा समेत कार्यक्रमले आर्थिक वर्षको अन्तसम्ममा स्थानीय सरकारले कूल १ लाख ५ हजार ६३४ जनालाई रोजगारीमा संलग्न गराएको थियो । सो मध्ये सबैभन्दा अधिक लुम्बिनी प्रदेशमा र सवै भन्दा कम प्रदेश नं. २ मा रहेका थिए । जसको संख्यात्मक विवरण देहायको चित्र नं. ८ मा प्रस्तुत छः




(चित्र नं. ८: रोजगारीमा संलग्न व्यक्तिको संख्या)

आर्थिक वर्ष २०७५/०७६ को तुलनामा आ.व. २०७६/०७६ कूल रोजगारी दिन संख्या ५ लाख ७० हजार पाँचसय तेइस घटेको तर लुम्विनी प्रदेश वाहेक अन्य प्रदेशमा औषत रोजगारी दिनमा ३.०८ ले वृद्धि भई राष्ट्रिय औषत १५.९१ भएको छ । विगत दुई आ.व. मा स्थानीय सरकारबाट तुलनात्मक रोजगारी प्रदान भएको औषत दिनको विवरण देहायको तालिका ४ मा प्रस्तुत छ ।

| विवरण | कूल रोजगारी दिन संख्या | | औषत दिन (आ.व.) | |
|---|---|---|---|---|
| | आ.व. ०७५/७६ | आ.व. २०७६/७७ | २०७५/७६ | २०७६/७७ |
| प्रदेश नं. १ | २,५८,७९५ | २,३४,५१३ | १४.८३ | १५.७७ |
| प्रदेश नं. २ | ३,१२,६७५ | १,४८,०९७ | ११.३९ | १६.१५ |
| बागमती प्रदेश | २,२६,०३६ | १,९६,०१९ | १२.८३ | १३.७३ |
| गण्डकी प्रदेश | २,०३,११३ | १,२४,२३८ | ११.६१ | १२.६९ |
| लुम्विनी प्रदेश | ४,९२,६३० | २,९६,१५६ | १५.४१ | १४.६० |
| कर्णाली प्रदेश | २,८३,७५५ | २,९६,६४८ | १०.९७ | १८.९४ |
| सुदूरपश्चिम प्रदेश | ४,३३,३०६ | ३,४३,७२९ | १२.५८ | १८.१० |
| कूल | २,२१०,३१० | १,६३९,४०० | १२.८३ (१३ दिन) | १५.९७ (१६ दिन) |

**(तालिका ४: प्रदेशगत रोजगारीको दिन संख्या तथा औसत रोजगारीको विवरण)**

### (ग) आयोजनाको संख्या तथा प्रकृति

आर्थिक वर्ष २०७६/७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रस्तावित २१ हजार ४ सय १७ मध्येबाट कूल ४३०२ आयोजनाहरु कार्यान्वयनमा आएको थियो । जुन स्थानीय तहमा बढी आयोजनाहरु संचालनमा रहेका थिए सोही स्थानमा अधिक मात्रामा रोजगारी श्रृजना भएको देखिएको छ जसले लक्षित वर्गलाई रोजगारी प्रदानमा प्रभावकारिता समेत देखिएको छ । प्रदेशगत आयोजनाको संख्यात्मक विवरण देहायको चित्र नं. ९ मा प्रस्तुत छः




**चित्र न ९: आयोजनाको प्रदेशगत संख्यात्मक विवरण**

कार्यान्वयन भएका आयोजना मध्ये सडक यातायातको क्षेत्रमा ४८.०७% %, साना सामुदायिक पूर्वाधारका विभिन्न आयोजनामा १८.८१% र उर्जा, सिँचाई तथा नदी नियन्त्रणमा ११.२५% कार्यान्वयन भएका थिए । यस प्रकृतिका आयोजनामा रोजगारी सृजना गर्न सहज हुने विषयलाई ध्यानमा राखिएको र सामाजिक दुरी कायम गर्न सहज हुने स्थानीय तहको अनुभव देखिएको छ । कोभिडकै समयमा मुलुकमा स्वास्थ्य, सूचना प्रविधि लगायतका क्षेत्रले प्राथमिकता पाए तापनि उक्त क्षेत्रमा कार्यान्वयन भएका आयोजना १% भन्दा न्यून रहेका थिए । आयोजना क्षेत्रगत संख्यात्मक विवरण चित्र नं. १० मा प्रस्तुत छ । गाउँपालिका तथा नगरपालिकागत संचालित आयोजनाको संख्यात्मक विवरणहरु *अनुसूची-२* मा प्रस्तुत गरिएको छ ।




(चित्र नं. १०: आ.व. २०७६/०७७ मा सञ्चालित आयोजना संख्या र प्रकृति)

## ३.७ आर्थिक विवरण

आ.व. २०७६/०७७ मा सञ्चालित मुख्य क्रियालापगत खर्चको विवरण निम्नानुसार रहेको छ :-

### (क) स्थानीय तहमा भएको खर्चको विवरण

आ.व. २०७६/७७ मा कूल ७०१ स्थानीय तहलाई सशर्त अनुदान हस्तान्तरण गरिएकोमा महालेखा नियन्त्रक कार्यालयको SuTRA/TSA प्रणाली र EMIS बाट प्राप्त वित्तीय प्रगति विवरण अनुसार रु. १ अर्व ७६ करोड ३ लाख ४४ हजार ७२ खर्च भई ६५.४९% वित्तीय प्रगति देखिएको छ ।

| विनियोजित रकम (रु.) | खर्च | प्रगति |
|---|---|---|
| २,७०,१५,६२,०००/- | १,७६,०३,४४,०७२/- | ६५.४९% |

(तालिका ५: आ.व. २०७६/०७७ मा स्थानीय तहको वित्तीय प्रगति)

स्थानीय तहमा भएका वित्तीय र भौतिक प्रगतिलाई EMIS मार्फत पनि प्रतिवेदन गर्न सबै स्थानीय तहलाई अनुरोध गरिएकोमा ५३४ स्थानीय तहबाट मात्रै EMIS मा आर्थिक विवरण प्रविष्टि भएको छ । यसका अतिरिक्त कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गर्ने ४९५ मध्ये ४६४ स्थानीय तहबाट मात्रै EMIS मा विवरण प्राप्त भएको छ । यद्यपि स्थानीय तहले कुन शिर्षकमा कति खर्च गरेको र नेपाल सरकारको सञ्चित खातामा कति रकम फिर्ता गरेको विवरण प्राप्त गर्ने प्रणालीको विकास नभएकोले आगामी आर्थिक वर्ष २०७७/७८ मा आर्थिक विवरण लिने पद्दतिलाई थप व्यवस्थित गर्नुपर्ने भएको छ । यसका लागि सुत्र (SuTRA) प्रणाली तथा सिगास (CGAS) बाट खर्चको विवरण लिने र सोही अनुसार कार्यक्रमको आर्थिक विवरण प्रविष्ट गर्नेलाई प्रोत्साहन गर्नुपर्ने हुन्छ । स्थानीय तहबाट भएको कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक पूर्वाधार निर्माण आयोजनामा भएको खर्च र अन्य खर्चका विवरणहरु रोजगार व्यवस्थापन सूचना प्रणालीमा समेत प्रविष्टि गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

**(ख) सङ्घीय तहमा भएको खर्चको विवरण**

सङ्घीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रमको मुख्य क्रियाकलाप र सो को खर्च विवरण देहायबमोजिम छ :-

*(रु.हजारमा)*

| क्र.सं. | कार्यक्रम | बिनियोजन | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आन्तरिक रोजगारी सृजना सम्बन्धी अध्ययन, अनुसन्धान र छलफल | ५०,०० | २३,५० | ४७% |
| २ | आन्तरिक रोजगारी सृजना सम्बन्धी प्रदेश तहमा अध्ययन | ७०,०० | ३९,५८ | ५७% |
| ३ | राष्ट्रिय रोजगार प्राधिकरण गठन सम्बन्धी अध्ययन र राष्ट्रिय रोजगार प्राधिकरण सम्बन्धी कानून तर्जुमा | ४,९२ | १,४७ | ३०% |
| ४ | रोजगार संयोजकका लागि EMIS लगायतका तालिम | ३,००,०० | ५०,४८ | १७% |
| ५ | प्र.म.रो.का.को सङ्घीय तहमा समिक्षा (गोष्ठी तथा कार्यशाला) | १०,०० | - | - |
| ६ | प्रदेश स्तरमा रोजगार संवाद मञ्च समेतको कार्यशाला | ७०,०० | - | - |
| ७ | सङ्घीय तहमा आन्तरिक रोजगारी प्रवर्द्धन सम्बन्धी अन्तर्क्रिया तथा छलफल | १५,०० | - | - |
| ८ | प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रदेशस्तरमा समीक्षा | ३५,०० | - | - |
| ९ | श्रमिकको बिमा | २,०२,०० | - | - |
| १० | मन्त्रालयका कर्मचारीका लागि क्षमता विकास तालिम | १०,०० | - | - |
| ११ | अन्य कार्यक्रम खर्च | १०,१०८ | | |
| | कुल जम्मा रु. | ८,६७,९२ | १,१५,०३ | १३.२५% |

**(तालिका ६: सङ्घीय तहको वित्तीय प्रगति)**

### (ग) कूल खर्च विवरण

आ.व. २०७६/०७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रममा भएको जम्मा विनियोजन र खर्चको विवरण देहायबमोजिम रहेको छ :-

| विवरण | विनियोजित रकम (रु.) | खर्च | प्रगति | कैफियत |
|---|---|---|---|---|
| स्थानीय तहमा हस्तान्तरित सशर्त अनुदान | २,७०,१५,६२,००० | १,७६,९३,४४,०७३ | ६५.५०% | रोजगार सेवा केन्द्र सञ्चालन खर्चमा सिधै रु. ३९,८३,६२,००० वित्तीय हस्तान्तरण भएको । |
| मन्त्रालयबाट संचालित कार्यक्रम | ८,६७,९२,००० | १,१५,०३,००० | १३.२५% | |
| कूल | २,७८,८८,५४,००० | १,७८,०८,४७,०७३ | ६३.८५% | |

(तालिका ७: आ.व. २०७६/७७ मा प्र.म.रो.का.को कूल वित्तीय प्रगति)

## ३.८ रोजगार सेवा केन्द्रबाट सेवा प्रवाह

सबै प्रकारका रोजगारमूलक सेवाहरु एकद्धार प्रणालीको रुपमा उपलब्ध गराउने उद्देश्य समेत लिई ७५३ गाउँपालिका तथा नगरपालिकामा रोजगार सेवा केन्द्र स्थापना भएका छन् । उक्त केन्द्रबाट देहायका सेवा र सहायता प्रदान गर्ने सोच रहे बमोजिम क्रमशः देहायका सेवा प्रवाह संस्थागत हुँदै गएको छः-

- रोजगार सूचना संकलन तथा सम्प्रेषण,
- बेरोगारको पहिचान तथा सूचीकरण
- रोजगारदाता (सरकारी, निजी, सहकारी, संस्था) सँग समन्वय तथा सहकार्य,
- रोजगारीमा प्राथमिकता अनुसार श्रमिकको परिचालन,
- रोजगारीमा लगाउने (Job Placement) मा सहजिकरण,
- सीप तथा तालिमको आवश्यक्ता पहिचान, र
- स्वरोजगारका लागि सहजिकरण ।
- वित्तीय पहुँचमा सहजिकरण, र
- निर्वाह भत्ता व्यवस्थापन ।

रोजगारीको खोजीमा रहेका जनशक्ति; दक्ष/अर्धदक्ष/अदक्ष श्रमिकको खोजीमा रहेका रोजगारदाता र श्रम बजारमा उपलब्ध अवसरको सूचना आदान प्रदान गरी रोजगारी प्रत्याभूतिमा सहजिकरण, सहकार्य र समन्वय कायम गर्न जनताको नजिकैको सरकारको रुपमा गाउँपालिका तथा नगरपालिकाले रोजगार सेवा केन्द्रको प्रभावकारी परिचालन गर्ने व्यवस्था मिलाइएको छ ।

रोजगारीको हक सम्बन्धी ऐनको व्यवस्थाबमोजिम स्थापित रोजगार सेवा केन्द्रमा EMIS सञ्चालन हुने व्यवस्था मिलाइएको छ। रोजगार सेवा केन्द्र र निजी क्षेत्रसंगको सहकार्य अभिवृद्धि हुने गरी EMIS को विस्तार गर्ने सोच कार्यक्रमले राखेको छ । तीनै तहका सरकारको रोजगार सेवा विनिमय केन्द्र (Employment Exchange Service Centre) को रुपमा रोजगार सेवा केन्द्रको स्तरोन्नती गर्ने कार्य क्रमश: कार्यान्वयन गरिदै लगिएको छ ।

आर्थिक वर्ष २०७६/०७७ मा रोजगार सेवा केन्द्रले सिमित रुपमा रोजगारमूलक सेवाको प्रवाह गरे तापनि यस कार्यक्रम मातहत कार्यान्वयन हुने *युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना* समेतको सेवालाई एकिकृत रुपमा सञ्चालन गरी देहायका सेवाहरु क्रमश: उपलव्ध गराउने कार्यनीति समेत रहेको छ :

**रोजगार सेवा केन्द्रको काम, कर्तव्य र अधिकार**

(रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ६ बमोजिम):-

(क) स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गर्ने,

(ख) सूचीकृत बेरोजगार व्यक्तिलाई परिचयपत्र वितरण गर्ने,

(ग) स्थानीय तह भित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गर्ने,

(घ) स्थानीय तह भित्रको रोजगारीको सम्भाव्य स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क सङ्कलन गर्ने, रोजगार नक्साङ्कन गर्ने तथा रोजगारीका अवसरको अभिलेखाङ्कन गर्ने,

(ङ) रोजगारदाताका लागि श्रमिकको उपलब्धताको सम्भाव्यता जानकारी गराउने,

(च) रोजगारदाताबाट माग भए बमोजिम सूचीकृत बेरोजगार व्यक्तिलाई रोजगारीका लागि काममा जान सूचित गर्ने,

(छ) बेरोजगारहरुको ज्ञान, सीप, योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने,

(ज) आफ्ना कामकारबाहीको बारेमा नियमित रुपमा सम्बन्धित गाउँ कार्यपालिका तथा नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने,

(झ) ऐन तथा यस नियमावली बमोजिम आफूले गरेका कामकारबाहीको सम्बन्धमा मन्त्रालयले तोकेको ढाँचामा मन्त्रालय र प्रदेशको रोजगारी सम्बन्धी विषय हेर्ने मन्त्रालयमा मासिक रुपमा प्रतिवेदन पठाउने,

(ञ) आफ्नो कार्यक्षेत्रभित्रबाट वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि सूचना सम्प्रेषण गर्ने,

(ट) वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने,

(ठ) बेरोजगार परिवारलाई प्रदान गर्ने निर्वाह भत्ता वितरण गर्ने,

(ठ) सम्बन्धित स्थानीय तहमा रोजगारी तथा स्वरोजगारी सम्बन्धी कार्य गर्ने अन्य सरकारी निकाय वा त्यस्ता निकायद्धारा सञ्चालित कार्यक्रमसँग समन्वय र सहकार्य गर्ने,

(ड) रोजगार सम्बन्धी सरोकारवालालाई अन्य सेवा प्रदान गर्ने ।

- कार्यस्थल स्वास्थ्य एवं सुरक्षासम्बन्धी तालिम,
- श्रमिकको लागि जीवन उपयोगी तालिम,
- रोजगारी र स्वरोजगारी सम्बन्धी तालिममा सहजिकरण र
- निजीक्षेत्र र रोजगारदातासँग समन्वय गरी कार्यस्थलमा आधारित तालिम (Apprenticeship Training) ।

आगामी आर्थिक वर्षमा स्थानीय तहमा सीप तथा क्षमता विकासको मागको अध्ययन र रोजगारीको माग तथा आपूर्तिको अन्तरविश्लेषण गरी तदनुरुपको क्षमता विकासका क्रियाकलापको सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । कार्यक्रम मार्फत सञ्चालन हुने तथा अन्य निकायले सञ्चालन गर्ने तालिम कार्यक्रमको संयोजन तथा सहकार्य गर्ने जिम्मेवारी समेत स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई तोकिएको छ ।

## ३.९ विगत दुई वर्षको तुलनात्मक विवरण

विगत दुई वर्षमा भएका मूख्य कार्यहरुको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ :-

### (क) सशर्त अनुदानको विवरण

प्रथम वर्षको तुलनामा दोश्रो वर्षमा कूल बजेटको आकारमा करिब ६२ प्रतिशतले वृद्धि भए वैदशिक सहायताको रकम प्राप्त नहुँदा दोश्रो वर्षमा कामका लागि पारिश्रमिक शीर्षकमा रु. ६ करोड ४७ लाख ६९ हजार न्यून भएको थियो । प्रथम वर्षको तुलनामा प्रदेश नं. १, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्विनी प्रदेश न्यून बजेट विनियोजन भएको थियो भने प्रदेश नं. २, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा अघिल्लो वर्षको तुलनामा अधिक बजेट विनियोजन भएको थियो । वार्षिक प्रदेशगत अनुदानको तुलनात्मक चित्र नं. ११ मा उल्लेख छ ।




(चित्र नं. ११: सशर्त अनुदानको तुलनात्मक विवरण -रकम रु. हजारमा)

### (ख) आयोजना कार्यान्वयन भएका स्थानीय तहको संख्या

विगत दुई वर्ष देखि कार्यक्रम व्यवस्थापन गर्न स्थानीय सरकारलाई अनुदान, क्षमता विकास, समन्वय र सहजिकरण भई रहेको छ । यद्यपि केहि स्थानीय सरकारमा संस्थागत क्षमताको कमि, रोजगार संयोजकको रिक्तता तथा अन्य विविध कारणले आयोजना कार्यान्वयन, रोजगार सेवा केन्द्रको सञ्चालन र EMIS को उपयोग गर्न नसकेको अवस्था देखिएको छ । यसका अतिरिक्त कोभिड-१९ को प्रभावले आयोजना कार्यान्वयनमा प्रत्यक्ष प्रभाव पारेको देहायको तालिका नं. ८ बाट समेत देखिन्छ ।

| प्रदेश | स्थानीय तहको संख्या | आयोजना कार्यान्वयन गर्ने स्थानीय तहको संख्या | | कैफियत |
|---|---|---|---|---|
| | | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | |
| प्रदेश नं. १ | १३७ | ९८ | १०१ | EMIS, ईमेल र प्राप्त प्रगति विवरणका आधारमा अद्यावधिक गरिएको । |
| प्रदेश नं. २ | १३६ | ९७ | ७६ | |
| बागमती प्रदेश | ११९ | ८९ | ८२ | |
| गण्डकी प्रदेश | ८५ | ७४ | ६९ | |
| लुम्बिनी प्रदेश | १०९ | ९३ | ८४ | |
| कर्णाली प्रदेश | ७९ | ५५ | ६० | |
| सुदूरपश्चिम प्रदेश | ८८ | ७८ | ६९ | |
| कूल | ७५३ | ५८४ | ५४१ | |

(तालिका ८: आयोजना कार्यान्वयन गर्ने स्थानीय तहको संख्या)

कार्यक्रम सञ्चालनको प्रथम वर्षमा सबै स्थानीय तहमा अनुदान रकम पठाइएकोमा ५८४ वटा स्थानीय तहबाट मात्रै आयोजना कार्यान्वयन भएकोमा आ.व. २०७६/७७ मा कूल ७०१ स्थानीय तहमा अनुदान रकम पठाइएकोमा जम्मा ४९५ स्थानीय तहले मात्रै आयोजना कार्यान्वयन गरेको जानकारी प्राप्त भएको छ । आयोजना कार्यान्वयनको सन्दर्भमा प्रथम वर्षमा ७७.५% र दोश्रो वर्षमा ७०.६१% स्थानीय तह क्रियाशिल भएको देहायको चित्र नं. १२ मा प्रस्तुत छ :-




(चित्र नं. १२: आयोजना कार्यान्वयन भएका स्थानीय तहको विवरण)

### (ग) न्यूनतम रोजगारी प्रदान गरिएको विपन्न बेरोजगारको संख्या

१७ लाख १ हजार ५ सय ५१ ले आवेदन दिएका मध्ये प्रथम वर्षमा न्यूनतम रोजगारीमा १,७२,२७० जनालाई औसत १३ दिनको रोजगार उपलव्ध गराइएकोमा आ.व. २०७६/०७७ मा ३७०७३४ जना बेरोजगार सूचिकृत रहेकोमा कूल १,०५,३६५ जनालाई औसत १६ दिनको रोजगारी उपलव्ध गराईएको विवरण देहायको चार्ट नं. १० उल्लेख छ । रोजगारी उपलव्ध गराउने क्रममा औसत रोजगारी दिनमा बृद्धि भए तापनि एक सय दिनको रोजगारी सृजना गर्ने लक्ष्य प्राप्तिका लागि कार्यक्रम कार्यान्वयनकर्ताले ध्यान दिनु पर्ने देखिएको छ ।




**न्यूनतम रोजगारी प्राप्त गरेका विपन्न बेरोजगारको संख्या**

**(चित्र नं. १२: न्यूनतम रोजगारीमा संलग्न बेरोजगार व्यक्तिको संख्या)**

### (घ) आयोजनाको संख्यात्मक विवरण

कार्यक्रम सञ्चालनको प्रथम वर्षमा जम्मा ६,९०४ आयोजना सञ्चालन भएकोमा आ.व. २०७६/०७७ मा जम्मा ४,३०२ आयोजना कार्यान्वयमा आएका थिए । प्रथम वर्षमा आयोजना सञ्चालन भएका स्थानीय तहमा औसत १२ वटा आयोजना कार्यान्वयन भएकोमा गत आ.व. मा सो संख्या घटेर ११ भएको देहायको चित्र नं. १३ बाट देखिएको छ । गत आ.व.मा अनुदान रकममा सामान्य कमि भएको तथा कोभिड-१९ को प्रभावले गर्दा आयोजनाको संख्या घटेको अवस्था देखिएको छ ।




(चित्र नं. १३: आयोजनाको संख्यात्मक विवरण)

# ४. कार्यक्रमबाट प्राप्त उपलब्धीहरु

आ.व. २०७५/०७६ को तेस्रो चौमासिकबाट शुरु गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनका क्रममा आ.व. २०७६/०७७ को अवधिमा कार्यक्रमले हासिल गरेका उपलब्धीहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छः-

## ४.१ नीतिगत अध्ययन

नेपाल सरकारले आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम मार्फत आगामी पाँच बर्षभित्रमा बाध्यात्मक बैदेशिक रोजगारीलाई अन्त्य गर्ने घोषणा गरेको प्रतिवद्धताबमोजिम सरकारले विगत दुई वर्षमा अवलम्बन गरेका नीति तथा कार्यक्रम आन्तरिक रोजगारी प्रबर्द्धन गर्ने तर्फ केन्द्रीत रहेका छन् । आन्तरिक रोजगारसम्बन्धी गुणात्मक तथा संख्यात्मक विवरण एकिकृत स्वरुपमा व्यवस्थापन गर्ने र तदनुरुप सेवा प्रवाहमा आवद्ध गर्न विभिन्न अध्ययन र अनुसन्धनात्मक कार्य मन्त्रालयले अगाडि बढाएको छ ।

आन्तरिक रोजगारी सृजना हुने प्रमुख क्षेत्रका नीतिगत पक्षमा अध्ययन विश्लेषण गरी विकास प्रक्रियामा मूल प्रवाहिकरण गर्ने प्रयोजनको लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँग सम्झौता गरी नीतिगत अध्ययन गराएको थियो । उक्त अध्ययनबाट सङ्घीयस्तरमा रोजगारी सृजना गर्ने नौ वटा नीतिको अध्ययन गरी प्रतिवेदन प्राप्त भएको छ । प्रतिवेदनले रोजगारी सृजनाको सम्बन्धमा

वर्तमानमा भएको व्यवस्था,  रोजगारीको विषयलाई आन्तरिकिकरण गर्न चाल्नु पर्ने कदमको विषयमा समेत मार्गदर्शन गरेको छ । यसैगरी मन्त्रालयले प्रदेश तहमा रोजगारी सृजना गर्ने सम्बन्धमा त्रिभुवन विश्वविद्यालयसँग सम्झौता गरी अध्ययन गराएको थियो । उक्त अध्ययन प्रतिवेदनले प्रदेश स्तरमा रोजगारी अवस्थाको तुलनात्मक विवरण र रोजगारी प्रवर्द्धन गर्न आगामी मार्गचित्र सम्बन्धमा सुझाव प्राप्त भएको छ ।

आ.व. २०७६/७७ मा श्रम र रोजगारका विषयमा निर्देशन, समन्वय र सहजिकरण गर्न पन्ध्रौं योजनाले परिकल्पना गरे अनुसार रोजगार प्राधिकरण गठनको लागि कानूनको प्रारम्भिक मस्यौदा तयार भएको छ । भावी दिनमा आन्तरिक रोजगारीको राष्ट्रिय स्वरुप, संरचना र सेवा प्रवाहको संस्थागत प्रणाली कुन रुपमा विकास गर्ने भन्ने सुस्पष्ट अवधारणा सहित रोजगार प्राधिकरणको औचित्य र बहु निकाय आवद्ध हुने विषयमा नीतिगत स्पष्टता कायम गर्दै मन्त्रालयगत स्वामित्व समेत पुष्टि हुने गरी थप गृहकार्यको आवश्यक्ता देखिएको छ ।

## ४.२ आन्तरिक रोजगारीको लागि नीतिगत छलफल तथा पृष्ठपोषण

मन्त्रालयले आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने सन्दर्भमा २०७६/०३/१५ र १६ मा राष्ट्रिय श्रम तथा रोजगार सम्मेलनको आयोजना गरेको थियो । सम्माननीय प्रधानमन्त्रीज्यूबाट शुभारम्भ गरिएको सम्मेलनमा श्रमिक युनियन, रोजगारदाता, सरकारका सम्बद्ध निकाय तथा विषय विज्ञको उपस्थिति रहेको थियो । सम्मेलनमा आन्तरिक रोजगारीको वर्तमान अवस्था, कार्यान्वयनका चुनौती र सम्भावनाका विषयमा सघन छलफल भएको थियो । सम्मेलनबाट आन्तरिक रोजगारीलाई प्रबर्द्धन गर्नुपर्ने कानूनी, संरचनागत र कार्यक्रमगत विषयमा पृष्ठपोषण प्राप्त भएको थियो । सम्मेलनको निश्कर्ष अनुसूची-३ मा संलग्न छ ।

## ४.३ श्रमिकको कार्यस्थल दुर्घटना बीमा

प्रधानमन्त्री रोजगार कार्यक्रम रोजगारीको माध्यमबाट श्रमिकलाई सामाजिक संरक्षण प्रदान गर्ने कार्यक्रम रहेकोले रोजगार व्यवस्थापन सूचना प्रणालीमा सुचिकृत बेरोजगार ब्यक्तिलाई रोजगारीमा खटाउनु पूर्व श्रमिकको कार्यस्थल दूर्घटना बीमा गर्ने परिपाटिलाई संस्थागत गरिएको छ ।

## ४.४ रोजगार व्यवस्थापन सूचना प्रणालीको स्तरोन्नती

मिति २०७६/०९/२२ देखि सञ्चालनमा आएको रोजगार व्यवस्थापन सूचना प्रणाली (Employment Management Information System) सञ्चालन तथा कार्यान्वयनको क्रममा पहिचान भएका सुधार गर्नुपर्ने विषयहरुलाई सुधार गर्दै लगिएको छ । विगतमा न्युनतम रोजगारीमा आवद्ध

हुन चाहने बेरोजगार व्यक्तिको विवरण, कामका लागि पारिश्रमिकमा आधारित आयोजनाको विवरण लगायतका विषयहरु मात्र समावेश भएकोमा रोजगारमूलक सेवा र सुविधा प्रदान गर्ने विषयहरु समेत समावेश गरी स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिदै राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली स्थापित गर्ने प्रकृया अगाडि बढाइएको छ ।

## ४.५ युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना सञ्चालन

आयोजनाले विशेष गरी बेरोजगार युवा र महिला लक्षित रोजगारी, जीवन उपयोगी तालिम र श्रम बजारमा महिला श्रमशक्तिको पहुँच बृद्धि गर्न रोजगारीका लागि तयारी क्लव (Ready to Work Club) गठन गर्ने लगायतका क्रियाकलाप सञ्चालन गर्नेछ ।, थप जनशक्तिको व्यवस्था तथा रोजगारमूलक सेवा र सुविधाको सुदृढिकरण लगायतका कार्यमा सहयोग गर्नेछ ।

सुचिकृत विपन्न बेरोजगार व्यक्तिलाई लक्षित गरी थप रोजगारी तथा रोजगारमूलक सेवा प्रदान तथा आन्तरिक रोजगारीलाई प्रबर्द्धन गर्न नेपाल सरकार (अर्थ मन्त्रालय) र विश्व बैंक बीच नोभेम्बर २०१९ मा हस्ताक्षर भई विश्व बैंकको ऋण सहयोगमा आर्थिक रुपमा बिपन्न बेरोजगार युवालाई रोजगारीको अवसर सिर्जना, सीप तथा क्षमता अभिबृद्धी र रोजगारमूलक सेवा, सुविधा तथा सहायताको विस्तार मार्फत श्रम बजारको परिणाममा सुधार ल्याउने लक्ष्यका साथ "युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (Youth Employment Transformation Initiative Project) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालनमा ल्याइएको छ ।पाँच बर्षसम्म(सन् १२ सेप्टेम्बर २०१९ देखि ३० जुन २०२४ सम्म ) सञ्चालन हुने यस आयोजनाको कुल रकम १२० मिलियन अमेरिकी डलर (करिब रु. १४ अर्ब रूपैया बराबर) रहेको छ । साथै यसबाट स्थानीय तहमा सञ्चालनमा रहेका रोजगार सेवा केन्द्रको क्षमता अभिवृद्धिका क्रियाकलाप समेत हुनेछ । यस आयोजनाको मिति २०७७/४/५ मा संयुक्त रुपमा शुभारम्भ भएको हो र यस आयोजनामा निम्नानुसारका मुख्य तीनवटा कम्पोनेन्टहरू रहेका छन्:-

कम्पोनेन्ट १ - रोजगार प्रवर्द्धन प्रणाली र सेवाको सुदृढीकरण

कम्पोनेन्ट २-जोखिमपूर्ण अवस्थामा रहेका समूहका लागि श्रम बजारको उपलव्धिमा सुधार अभिबृद्धि

कम्पोनेन्ट ३ - आयोजना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र क्षमता विकास।

न्यूनतम रोजगारी तथा आन्तरिक रोजगारी प्रवर्द्धन सम्बन्धी देहायका कार्यमा आयोजनाका क्रियाकलाप केन्द्रित रहेका छन्:

- रोजगारका अवसरको सिर्जना, सीप तथा क्षमता अभिबृद्धि र रोजगार सेवाको विस्तार मार्फत युवाको लागि श्रम बजारको परिणाममा सुधार ल्याउने ।
- रोजगारमूलक सेवा र सुविधा सम्बन्धी प्रणालीको विकास तथा विस्तार गरी लक्षित वर्गको पहुँच अभिबृद्धि गर्ने
- १० दिन सम्मको जीवन उपयोगी सीप विकास र ४० दिनसम्मको कार्यस्थलमा आधारित सीप विकास तथा क्षमता अभिवृद्धिका क्रियाकलापलाई ५९,५०० जना बेरोजारलाई लक्षित गरी सञ्चालन गरिनेछ।
- तोकिएका १५० वटा स्थानीय तहमा महिला लक्षित रोजगारीका लागि तयारी क्लवको सञ्चालन गरिने छ ।
- कूल युवा १८ देखि ४० वर्षका लाभग्राही संख्या ६०% रहने ।
- National Employment Management Information System विकास र सञ्चालन
- रोजगार सेवा केन्द्रमा थप २ जना कर्मचारी सबै स्थानीय तहमा र करिब १५० स्थानीय तहमा रोजगारीको लागि सहजकर्ताको बजेट ।

यसका लागि देहायका मुख्य दस्तावेजहरु स्वीकृत भएका छन्:

- Financing Agreement
- Financing Agreement Amendment
- Project Appraisal Document
- Procurement Plan
- Project Operation Manual
- Environmental and Social Management Framework
- Disbursement and Financial Information Letter

## ४.६ श्रमिक सूचना बैङ्क स्थापनाको अध्ययन सम्पन्न

देशमा मौजुदा श्रमशक्तिको सम्पूर्ण विवरण (योग्यता, ज्ञान, सीप, दक्षता, अनुभव, रुची आदि) रोजगारदाताका सम्पूर्ण विवरण, सीप तथा तालिम प्रदायक संस्थाहरुको विवरण तथा रोजगारीका अवसरहरुको सम्पूर्ण विवरण रहने गरी श्रमिक सूचना बैक सञ्चालनमा ल्याउने तयारी भएको छ । यसको लागि वेव साइट दर्ता भई (www.lib.gov.np) सञ्चालनको तयारीमा रहेको छ । श्रमिक सूचना बैक सञ्चालनमा आएपछि Skill Gap Analysis र Job Matching को कार्यमा सहयोग पुग्नेछ । यसको लागि अवधारणा तयार भई प्राविधिक पक्षको तयारी भईरहेको छ ।

## ४.७ अन्य उपलब्धि

यस कार्यक्रमले आन्तरिक रोजगारी प्रबर्द्धनको लागि सरोकारवालासँग पटक पटक छलफल अन्तरक्रिया गरी आन्तरिक रोजगारी र स्वरोजगारीलाई राष्ट्रिय महत्वको रुपमा स्थापित गरेको छ । आ.व.

२०७७/०७८ मा सबै तहका सरकारको प्रमुख महत्वको विषयको रुपमा आन्तरिक रोजगारी परेको छ । प्रदेश सरकार र स्थानीय सरकारले समेत यस कार्यक्रमलाई अनुसरण गरी मुख्यमन्त्री रोजगार कार्यक्रम, मेयर रोजगार कार्यक्रम, अध्यक्ष रोजगार कार्यक्रम आदि नामका रोजगारमूलक कार्यक्रमहरु सञ्चालनमा आएका छन् । कोभिड-१९ पछि राहत वितरण गर्न समेत यसै कार्यक्रमबाट स्थापित रोजगार सेवा केन्द्रले समन्वय र सहजिकरण गरेका थिए ।

यस कार्यक्रमबाट श्रमिकको ज्याला भुक्तानी गर्दा अनिवार्य रुपमा बैंक खातामा भुक्तानी गर्नु पर्ने व्यवस्थाले बिपन्न बर्गको पारिवारिक तहमा समेत वित्तीय साक्षरता अभिवृद्धि भएको छ। यसले सरकारको हरेक नागरिकको बैंक खाता खोल्ने नीतिमा समेत सहयोगी भूमिका निर्वाह भएको छ । नगद रहित भुक्तानी (Cashless Payment) विधिले पारदर्शिता बढाएको छ भने वित्तीय अनुशासन कायम गर्न सहयोग मिलेको छ ।तर, बैंकिङ्ग पहुँच नपुगेका केही स्थानीय तहमा नगदै भुक्तानी गर्ने कानूनी प्रावधान बमोजिम नै भुक्तानी भइरहेको अवस्था छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नवौं संशोधन (मिति २०७६/०९/१४) बाट सार्वजनिक निर्माण गर्ने निर्माण व्यवसायीले रोजगार सेवा केन्द्रबाट श्रमिक लिन सक्ने व्यवस्था थप भएको छ । यस व्यवस्थाले *रोजगार सेवा केन्द्र*मा आवद्ध भएका बेरोजगार व्यक्तिले रोजगारी पाउने सम्भावना विस्तार भएको छ ।

# ५. रोजगार सृजनाका माध्यम र कार्यक्रमबाट भएको सिकाइ

नेपालको संविधानले मौलिक हकको रुपमा स्थापित गरेको रोजगारीको हकलाई कार्यान्वयन गर्नु तीनै तहका सरकारहरुको सामुहिक जिम्मेवारी हो । विभिन्न रोजगार कार्क्रमहरु मध्ये विपन्न वेरोजगार लक्षित न्यूनतम रोजगारमूलक कार्यक्रमको रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा छ।न्यून रोजगारीलाई सम्वोधन गर्न अपनाइने माध्यमहरु, प्र.म.रो.का.को शुरुका वर्षका आएका आलोचनाका स्वरहरु र कार्यक्रमको यथार्थ पक्षलाई यस खण्डमा संक्षिप्त रुपमा प्रकाश पारिएको छ । साथै यस खण्डमा राष्ट्रिय स्वरुपमा कार्यान्वयनमा आएको प्र.म.रो.का. बाट भएका मूख्य सिकाइहरु प्रस्तुत गरिएको छ ।

## ५.१ रोजगारी सृजनाका माध्यमहरु

सामान्यतया बेरोजगारी तथा न्यून रोजगारीलाई समाधान गर्न सिद्धान्तत: सार्वजनिक क्षेत्रबाट निम्न बमोजिमको क्रियाकलापहरु सञ्चालन हुने गर्दछ :-

- पूँजिगत लगानी बृद्धी गरी दीगो रोजगारी सृजना गर्ने कार्य,
- दीर्घकालीन रुपमा पूर्ण तथा न्यून रोजगारीको समस्यालाई समाधान गर्न आन्तरिक र वैदेशिक रोजगारीको प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने,

- श्रम बजारमा रहेका अवसर उपयोग गर्न नीति तथा कार्यक्रमले सम्वोधन गर्ने,
- द्वन्द्व, प्राकृतिक विपत्ती लगायतका संकटासन्न अवस्थामा काममा लागि पारिश्रमिकमा आधारित रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने,
- विपन्नता तथा जोखिमपूर्ण जीवनयापन गरेका नागरिकलाई गरिबी न्यूनिकरणका लागि सामाजिक संरक्षण सहितको विभिन्न क्रियाकलाप सञ्चालन गर्ने ।

प्रधानमन्त्री रोजगार कार्यक्रम *रोजगारीको हकसम्बन्धी ऐन, २०७५* को व्यवस्थालाई कार्यान्वयन गर्न न्यूनतम रोजगार प्रदान गर्ने एवम् आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्ने कार्यदिश अनुसार सञ्चालनमा रहेको छ । एक आर्थिक वर्षमा न्युनतम एक सय दिन रोजगारमा संलग्न नभएको वा कम्तिमा तोकिएबमोजिमको आयआर्जन हुने स्वरोजगारमा संलग्न नभएको १८ वर्ष देखि ५९ वर्ष उमेर समूहको नागरिकलाई बेरोजगार व्यक्तिको परिभाषाले समेटेको छ । सो अनुसार सूचिकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी उपलव्ध नभएमा नियमानुसार निजको परिवारलाई निर्वाह भत्ता प्रदान गर्नुपर्ने हुन्छ ।

रोजगारमूलक तथा सीपमूलक तालिम, सहुलियतपूर्ण कर्जा तथा स्वरोजगार सम्बद्ध अवसर सम्बन्धी सूचना र सेवा रोजगार सेवा केन्द्रबाट एकद्धार प्रणालीको रुपमा प्रदान गर्न नसकिएको कारणले रोजगारीको खोजीमा रहेका नागरिकको कार्यक्रम प्रतिको धारणालाई सुधार गर्न नसकिएको अवस्था छ ।

सिद्धान्ततः दिगो रोजगारी भित्र तीन पक्षहरु रहन्छन् । पहिलो नियमित रोजगारीका माध्यमबाट जीवनपायनमा सहजता कायम भएको अवस्था, दोस्रो परिवारको आधारभूत आवश्यकताहरुको परिपूर्ति भएको अवस्था र तेस्रो श्रम बजारमा रोजगारीको उपयुक्त उपलव्धताको अवस्थालाई जनाउँदछ । अधिकांश रोजगारीहरु मागमा आधारित रहने र बजारको माग अनुसार रोजगारीको अवसरहरु थपघट हुँदै जान्छन । तर न्यूनतम रोजगारीको प्रत्याभूत भएका मुलुकमा समेत सरकारले अन्य रोजगारी उपलब्ध हुन नसकेमा राज्य आफै रोजगारदाता भई सार्वजनिक क्षेत्रमा रोजगारी सृजना गर्ने गर्दछ । उदाहरणका लागि मित्र राष्ट्र भारतमा *महात्मा गान्धी राष्ट्रिय ग्रामिण रोजगार प्रत्याभूति ऐन* मार्फत कार्यान्वयन गरिएको विश्वकै ठुलो ग्रामिण रोजगार कार्यक्रमले कामको लागि ज्याला प्रदान गरी नागरिकको जीवनयापनमा प्रत्यक्ष सघाउ पुऱ्याउने र सार्वजनिक पूर्वाधारको विकासमा सहयोग गरी थप सामाजिक र आर्थिक अवसरहरु सृजना गर्ने कार्य भई रहेको छ ।त्यसै गरी इथियोपियाको उत्पादनशील सुरक्षा सञ्जाल कार्यक्रम (Productive Safety-net Programme)[1] अति विपन्न घरधुरीलाई सार्वजनिक निर्माण कार्यहरुमा रोजगारी प्रदान गर्नुका साथै

[1] https://socialprotection.org/discover/programmes/productive-safety-net-programme-psnp

बचत तथा ऋणको व्यवस्था, क्षमता अभिवृद्धि र श्रम बजारमा पहुँच सुनिश्चित गरी लक्षित समूहलाई गरिबीको रेखामाथि ल्याउन प्रयास भईरहेको छ । अर्जेन्टिनामा कार्यान्वयनमा रहेको *प्रोगामा जेफेस कार्यक्रम*ले विपन्न र जोखिममा रहेका सबै नागरिकलाई पूर्वाधार निर्माणका आयोजनामा सहभागी गराई रोजगारी सृजना गरेको तथा सामुदायिक पूर्वाधारको विकासमा प्रत्यक्ष सहयोग पुऱ्याएको छ । दक्षिण अफ्रिकी राष्ट्रहरुमा पनि श्रम संगठनहरु मार्फत लक्षित घरधूरीलाई श्रममूलक सार्वजनिक निर्माण कार्यमा संलग्न गराई गरिबी र बेरोजगारीको समस्यालाई सम्बोधन गरेको पाईन्छ ।

## ५.२ कार्यक्रमको आलोचना

प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको प्रथम वर्ष २०७५/०७६ मा केहि स्थानीय तहबाट सञ्चालनमा आएका आयोजनाहरु उत्पादनशील हुन नसकेको भनि केही सञ्चार माध्यम तथा सामाजिक सञ्चालनमा नकारात्मक टिकाटिप्पणी आएका थिए । यिनै सन्दर्भमा मन्त्रालयबाट मिति २०७६ श्रावण १६ मा कार्यक्रम कार्यान्वयनका विविध विषयहरुमा पत्रकार सम्मेलन मार्फत जानकारी दिएको थियो । सामाजिक संरक्षणको अवधारणा बमोजिम न्यूनतम रोजगारीको कार्यक्रम सञ्चालन हुँदा तथा सवै बेरोजगार व्यक्ति न्यूनतम रोजगारीमा संलग्न हुन नचाहेको अवस्थामा सामाजिक न्यायको सिद्धान्त बमोजिम विपन्न तथा जोखिमपूर्ण जीवनयापन गरेका व्यक्तिलाई मात्रै रोजगारीमा संलग्न गराउने उद्देश्यमा समेत छिटपुट प्रश्न हुँदै आएको छ । रोजगारी र न्युनतम रोजगारी बीचको भिन्नताको सार्वजनिक स्तरमा असमान बुझाईले राम्रा नीतिगत प्रयासमा समेत केही आलोचनाको स्वर सुनिएको अवस्था छ ।

पूर्वाधार निर्माण गर्ने कार्यमा सामान्य अवस्थामा पचहत्तर प्रतिशत सम्म निर्माण सामाग्रीको प्रयोग हुने र ज्यालामा प्रयोग हुने रकम औसत रुपमा पन्ध्र देखि बिस प्रतिशत मात्रै हुने सन्दर्भमा प्रधानमन्त्री रोजगार कार्यक्रममा ७० प्रतिशत भन्दा अधिक ज्याला भुक्तानी (Cash Transfer) मा रकम खर्च गर्नु पर्दा एवम् निर्माण सामाग्रीको खरिदमा अन्य तह तथा निकायको रकम प्रयोग नभएको सन्दर्भमा निर्माण भएको पूर्वाधारको गुणस्तरमा प्रश्न आउन स्वाभाविक बनेको छ । तर कार्यक्रमले निर्देशित गरेको श्रमप्रधान आयोजनाको विवरण बमोजिम कार्यान्वयन भएमा मात्रै सत्तरी प्रतिशत ज्यालामा खर्च हुन सक्ने देखिन्छ । यसको अतिरिक्त निर्देशिकाले दक्ष तथा अर्धदक्ष कामदारको प्रावधान नराखेको हुनाले आयोजनाको गुणस्तर कायम गर्न नियमित प्राविधिक सुपरिवेक्षण आवश्यकता देखिन्छ ।

कार्यक्रमबाट विगतका वर्षहरुमा स्थानीय तहबाट सञ्चालित कतिपय क्रियाकलापहरु मध्ये सरसफाइजन्य काम गरेको भनी आलोचना भएको छ । कार्यक्रमले अवलम्बन गरेको लक्ष्य बमोजिम स्थानीय तहको आवश्यकता बमोजिम सञ्चालन भएका कार्यहरु प्रति नकारात्मक धारणाको प्रचार हुँदा लक्षित वर्ग प्रति न्याय हुने देखिदैन । प्र.म.रो.का.बाट ठूलो परिमाणको बजेट

न्युनतम रोजगारी सृजनाका लागि खर्च गर्नुपर्ने सन्दर्भमा ठूला पूर्वाधार निर्माण तथा पूँजिकृत लगानी हुन नसकेको भनी आर्थिक पक्षबाट मात्रै विश्लेषण गरेको सुनिएको छ । सामाजिक संरक्षण केन्द्रित कार्यक्रमलाई आर्थिक दृष्टिकोणबाट मात्रै विश्लेषण गर्नु एवम् विपन्न वर्ग लक्षित सामाजिक न्याय कायम गर्ने संवैधानिक सोच प्रति अन्याय हुन जाने अवस्थालाई ध्यान दिनुपर्ने हुन्छ ।

कार्यक्रम सञ्चालनको प्रथम वर्षमा न्युनतम रोजगारीका लागि आफ्नो आम्दानीबाट ३ महिना पनि खान-लाउन नपुग्ने विपन्न वर्गलाई रोजगारी प्रदान गर्न आवेदन आव्हान गरिएकोमा रोजगार सेवा केन्द्रमा सबै प्रकारका बेरोजगार र राम्रो अवसरको खोजीमा रहेका शिक्षित तथा सीपयूक्त नागरिकबाट समेत निवेदन प्राप्त भएको अवस्था थियो। यसले फरक फरक अवस्थाका नागरिकलाई न्युनतम रोजगारी प्रत्याभूति वा रोजगारमूलक सेवा प्रवाह गर्ने विषय जटिल बन्न पुगि रोजगार सेवा केन्द्रको भूमिका प्रभावकारी नदेखिएको भान पर्न गयो ।

श्रमबजारमा शिक्षा, सीप र उपलब्ध अवसर बीच तादाम्यता (Skill and Job Matching) कायम गर्न बेरोजगारको पहुँच वृद्धिका क्षेत्रगत रणनीतिक क्रियाकलाप समेत सञ्चालन नहुँदा यस प्रकारका टिकाटिप्पणी आउनु स्वाभाविक हुन्छ । आगामी दिनमा विकास गरिने राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीले यस प्रकारका दुविधा हटाई कार्यक्रम प्रतिको समान बुझाई कायम गर्न सहयोग गर्ने विश्वास छ ।

## ५.३ कार्यक्रमको यथार्थता

सार्वजनिक रोजगारी सृजना गर्ने कार्यमा कामका लागि पारिश्रमिकमा आधारित सार्वजनिक निर्माण कार्य सञ्चालन गर्ने विधि अन्तर्राष्ट्रिय स्तरमै प्रचलित र नेपालमै पनि विगत केहि दशक देखि नै कार्यान्वयनमा रहेको विधि हो । सामाजिक संरक्षणको मान्यता बमोजिम युवा अवस्थाको उत्पादकत्व प्रयोग गरी सार्वजनिक निर्माण कार्यमा प्रयोग हुनु सान्दर्भिक हुने हुनाले प्रधानमन्त्री रोजगार कार्यक्रमले कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गर्दै आएको छ ।

आ.व. २०७५/०७६ मा पारिश्रमिकमा आधारित आयोजना सञ्चालन कार्यविधि कार्यान्वयनको अनुभवको आधारमा आ.व. २०७६/०७७ मा सो कार्यविधिमा परिमार्जन गरी उत्पादनशील सामुदायिक पूर्वाधार निर्माणको क्षेत्रमा रोजगारी सृजना गर्न स्थानीय तहलाई प्रोत्साहन गरिएको थियो । साथै कार्यक्रमको मूल उद्देश्य विपन्न वर्गलाई रोजगारी मार्फत सामाजिक सुरक्षाको प्रत्याभूति गराउने रहेको हुनाले लक्षित वर्गको छनौट र सो वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने गरी रोजगारी सृजना गर्ने क्रियाकलापहरु सञ्चालन भएका थिए । यस कार्यक्रमबाट न्यूनतम रोजगारी प्रत्याभूति गर्ने सम्बन्धमा सुचिकृत बेरोजगार व्यक्ति मध्ये *बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६* बमोजिम प्राथमिकता प्राप्त विपन्न बेरोजगार वर्गलाई न्यूनतम

रोजगारीमा प्राथमिकतासाथ खटाइएको थियो । बेरोजगार व्यक्तिको सूची निर्धारण तथा प्राथमिकीकरण गर्ने कार्य स्थानीय तहको कार्यपालिका स्तरबाट निर्णय हुने भएकोले लाभाग्राही छनौटको सन्दर्भमा समेटिनु पर्ने नसमेटिने र नसमेटिनु पर्ने समेटिने (Inclusion Error र Exclusion Error) लाई अन्त गर्न अभिमुखिकरण समेत प्रदान गरिएको थियो । त्यसैले यस विषयमा विगतमा उठेका टिकाटिप्पणीको आगामी दिनमा सम्बोधन हुने नै छ ।

रोजगारमूलक सेवा र सुविधाका सीप तथा क्षमता विकास, वित्तीय पहुँचमा सहजीकरण, व्यावसायिक योजना निर्माणमा सहजीकरण, श्रम विनिमयमा सहजीकरण, रोजगारीका अवसर सम्बन्धी सूचना संप्रेषण, रोजगारी सृजना सम्बन्धी सरोकारवालासँग रोजगार सम्बाद कार्यक्रम सञ्चालन आदि क्रमश: विस्तार गर्ने यस मन्त्रालयको सोच बमोजिम विभिन्न कार्यक्रम/क्रियाकलाप तर्जुमा गर्ने कार्यहरु भइरहेका छन् । यस कार्यका लागि विभिन्न सरोकारवालासँग नियमित सम्बाद/अन्तरक्रिया/बैठक, राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास, श्रमिक सूचना बैंकको सञ्चालन आदि कार्यले आन्तरिक श्रम बजारलाई व्यवस्थित गर्दै रोजगार विनिमय सेवा विस्तार हुने विश्वास लिइएको छ ।

रोजगारी सृजना कुनै क्षेत्रमा भएको विकासको नतिजाले प्रभाव पार्ने एक बहुआयामिक र अन्तर सम्बन्धित कार्य हो । सार्वजनिक निर्माण कार्य मार्फत न्युनतम रोजगारी वृद्धि गर्न राष्ट्रव्यापी रुपमा एकै पटक संरचना सहितको संस्थागत व्यवस्था कायम गरी सामाजिक संरक्षण प्रदान गर्ने कार्य आफैंमा स्रोत साधन र प्रतिवद्धता आवश्यक पर्ने वृहत कार्य हो । यसर्थ यसका रणनीति, कार्यनीति, कार्यक्रमिक गतिविधि र आयोजना सञ्चालनका सम्बन्धमा अन्तर सरकार र सरोकारवाला बीच समान बुझाई कायम गर्न विभिन्न प्रकृतिका छलफल, अन्तरकृया, अभिमुखिकरण सञ्चालन गरिएका छन् ।

एकै पटक राष्ट्रव्यापी कार्यक्षेत्र सहित सञ्चालन भएको कार्यक्रममा सरोकारवाला बीच कार्यक्रमलाई हेर्ने दृष्टिकोण समान बनाउन मन्त्रालयबाट विभिन्न रणनैतिक कृयाकलापहरु नियमितरुपमा सञ्चालन गरिएको छ ।

साथै स्वदेशमै रोजगारीका अवसरहरु छन् र स्वदेशमै सम्मानजक काम गर्न सकिन्छ भन्ने भावना जागृत गर्न "श्रमको सम्मान राष्ट्रिय अभियान" लाई अगाडी बढाइएको छ । अभियानलाई सफल पार्न सञ्चार रणनीतिको मस्यौदा तयार पारी आम सञ्चार माध्यमबाट प्रचारप्रसार समेत भैरहेको छ । यस्ता अभियानले सीपयुक्त जनशक्तिको महत्व बढाई देशभित्रका रोजगारीका अवसरमा स्वदेशी श्रम शक्ति आवद्ध हुन उत्प्रेरित गराई समृद्ध नेपाल निर्माणको अभियानलाई समेत सहयोग पुऱ्याउने छ ।

## ५.४ कार्यक्रमबाट भएको सिकाई

राष्ट्रिय स्वरुपको न्युनतम रोजगारी र रोजगारमूलक सेवाको ७५३ स्थानीय तहबाट प्रत्याभुति हुने गरी जारी भएको प्र.म.रो.का. कार्यान्वयन गर्दा देहायका मुख्य सिकाई हासिल भएका छनः

(क) वृहत्तर कार्यक्षेत्र समेट्ने लक्ष्य लिई कार्यक्रम सञ्चालन गर्दा पर्याप्त पूर्व तयारी, साधन स्रोतको प्रक्षेपण र स्वामित्व भाव सृजना गरेर कार्यान्वयनमा ल्याउँदा अपेक्षित नतिजा समयमै प्राप्त हुने।

(ख) रोजगारले पार्ने प्रभाव र यसबाट प्राप्त हुने उपलब्धीका सम्बन्धमा हालसम्म व्यवस्था गरिएको रोजगारी सम्बन्धी नीति, संस्थागत संरचना, कार्यक्रम र आयोजना प्रति नेतृत्वदायी सरोकारवाला बीच अवधारणागत एकरुपता, कार्यान्वयन तहमा प्रभावकारिता र अपनत्वको प्रतिवद्धताले नै सफलता उन्मुख गराउने ।

(ग) लक्षित वर्गको पहिचान र छनौट प्रक्रिया सुव्यवस्थित गर्न विद्यमान संयन्त्रको ठोस समन्वयात्मक प्रयास आवश्यक देखिएको ।

(घ) रोजगार सम्बन्धी विभिन्न तथ्य, तथ्याङ्क र विवरण एकीन गर्ने सूचना प्रविधियुक्त स्वाचालित प्रणालीको विकास गर्नुपर्ने ।

(ङ) रोजगारी अन्तर-क्षेत्रीय र बहुआयामिक विषय भएकोले क्षेत्रगत विकास नीति तथा कार्यक्रम बीच कार्यात्मक समन्वय कायम गर्दा प्रभावकारी हुने ।

(च) श्रम बजारका अवसर र विविधतालाई उपयोग गर्न रोजगारीको पारिस्थितिकीय प्रणाली (Employment Eco-System) का समग्र पक्षमा विचार गरी क्षेत्रगत रणनीतिक योजना तर्जुमाले दीगो नतिजा दिन सक्ने ।

(छ) अन्तर-तह तथा अन्तर-निकाय संस्थागत क्षमता विकास भएमा अपेक्षित उपलब्धि प्राप्त हुने ।

(ज) कामका लागि पारिश्रमिकमा आधारित सार्वजनिक निर्माण कार्यका आयोजना (Public Works Program) सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा सिकाइहरु देहायका छन् :-

- **<u>आयोजनाको छनौट:</u>** सञ्चालनको प्रथम वर्षमा स्थानीय तहको बजेट तथा कार्यक्रममा सामुदायिक आयोजना सञ्चालन गर्न स्थानीय तहको कार्यपालिकाले निर्णय गरी आयोजना कार्यान्वयन गर्ने प्रावधान भएको र आर्थिक वर्षको अन्तिम चौमासिकमा स्थानीय तहलाई रकम हस्तान्तरण हुँदा आयोजनाको प्रकृति तथा श्रममूलक आयोजनाको छनौटमा स्थानीय तहमा विभिन्न समस्याहरु देखा परेका थिए। यसै समस्यालाई समाधान गर्न स्थानीय तहको आयोजना प्राथमिकताक्रम

मन्त्रालयबाट निर्धारण हुने गरी कार्यविधिमा परिमार्जन गरिएको थियो । सो अनुरुप मन्त्रालयले स्थानीय तहको करिव बत्तिस हजार आयोजनाको प्राथमिकताक्रम निर्धारण गरी सो प्राथमिकताक्रम स्थानीय तहलाई उपलव्ध भएको थियो । तर, आयोजना प्राथमिकताक्रम निर्धारण गर्ने कार्य स्वचालित प्रक्रियाबाट हुन नसक्ने देखिएको तथा स्थानीय तहको वडा बमोजिम सूचिकृत बेरोजगार व्यक्तिको संख्या बमोजिम आयोजनाको प्राथमिकताक्रम निर्धारण नमिलेको कारणले मन्त्रालयले कार्यविधिको परिमार्जन गर्ने क्रममा स्थानीय तहको बेरोजगार व्यक्तिको प्राथमिकताक्रम अनुसार नै आयोजनाको छनौट तथा प्राथमिकताक्रम निर्धारण हुने व्यवस्था गर्नु पर्ने देखिन्छ ।

- **आयोजनाको लागत:** नेपाल सरकारबाट जारी भएका विभिन्न पूर्वाधार निर्माण कार्यका मापदण्ड अनुसार सामान्य अवस्थामा आयोजनाको कूल रकम मध्ये ज्यालामा खर्च हुने अनुपात करिब ३०% रहने अवस्था छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको सञ्चालन निर्देशिकामा आयोजना श्रम प्रधान हुने तथा ज्यालाको लागत कूल आयोजनाको ७०% हुनु पर्ने प्रावधानका कारण स्थानीय तहको पूर्वाधार निर्माण गर्ने कार्यमा उक्त पूर्वाधारको निर्माणमा आवश्यक निर्माण सामाग्रीको लागत अधिकतम २५% मात्र हुनु पर्ने व्यवस्था हुँदा पूर्वाधारको गुणस्तरमा प्रभाव परेको देखिन्छ । भारतको महात्मा गान्धी राष्ट्रिय रोजगार प्रत्याभूति ऐन मार्फत सञ्चालनमा रहेको राष्ट्रिय रोजगार कार्यक्रममा समेत भर्खरै निर्णय गरी आयोजनाको कूल लागतको ४०% प्रतिशत बराबरको रकम निर्माण सामाग्रीको खरिद गर्ने व्यवस्था भएको अवस्थामा भविष्यमा यस कार्यक्रमको ज्याला तथा निर्माण सामाग्रीको अनुपातलाई परिमार्जन गर्न दवाव पर्न सक्ने देखिन्छ । यसका लागि आगामी दिनमा सामुदायिक पूर्वाधारको निर्माण तथा स्तरोन्नती गर्ने कार्यमा स्थानीय तह वा अन्य श्रोतसंग साझेदारी गर्न आवश्यक छ ।

  ०७७/७८ को बजेट तर्जुमा क्रममा वित्तीय हस्तान्तरण मै ज्यालाको दर रु. ५१७ उल्लेख भएको र निर्माण सामाग्री तथा कन्टिन्जेन्सीको रकमको व्यवस्था नभएको अवस्थामा कार्यान्वयनमा चुनौति देखिन सक्ने अवस्था छ । पुर्वाधारको मर्मत तथा स्तरोन्नतीका लागि आवश्यक पर्ने सुरक्षा सामाग्री, हातेे औजार तथा कोरोना महामारीमा आवश्यक पर्ने मास्क, स्यानिटाइजर लगायतका सामाग्रीहरुको व्यवस्था स्थानीय तहले गर्नु पर्ने तथा सो नभएको अवस्थामा आयोजना

कार्यान्वयन गर्न कठिन हुने भएकोले कार्यक्रमले अर्थ मन्त्रालयसंग थप परामर्श गर्नु पर्ने देखिएको छ ।

न्युनतम रोजगारी गर्ने सेवाग्राहीको विवरण धेरै जसो स्थानीय सरकारबाट सार्वजनिक गर्ने व्यवस्था नहुँदा पारदर्शीताको पक्ष कमजोर रहेको छ । यसका अतिरिक्त कार्यक्रम पद्दतिमा नीतिगत परिमार्जन गर्दा कार्यान्वयनकर्ता र मुख्य सरोकारवालासँग परामर्श गरी त्यसबाट पर्न सक्ने प्रभावको आँकलन गर्न समेत आवश्यक देखिएको छ ।

- **<u>प्राविधिक क्षमता:</u>** केही स्थानीय तहमा प्राविधिक कर्मचारी तथा निजहरुको सामाजिक संरक्षण प्रदान गर्ने प्रकारका श्रम प्रधानमा आधारित योजना सञ्चालन प्रक्रियाका सम्बन्धमा न्यून जानकारी भएको अवस्था छ । हाल कायम रहेको आपूर्तिमा आधारित योजना कार्यान्वयनबाट रोजगारी सृजना गर्ने अवधारणा भन्दा फरक रोजगारी सृजनाका लागि आयोजना तर्जुमा तथा कार्यान्वयन गर्ने पद्दतीका सम्बन्धमा स्थानीय तहका प्राविधिक कर्मचारीको क्षमता अभिबृद्धी गर्न आवश्यक भएको छ । यसका अतिरिक्त सार्वजनिक निर्माण कार्यमा सामाजिक संरक्षण गराउने कार्य तथा परम्परागत शैलिमा मात्रै आयोजना छनौट भएको अवस्थामा आयोजना प्रकारमा विविधिकरण गर्न तथा अन्तर्राष्ट्रिय स्तरमै जलवायु परिवर्तन अनुकुलन तथा जलाधार विकास जस्ता विषयका अतिरिक्त विपन्न व्यक्ति लक्षित योजना तर्जुमा प्रक्रियाका सम्बन्धमा समेत स्थानीय तह तथा तहाँको रोजगार सेवा केन्द्रका कर्मचारीलाई जानकारी दिन आवश्यक देखिन्छ ।

(झ) **रोजगार सेवा केन्द्रको प्रभावकारिता**: सबै स्थानीय तहमा रोजगार संयोजकको नियुक्ति गर्न मन्त्रालयले स्थानीय तहलाई जिम्मेवारी प्रदान गर्ने गरी रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्डमा परिमार्जन भएको छ । रोजगार संयोजकको नियुक्ति नै नभएको तथा रोजगार संयोजकले राजिनामा दिएका कारण रिक्त रहेको करिव ११० स्थानीय तहमा नियुक्ति हुन कोरोना महामारीका कारण ढिलाई हुँदा रोजगार सेवा केन्द्रको सञ्चालनमा समस्या भएको अवस्था छ । यसका अतिरिक्त, नयाँ नियुक्त भएका रोजगार संयोजकलाई समेत अभिमुखिकरण लगायतका कार्यमा समेत कोरोना महामारीले वाधा पारेको छ ।

रोजगार सेवा केन्द्रको स्थापना तथा सञ्चालनका लागि मन्त्रालयले उपलव्ध गराएको अनुदान रकममा कम्प्यूटर, प्रिन्टर, क्यामरा तथा फर्निचरको व्यवस्था गरे तापनि कतिपय स्थानीय तहले उक्त सामाग्री खरिद नगरेको र आ.व. २०७६/०७७ को बजेटमा पूँजिगत सामाग्री खरिद गर्ने गरी अनुदान उपलब्ध नभएको अवस्थामा केही रोजगार सेवा केन्द्रमा कम्प्यूटर र आवश्यक फर्निचर समेत नभएको अवस्था छ ।

वस्तुत: उक्त अवस्थालाई दृष्टिगत गर्दा रोजगार सेवा केन्द्र एकीकृत सूचना र सेवा प्रवाह गर्न स्थापित भएको संरचनालाई सबै तहका सरकारले समान अपनत्व ग्रहण गर्न अत्यावश्यक देखिएको छ ।

(ञ) रोजगार संयोजक सुगम स्थानमा मात्र जाने चाहना भएकाले केही दुर्गम स्थानमा एक वर्ष करार अवधि भर पनि नटिक्ने कारणले समेत सेवा प्रवाहमा असर परेको छ ।

(ट) **बेरोजगार व्यक्तिको सीप विकास तथा श्रम बजारमा पहुँच अभिबृद्धी:** कार्यक्रमले बिपन्न बेरोजगार व्यक्तिलाई कामका लागि पारिश्रमिकमा आधारित क्रियाकलाप सञ्चालन गरे तापनि कतिपय प्राथमिकताक्रममा रहेका सीपयुक्त तथा शैक्षिक बेरोजगार व्यक्तिलाई श्रम बजारको पहुँचमा सहयोग उपलब्ध गराउन आवश्यक क्रियाकलापको सञ्चालन गर्नु पर्ने हुन्छ । तथापि, कार्यक्रमले यस विषयलाई ध्यान दिदै आ.व. २०७७/०७८ मा कार्यान्वयनमा ल्याइने युवा रोजगारका लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयनमा सीप विकासका लागि मोडयुल तय गरी तत् पश्चातको आर्थिक वर्षमा सीप विकास गर्ने विषयमा ध्यान दिइएको छ ।यसका अतिरिक्त, विभिन्न आयोजनाले सञ्चालन गरेको रोजगारमूलक सीप विकास लगायतका क्रियाकलापसंग सहकार्य गर्ने कार्यक्रमको नीतिलाई समेत कार्यान्वयनमा लैजानु पर्ने देखिएको छ । कोभिड पश्चात रोजगारीका क्षेत्रमा पर्ने चापलाई मध्यनजर गरी यस विषयमा कार्यक्रमले थप संयोजनकारी भूमिका खेल्नु पर्ने अवस्था आएको छ ।

(ठ) **रोजगारमूलक सेवा र सहायतामा समन्वय:** श्रम बजारमा उपलब्ध अवसर र सम्भावना, विभिन्न रोजगारदाताको श्रमिकको आवश्यकता, राज्यमा उपलब्ध शैक्षिक तथा सीपमूलक तालिम केन्द्र, स्वरोजगारका लागि वित्तीय पहुँच, व्यावसायिक योजना निर्माण आदि आधारभूत विषयको जानकारी रोजगारीको खोजीमा रहेका वा उपल्लो स्तरको रोजगारी वा स्वरोजगारी गर्न चाहने नागरिकलाई रोजगार सेवा

केन्द्रको संस्थागत विकासमा अन्तर-निकाय तथा क्षेत्रगत समन्वय र सहकार्य अभिवृद्धिको आवश्यकता छ ।

# ६. रोजगार व्यवस्थापन सूचना प्रणाली

रोजागरीको हकसम्बन्धी नियमावली, २०७५ को नियम (२२) मा व्यवस्था भएबमोजिम प्रत्येक रोजगार सेवा केन्द्रले बेरोजगार व्यक्ति तथा रोजगारदाताको विवरण सहितको एकीकृत अभिलेख प्रणाली कायम गर्न रोजगार व्यवस्थापन सूचना प्रणाली सञ्चालनमा ल्याइएको हो । यसका मुख्य विशेषताहरु निम्नानुसार रहेका छन्:

## ६.१ रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन

प्रधानमन्त्री रोजगार कार्यक्रमले आर्थिक वर्ष २०७६/७७ देखि रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गरेको र उक्त प्रणाली प्रारम्भिक चरणको तथ्याङ्क प्रविष्टि गर्ने र सामान्य प्रकृतिको प्रतिवेदन निकाल्न सकिने गरी विकास गरिएको छ । यस प्रणालीको सञ्चालन पश्चात मुलुकको सवै स्थानीय तहबाट सूचना प्रविष्टि हुने र सोको विवरण नियमित रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट मार्फत स्वचालित तवरले प्रकाशन हुने व्यवस्था मिलाईएको छ ।




(चित्र नं. १४: रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रारम्भिक स्वरुप)



(चित्र नं.१५: EMIS को तालिम सञ्चालन हुदै)

मन्त्रालयले प्राविधिक सहायताबाटउक्त प्रणाली निर्माण गरेको र सो प्रणालीको सम्बन्धमा सवै स्थानीय तहमा कार्यरत रोजगार संयोजक वा सो पद रिक्त रहेको अवस्थामा स्थानीय तहको सूचना प्रविधि अधिकृतलाई तालिममा सहभागि गराइएको थियो । प्रणालीमा हुन सक्ने समस्याको निराकरण, रोजगार संयोजकलाई सहायता तथा निरन्तर अनुगमन गर्ने व्यवस्था मिलाउन मन्त्रालयले सूचना प्रविधि प्राविधिकको सेवा करार लिइ सहजिकरण गरिरहेको छ ।

## ६.२ राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको अवधारणा

रोजगारका अवसरको विवरण, रोजगारदाता (सार्वजनिक, निजी, सहकारी तथा संघ-संस्था) को विवरण, रोजगार खोजिकर्ता (दक्ष, अर्द्धदक्ष, अदक्ष) को विवरण, रोजगारमूलक सेवा (शैक्षिक तथा सीप विकास, वित्तीय तथा अन्य सेवा) सम्बन्धी विवरणहरु सहितको एकीकृत प्रणाली विकास गर्न *राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली*को अवधारणा प्रस्तुत गरिएको छ । साथै वर्तमान अवस्थामा शैक्षिक तथा सीपयुक्त बेरोजगारलाई प्रधानमन्त्री रोजगार कार्यक्रमले समेट्ने नसकेको अवस्थामा कृतिम ज्ञान (artificial intelligence) सहितको प्रविधि प्रयोग गरी रोजगार विनिमय सेवामा प्रयोग गर्ने, निजी क्षेत्रबाट सञ्चालित रोजगार पोर्टलहरुलाई एकिकृत गर्ने तथा श्रम बजारमा उपलव्ध उत्पादनशील रोजगारी तथा उद्यमशीलता विकासका सम्पूर्ण विवरणहरुलाई रोजगार सेवा केन्द्र मार्फत प्रवाह हुने गरी राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास हुने लक्ष्य राखिएको छ ।




**(चित्र नं. १६: राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको सैद्धान्तिक अवधारणा)**

सोहि अवधारणा बमोजिम निर्माण हुने राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीबाट रोजगारीको खोजीमा रहेका व्यक्ति, विद्यार्थी, शैक्षिक निकाय, तालिम प्रदायक संस्था, नीति निर्माता, रोजगार तथा स्वरोजगार सम्बद्ध कार्यक्रमहरु तथा निजी क्षेत्र समेतको साझा प्रणाली हुने विश्वास लिइएको छ ।




(चित्र नं. १७: प्रस्तावित राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको प्रयोगको अवधारणा)

राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीमा तीनै तहको सम्बन्धित निकाय, रोजगार सेवा प्रदायक, सीप तथा क्षमता विकास गर्ने निकाय तथा वित्तीय सेवा प्रवाह गर्ने निकायहरुले सम्बन्धित विषय प्रयोग गर्न मिल्ने गरी निर्माण हुने लक्ष छ । सम्बन्धित निकायको लागि फरक फरक ड्यासबोर्ड र प्रयोगकर्ता (login ID) को व्यवस्था हुनेछ । ड्यासबोर्डमा रोजगारीको सूचना, रोजगारी खोज्नेको संख्या, तालिमका अवसर, सीप विकासका अवसर, कामका लागि पारिश्रमिकका विवरण, रोजगारीका लागि उपलव्ध गराइएको सेवा तथा सुविधा, सहुलियतपूर्ण कर्जा प्राप्त गर्ने तरिका तथा स्थान लगायत रोजगार केन्द्रको सहयोगमा उपलव्ध भएको रोजगारीका विवरणहरु अद्यावधिक हुनेछ ।

न्यूनतम रोजगारीमा संलग्न हुने प्रक्रिया वाहेकका अन्य प्रक्रियामा सिधै रोजगारी खोज्नको लागि व्यक्तिगत विवरण अपलोड गर्ने, कृतिम ज्ञानको प्रयोगबाट रोजगारीका अवसरहरुको विवरण सिधै आवेदनकर्तालाई उपलव्ध हुने तथा बेरोजगार व्यक्तिले सिधै रोजगारदातामा आवेदन दिन सकिने व्यवस्था हुनेछ ।

यसका अतिरिक्त बेरोजगार व्यक्तिलाई व्यक्तिगत विवरण तयार गर्ने तरिका र आवेदन दिने तरिकाका साथै अन्तरवार्तामा कसरी सहभागी हुने लगायतका विवरणहरु समेत क्रमश: उपलव्ध हुनेछ।

राष्ट्रिय सूचना प्रविधि केन्द्रमा यस कार्यक्रमको सर्भर रहने र सो को व्याकअप (mirroring) को व्यवस्था मन्त्रालयले तोकेको स्थानमा राखिनेछ । यो प्रणाली सरकारका अन्य व्यवस्थापन सूचना प्रणालीसंग आवद्ध भै कार्य गर्नेछ।

## ६.३ सूचना प्रणालीको सञ्चालनका लागि अफलाईन सर्भर

मन्त्रालयले इन्टरनेट नभएका वा राम्रो सञ्चालन नहुने स्थानीय तहमा अफलाइन प्रविधिको प्रयोग गरी तथ्याङ्क प्रविष्टि गर्ने तथा केन्द्रिय सर्भरसंग नियमित समयको अन्तरालमा सिन्क्रोनाइजेसन (Synchronization) गर्ने प्रयोजनको लागि प्राविधिक सहायता मार्फत ६० थान Smart Maka Data Server 1.0 प्राप्त गरेको थियो । उक्त सर्भरमा रोजगार व्यवस्थापन सूचना प्रणालीको सामान्य सामान्य सञ्चालन हुने सफ्टवेयर राखिएको छ । गत फागुनमा उक्त सर्भरलाई अपग्रेड गरी स्थानीय तहमा पठाउने तयारी संगै कोभिड १९ को संक्रमणका कारण-तथा निशेषाज्ञा जारी भएको कारण उक्त सर्भरहरु हाल लकडाउन मन्त्रालयमै सुरक्षित राखिएको छ । व्यवस्थापन सूचना प्रणालीमा भएको पछिल्लो स्तरोन्नती समेतलाई यस सर्भरमा राखी स्थानीय तहमा पठाउने तयारी भै रहेको छ ।



(चित्र नं. १८: अफलाईन सर्भरको तस्विर)

# ७. अनुगमन तथा मूल्याङ्कन

प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यक्रम दस्तावेजमा विस्तृत अनुगमन तथा मूल्याङ्कनको खाका रहेको तर आ.व. २०७६/७७ का लागि बार्षिक अनुगमन मूल्याङ्कन गर्ने कार्ययोजना नबनेको कारण कार्यक्रमले नियमित अनुगमन र मूल्याङ्कन गर्ने पद्दतीमा सुधार हुन सकेको थिएन । तथापि, कार्यक्रमको बजेटमा यस कार्यका लागि रकम विनियोजन भए तापनि २०७६ फागुनमा अनुदान निकासा भएको र तत् पश्चात कोभिड-१९ का कारण स्थानीय तहमा आयोजना सञ्चालन हुन नसकेको वा भौतिक अनुगमन हुन नसकेको कारणले उक्त बजेट समेत परिचालन हुन सकेन ।

कार्यक्रम कार्यान्वयनको विवरण, आयोजना सञ्चालनको विवरण, वित्तीय विवरण तथा अन्य आधारभूत प्रगति समेत केही स्थानीय तहले EMIS मा प्रविष्ट नगर्ने, आंशिक प्रविष्ट गर्ने वा ढीलो प्रविष्ट गर्ने प्रचलनले समेत एकीकृत प्रगति संकलन र संप्रेषणमा चुनौति देखा परेको छ ।केही स्थानीय तहमा रोजगार संयोजक करारमा राख्न नसकेको अवस्था समेत देखिएको छ, जसबाट कार्यकमको समग्र कार्य सम्पादनमा प्रतिकूल प्रभाव परेको अवस्था छ ।

आगामी वर्षको कार्य योजनामा अनुगमन तथा मूल्याङ्कनको खाकालाई "*युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना*" समेतको कार्यान्वयनलाई ध्यानमा राखि परिमार्जन गर्नु पर्ने देखिएको छ । यसका अतिरिक्त कार्यक्रमले श्रमको सम्मान लगायतका विषयलाई समेत प्रभावकारी सञ्चार गर्न आवश्यक देखिएकोले क्रियाकलापमा यस विषयलाई सम्मिलित गर्न कार्ययोजनाको तय गर्नुपर्ने आवश्कता छ । साथै, आगामी वर्षमा रोजगार सेवा केन्द्र तथा यस कार्यक्रमबाट सञ्चालन हुने क्रियाकलापका सम्बन्धमा प्रदेश तथा स्थानीय तहको निर्देशक समिति तथा रोजगार सम्वाद मंचहरुको प्रभावकारी परिचालनमा समेत ध्यान दिनु पर्ने देखिएको छ ।

## ७.१ कार्यक्रमहरु बीच समन्वय तथा सहकार्य

रोजगारी सृजना महत्वपूर्ण तथा बहुक्षेत्रीय कार्य भएकोले यस कार्यमा तीनै तहको सरकार, निजी क्षेत्र तथा सहकारी क्षेत्रमा रहेका रोजगारदाता बीच कार्यात्मक समन्वय र सहकार्य आवश्यकता पर्दछ । प्रधानमन्त्री रोजगार कार्यक्रमले स्थानीय तहमा रोजगार सेवा केन्द्र मार्फत न्यूनतम रोजगारी र रोजगारमूलक सेवा, सुविधा तथा सहायता वितरणका कार्यहरु सञ्चालन गर्ने भएकोले कार्यक्रम र स्थानीय तहको थप कार्यात्मक जिम्मेवारी रहेको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाले समेत संयोजन र सहकार्य गर्ने कार्यलाई कार्यक्रमकै मुख्य कार्यनीतिमा राखेको छ । कार्यक्रमले केन्द्रमा नियमित तवरले रोजगारदातासँग सम्पर्क स्थापना गरेको र रोजगारदातासंग सहकार्य गर्ने प्रकृतिका क्रियाकलापहरु तर्जुमा गर्ने कार्य केही शुरुवात भएको अवस्थामा कोभिड-१९ ले सृजना गरेको बन्दाबन्दी तथा निशेषाज्ञाले उक्त कार्य प्रभावित भएको थियो । आगामी आर्थिक वर्षमा स्थानीय तथा प्रदेश सरकारसँगको सहकार्यलाई अभिबृद्धी गर्ने गरी क्रियाकलाप सञ्चालन गर्नु पर्ने तथा युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना मार्फत रोजगारमूलक सीप विकास गर्नाका लागि समेत समन्वयात्मक पहल जरुरी छ ।

यसका अतिरिक्त, प्रधानमन्त्री रोजगार कार्यक्रमको सञ्चालन निर्देशिकाले रोजगार सम्वाद मञ्चको गठन गरी स्थानीय सरकारबाट नेतृत्व लिई रोजगारीको सम्भावना, समस्याको निदान तथा रोजगारी सृजनाका नविनतम उपाय एवम् ढाँचाका सम्बन्धमा छलफल गर्न तथा सुझाव लिने व्यवस्था गरेको छ । यस कार्यले सम्बन्धित तहको सरकार, निजी, सहकारी तथा गैर सरकारी क्षेत्र, नागरिक समाज तथा सञ्चारकर्मीहरुसंग थप समन्वय र सहकार्य स्थापनामा सहयोग पुर्‍याउने छ ।

## ७.२ कोभिड-१९ को संक्रमणमा कार्य सञ्चालन गर्ने प्रक्रिया

विश्वव्यापी कोरोनाको प्रभाव प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनमा देखिएको छ । सार्वजनिक निर्माण कार्य मार्फत उपलव्ध हुने सामाजिक संरक्षणको क्रियाकलाप कार्यान्वयन गर्ने क्रममा श्रमिकहरुबीचको भौतिक दुरी कायम गर्न कठिन हुन जाने कारणले संक्रमण फैलिन सक्ने जोखिम रहने देखिन्छ ।

विपन्न बेरोजगार लक्षित रोजगारीका कार्यक्रमले आयोजना सञ्चालन गर्न नसक्ने अवस्थामा त्यसको प्रभाव नियमित उपभोगमा समेत पर्ने र उक्त वर्गको जिवनयापन झन संकटपूर्ण हुने हुनाले कोभिडको सन्त्रासपूर्ण वातावरणमा समेत केहि स्थानीय तहमा आयोजनाहरु सञ्चालन गरिएका थिए । यसका लागि स्थानीय तहले कार्यस्थलमा मास्क तथा स्यानिटाइजर लगायतको व्यवस्था गरेकोले भविष्यमा समेत यस प्रकारको कार्यलाई बढावा दिनु पर्ने देखिन्छ ।

कोभिडको पूर्ण उपचार हाल सम्म पत्ता लाग्न नसकेको र हाल परीक्षणकै रुपमा रहेको खोपको व्यावसायिक उत्पादन र नेपालले खोप प्राप्त गर्ने विषयले समेत प्रभाव पार्ने अवस्था छ । यस

कार्यका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमको क्षेत्रलाई व्यापकता दिइ कोभिड विरुद्धका सामाजिक अभियान, स्वास्थ्य पूर्वाधारको निर्माण, कन्ट्याक्ट ट्रेसिङ्ग, भाइरस नासक स्प्रे छर्ने कार्य, फोहोर संकलन तथा व्यवस्थापन आदी भौतिक दुरी कायम गरी गर्न सकिने कार्यमा संलग्न गराइ ज्यालाको भुक्तानी दिन सकिने क्रियाकलाप सञ्चालन गर्न आवश्यक नीतिगत निर्णयका लागि पहल गर्नु पर्ने देखिन्छ ।

## ८. कार्यक्रम कार्यान्वयनका चुनौतिगत पक्षहरु

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन तथा कार्यान्यवयका लागि नीतिगत, कानूनी, संरचनागत आधारहरु निर्धारण गरी कार्यान्वयन शुरु गरी केही उपलब्धि हाँसिल भएको छ । यद्यपि रोजगारीको बहुआयामिकता र अन्तर-निकाय समन्वयको बढ्दो आवश्यकताका बीच संस्थागत क्षमता क्रमश: विकसित हुँदै गएको परिप्रेक्ष्यमा देहायबमोजिम विभिन्न प्रकारका चुनौती देखिएका छनः

(क) **नीतिगत परिवर्तनको प्रभाव:** पहिलो वर्ष कायम भएको बजेट विनियोजनका आधार परिवर्तन भई नयाँ आधार निर्धारण भएकोमा आयोजना प्राथमिकीकरण प्रकृयामा उल्लेख्य समय लाग्नाले कार्यान्वयनमा ढिला भएको र अन्तिम चौमासिकमा काम गर्ने प्रचलनले गर्दा गैरकृषि समयमा रोजगारी उपलव्ध गराउने समयको उपयोग समेत गर्न नसकिएको ।

(ख) **पूर्वानुमानयोग्य बजेट:** सशर्त अनुदान हस्तान्तरण पूर्वानुमान योग्य नरहँदा स्थानीय सरकारमा बजेट साझेदारी तथा आयोजना कार्यान्वयनमा दुविधा उत्पन्न भई प्रभाव परेको ।

(ग) **अपेक्षित अपनत्व (Ownership)को कमी:** प्रधानमन्त्री रोजगार कार्यक्रम सङ्घीय सरकारको मात्र कार्यक्रम नभएर तीनै तहका सरकारसंग समन्वय र सहकार्यमा सञ्चालन हुने कार्यक्रम हो । बजेट कार्यक्रम सङ्घीय सरकारबाट ब्यवस्थापन भएता पनि स्थानीय तहबाट बजेट वमोजिम कार्यान्वयन हुन नसक्दा लक्ष्य अनुसारको प्रगति हासिल हुन सकेको छैन। यसका लागि मूलत: तीनै तहका सरकारबाट अपेक्षित अपनत्व कायम हुने अवस्थाको सिर्जना गर्नु परेको छ ।

(घ) **भौगोलिक दायरा (Coverage) राष्ट्रिय स्वरुपको हुँदा समन्वयको कमी:** यो कार्यक्रम एकै पटक ७५३ स्थानीय तहमा लागू गरिएको हुँदा कार्यक्रमलाई प्रभावकारी र दक्षतापूर्वक कार्यान्वयन गर्न गराउन विस्तारित भौगोलिक दायरा अनुरुप समन्वय, कार्यान्वयनमा सहजिककरण, सङ्घीय स्वरुपको अनुगमन, मूल्याङ्कन तथा प्रगति प्रतिवेदनको भरपर्दो प्रणाली विकास नभइसकेको हुँदा चुनौती देखिएको छ ।

(घ) **संस्थागत क्षमता विकास:** देशै भरी कार्यक्षेत्र रहेको र लाखौ ब्यक्तिको प्रत्यक्ष सरोकार भएको यस प्रकृतिको कार्यक्रम प्रभावकारी कार्यान्वयन र ब्यवस्थापनको लागि

सरोकारवाला सबै पक्षको क्षमता विकास गरी कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गर्नु पर्ने आवश्यकता देखिएको छ । यस कार्यक्रमका लक्षित वर्ग विपन्न बेरोगारको क्षमता अभिवृद्धि गरी माग पक्ष सशक्त बनाउने तथा रोजगारीको लागि स्थानीय रोजगार सेवा केन्द्र वा वडा कार्यालयबाट प्रवाह हुने सेवालाई चुस्त दुरुस्त बनाई आपुर्ति पक्ष सवल बनाउन संस्थागत क्षमता विकास गर्नु पर्ने देखिएको छ । रोजगारी ब्यवस्थापन बहुआयामिक बिषय भएकोले अन्तर-निकाय र क्षेत्रमा सहकार्य र समन्वय, कार्यात्मक साझेदारीको खाका सहित नतिजामूलक कार्यान्वयनको लागि सङ्घीय तह, प्रदेश तह र स्थानीय तहका संयन्त्र र कर्मचारीको क्षमता विकास जरुरी देखिएको छ ।

(ङ) **लेखांकन र प्रतिवेदनः** यस कार्यक्रमबाट आयोजना सञ्चालनको लागि स्थानीय तहको ७५३ र मन्त्रालयको गरी कूल ७५४ वटा खर्च एकाई रहेका छन । सबै खर्च एकाईबाट भएको खर्चको एकिकृत विवरण संकलन गर्न कठिनाई रहेको छ ।आगामी आ.व. देखि सञ्चालनमा आउने *युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना* अन्तरगतको बजेट सोधभर्नामा आधारित विश्व बैंकको ऋण भएकोले सो को विवरण स्थानीय तहले भिन्दै राख्नुपर्ने हुन्छ । लेखा राख्ने र EMIS मा प्रतिवेदन प्रविष्टि गर्न कार्यमा ढिलाइ भइरहेको छ । साथै, SuTRA लागू नभएका स्थानीय तह र भरपर्दो ईन्टरनेटको सुविधा नभएका स्थानीय तहबाट प्रतिवेदन प्राप्त गर्ने कार्य जटिल रहेको छ ।

(च) **रोजगारमूलक सेवा, सहायता र सुविधा प्राथमिकतामा नपरेकोः** कार्यक्रमले मुख्यत: विपन्न बेरोजगार नागरिकलाई न्यूनतम रोजगारी उपलब्ध गराउने कार्यमा केन्द्रित हुनुपर्दा रोजगारमूलक सेवा प्रवाह, सहायता प्रदान र सुविधा उपलब्ध गराउने कार्यले प्राथमिकता पाउन नसकेको अवस्था छ । साथै स्थानीय स्तरमा उपलब्ध हुन सक्ने रोजगारी, स्वरोजगारी, आर्थिक अवसरको श्रृजना वा आन्तरिक रोजगार वृद्धीका लागि स्थानीय रोजगार नीति वा रणनीति स्थानीय विकास प्रक्रियामा मूल प्रवाहीकरण हुन नसकेको अवस्था छ ।

(छ) **अपेक्षा र आपूर्ति बीचको अन्तरः** यस कार्यक्रममा सहभागि हुन ठूलो संख्यामा वेरोजगार व्यक्तिले आवेदन दिएको तर कार्यक्रमले विभिन्न प्रकारका वेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन नसकेको वा रोजगारमूलक सेवा प्रदान गर्न नसकेको कारणले नागरिकको अपेक्षा र सेवा प्रवाहमा अन्तर देखिएको छ । साथै बेरोजगार सहायताका क्रियाकलाप एकीकृत स्वरुपमा प्रवाह नहुँदा सेवाग्राहीको सन्तुष्टि सुनिश्चित गर्न सकिएको छैन ।

(ज) **कोभिड-१९ ले थपेको चुनौतिः** कोभिड-१९ को कारण बैदेशिक रोजगारीबाट फर्केका, स्वदेशमै रोजगारी गुमाएका र अन्य क्षेत्रमा रोजगारीको नयाँ अवसर सिर्जना नभएको हुँदा श्रम बजारमा प्रवेश गर्नेहरुका लागि लक्षित गरी रोजगारीका थप अवसर सिर्जना गर्नु पर्ने चूनौति रहेको छ

(झ) **रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS)को स्तरोन्नती र तथ्याङ्कको सुरक्षाः** यस कार्यक्रमको कार्यान्वयनमा सहजता कायम गर्न रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) सञ्चालनमा रहेको छ । रोजगारीका क्षेत्रका सम्पूर्ण सूचनाहरु (बेरोजगारको विवरण, रोजगारदाताको विवरण, रोजगारीको अवसर आदी) एउटै पोर्टलबाट प्राप्त हुने गरी EMIS को Software र Hardware मा स्तरोन्नती गर्नु आवश्यक छ । साथै यसमा रहने तथ्याङ्क तथा सूचनाको सुरक्षा, विश्वसनियता र गोपनियता कायम गर्ने विषयलाई सम्वोधन गर्नु पर्ने आवश्यक्ता देखिएको छ ।

(ञ) **प्राविधिक सक्षमताः** श्रममूलक आयोजनाको छनौट लागत अनुमान तयारी तथा मूल्याङ्कन गर्ने कार्यको लागि स्थानीय तहमै क्षमता विकास गर्नु पर्ने हुन्छ । यस प्रकृतिका आयोजनाको लागत अनुमान तयार पार्न स्वीकृत नर्म्स पनि पाईदैन । यस कार्यक्रमका लक्षित बर्गको श्रमको उत्पादकत्वको आधारमा मापदण्ड तयार पार्नु चुनौतिपूर्ण रहेको छ । साथै भौगोलिक अवस्थिति अनुसार एउटै मापदण्ड लागू गर्नु अर्को चुनौतिको कार्य हो ।

(ट) **प्रभावकारी अनुगमन र मूल्याङ्कनः** ७५३ वटा स्थानीय तहमा सञ्चालित आयोजना तथा रोजगार सेवा केन्द्रको व्यवस्थापनमा मूलतः स्थानीय सरकारलाई नै बजेट र कार्यविधि प्रदान भएकोमा कार्यस्थलको सुपरिवेक्षण र प्रतिवेदन कार्य ज्यादै न्यून मात्रामा भएको छ । कोभिड१९ को अवस्था अनुगमनको लागि मुख्य चुनौतिको रुपमा रहेको देखिन्छ । साथै अनुगमन सम्बन्धी स्पष्ट मापदण्ड, सूचक तथा कार्ययोजना बनाउन नसक्दा भए गरेका कामको प्रेषण हुन नसकेको देखिएको छ । प्रभावकारी हुन नसकेको भान हुन्छ ।

# अनुसूची १: प्रधानमन्त्री रोजगार कार्यक्रमको नतिजाको खाका

**दिर्घकालिन सोच: सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार**

**लक्ष्य: आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक संरक्षणको प्रवर्धन गर्ने**

<u>सूचकांकहरु</u>

१) बेरोजगारी र अर्धबेरोजगारीको दर घटेको हुनेछ ।
२) लक्षित परिवारको गरिबी घटेको हुनेछ ।

**उपलब्धी १: उत्पादनशील रोजगारीमा वृद्धि**

१.१) कार्यक्रमका कारण सिर्जना भएका रोजगारी वा स्वरोजगारीको संख्या (नियमित र न्यूनतम)

१.२) सूचिकृत बेरोजगारहरु रोजगारी वा स्वरोजगारीमा संलग्न भएको संख्या (प्रतिशतमा) ।

१.३) क्षमता अभिवृद्धिका कारण थप रोजगारी / स्वरोजगारीमा संलग्न भएको संख्या ।

१.४) रोजगारी वा स्वरोजगारी सिर्जनाका लागि गरिएको नीतिगत निर्णयहरुको संख्या ।

**उपलब्धी २: न्यूनतम रोजगारीको सुनिश्चितता मार्फत सामाजिक संरक्षणको प्रवर्धन**

२.१) रोजगारीमा संलग्न भएका लक्षित घरधूरीहरुको संख्या (नियमित र न्यूनतम)।

२.२) स्वरोजगारीमा संलग्न भएका लक्षित घरधूरीहरुको संख्या (नियमित र न्यूनतम)।

२.३) लक्षित परिवारको रोजगारी वा स्वरोजगारीबाट भएको आय वृद्धि ।

२.४) न्यूनतम रोजगारी प्राप्त नगरेका लक्षित घरधूरीले निर्वाह भत्ता प्राप्त गरेको प्रतिशत ।

**परिणाम १: रोजगारी र सामाजिक सुरक्षामा पहुँच वृद्धि**

- रोजगारीको हक र कार्यक्रम सम्बन्धी सूचना तथा जानकारी प्राप्त गर्ने जनसंख्याको प्रतिशत
- रोजगारी, स्वरोजगारी तथा बेरोगारहरुको लगत अद्यावधिक भएको
- रोजगारी वा स्वरोजगारीका लागि सहायता प्राप्त गर्ने व्यक्तिहरुको संख्या
- रोजगार सेवा केन्द्र मार्फत आपुर्ति भएको श्रमिकको संख्या
- स्वरोजगारीका लागि सहुलियतपूर्ण ऋण प्राप्त गर्नेको संख्या

**परिणाम २: बेरोजगार व्यक्तिको सीप र क्षमतामा वृद्धि**

- रोजगारमूलक सीप प्राप्त गरेका व्यक्तिको संख्या
- रोजगारदाताको माग अनुसारको सीप तथा क्षमताको विकास भएको श्रमिकको संख्या
- स्वरोजगारको लागि सहायता प्राप्त गर्ने बेरोजगार व्यक्तिको संख्या
- तालिम पश्चात रोजगारी वा स्वरोजगारीमा संलग्न भएका बेरोजगार व्यक्तिको संख्या

**नतिजा ३: रोजगारी सिर्जनामा समन्वय र सहकार्यमा अभिवृद्धि**

- संस्थागत क्षमता अभिवृद्धि भएको संलग्न संस्थाहरुको संख्या
- रोजगार सेवा केन्द्र र रोजगारदाता वीच भएको छलफल संख्या
- रोजगार सेवा केन्द्रको काम प्रति सन्तुष्ट भएको सेवाग्राहीको प्रतिशत
- रोजगारी र स्वरोजगार सिर्जना गर्ने सम्बन्धमा भएको रोजगार सम्वाद मञ्चको बैठक तथा छलफलको संख्या
- सहकार्य र समन्वयबाट परिचालन भएको थप बजेटको रकम
- विभिन्न तहका सरकारबाट संचालित विकास कार्यक्रम / आयोजनाका वीचमा समन्वयका लागि भएका बैठकको संख्या

# अनुसूची २: स्थानीय तहगत विनियोजित रकम र रोजगारीको विवरण

| सि.नं. | स्थानीय तहको नाम | विनियोजित रकम | सञ्चालित आयोजना संख्या | रोजगारीमा खटिएका व्यक्ति संख्या | जम्मा रोजगारी श्रृजना दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विराटनगर महानगरपालिका | २९३३००० | १ | ७ | २३१ | |
| २ | इटहरी उप-महानगरपालिका | ४९३००० | ० | ० | ० | |
| ३ | धरान उप-महानगरपालिका | १४९३००० | ० | ० | ० | |
| ४ | फुङलिङ नगरपालिका | ३०९९००० | १० | २१२ | ३४७६ | |
| ५ | फिदिम नगरपालिका | १४९३००० | ८ | १६२ | १४५१ | |
| ६ | ईलाम नगरपालिका | १५२८००० | १२ | १०७ | १७०९ | |
| ७ | देउमाई नगरपालिका | २३०९००० | ९ | ७७ | ९७९ | |
| ८ | माई नगरपालिका | १८७४००० | २ | ८८ | २११७ | |
| ९ | सूर्योदय नगरपालिका | ३०६९००० | ३ | १३५ | ४२०७ | |
| १० | अर्जुनधारा नगरपालिका | ५३४१००० | ० | ५० | ५१८ | |
| ११ | कन्काई नगरपालिका | १९५८००० | १ | ४६ | १०६२ | |
| १२ | गौरादह नगरपालिका | ३३९२००० | ६ | १०५ | २९१२ | |
| १३ | दमक नगरपालिका | ३७८३००० | १० | ९९ | ३५१८ | |
| १४ | विर्तामोड नगरपालिका | ३०८४००० | ५ | ९९ | ३४०५ | |
| १५ | भद्रपुर नगरपालिका | ३५६४००० | ८ | १३६ | ३७२० | |
| १६ | मेचीनगर नगरपालिका | ४३३४००० | ६ | ४९ | १४१९ | |
| १७ | शिवसताक्षी नगरपालिका | ३०५१००० | १५ | १५९ | २६२९ | |
| १८ | खाँदवारी नगरपालिका | १५७३००० | १२ | २२१ | १०२२ | |
| १९ | चैनपुर नगरपालिका | ४२८७००० | ११ | २९४ | ४३६५ | |
| २० | धर्मदेवी नगरपालिका | ३२२७००० | ३ | ६० | २९५० | |
| २१ | पाँचखपन नगरपालिका | २६३४००० | ९ | २२२ | ३१७० | |
| २२ | मादी नगरपालिका | २३०९००० | ९ | ० | ० | |
| २३ | म्याङलुङ नगरपालिका | ३२२५००० | ११ | २१५ | ३५९५ | |
| २४ | लालीगुराँस नगरपालिका | २५२४००० | ७ | ३५३ | ३०४४ | |
| २५ | भोजपुर नगरपालिका | ५४९९००० | ११ | ३५४ | ५३५५ | |
| २६ | षडानन्द नगरपालिका | २२३७००० | १२ | १६५ | ४१८१ | |
| २७ | धनकुटा नगरपालिका | १८८६००० | २ | २७ | १५०३ | |
| २८ | पाख्रिवास नगरपालिका | २५०८००० | ३ | ७१ | २४५२ | |
| २९ | महालक्ष्मी नगरपालिका | १७९७००० | ३ | ४८ | १५६० | |
| ३० | इनरुवा नगरपालिका | ३८३७००० | २ | ३२४ | ३८२५ | |

| सि.नं. | स्थानीय तहको नाम | विनियोजित रकम | सञ्चालित आयोजना संख्या | रोजगारीमा खटिएका व्यक्ति संख्या | जम्मा रोजगारी श्रृजना दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| ३१ | दुहवी नगरपालिका | १५४४००० | ४ | ८९ | १७५३ | |
| ३२ | बराह क्षेत्र नगरपालिका | २९८०००० | ० | ० | ० | |
| ३३ | रामधुनी नगरपालिका | १७०२००० | १ | ४२ | २०४५ | |
| ३४ | उर्लाबारी नगरपालिका | १९६८००० | ७ | ८६ | १९७० | |
| ३५ | पथरी शनिश्चरे नगरपालिका | ३०६८००० | १ | ० | ० | |
| ३६ | बेलवारी नगरपालिका | २७३५००० | ११ | २१० | २१५४ | |
| ३७ | रंगेली नगरपालिका | ५०६५००० | ३ | १७१ | ८६२ | |
| ३८ | रतुवामाई नगरपालिका | २७२३००० | ० | ० | ० | |
| ३९ | लेटाङ नगरपालिका | २५२६००० | १ | ३५ | १०५१ | |
| ४० | सुनवर्षी नगरपालिका | ३७४९००० | ० | ० | ० | |
| ४१ | सुन्दरहरैचा नगरपालिका | १८६०००० | ४ | ८४ | ५९३ | |
| ४२ | सोलुदुधकुण्ड नगरपालिका | ५२२००० | ० | ० | ० | |
| ४३ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका | ३९०५००० | १५ | २३७ | ४१५३ | |
| ४४ | हलेसी तुवाचुङ नगरपालिका | ४८३८००० | १२ | ३२१ | ७३५४ | |
| ४५ | कटारी नगरपालिका | ३०५७००० | १२ | ४३९ | ४१५७ | |
| ४६ | चौदण्डीगढी नगरपालिका | १८७४००० | ११ | १६१ | २०५३ | |
| ४७ | त्रियुगा नगरपालिका | २६१८००० | २ | १३९ | ३३२१ | |
| ४८ | बेलका नगरपालिका | २२८१००० | ५ | ६६ | २०४६ | |
| ४९ | सिद्धिचरण नगरपालिका | ४४४४००० | ३० | ५४३ | ५४३० | |
| ५० | आठराई त्रिवेणी गाउँपालिका | १५२५००० | २ | ११८ | १३७२ | |
| ५१ | फक्ताङलुङ गाउँपालिका | २४५०००० | ० | ० | ० | |
| ५२ | मिक्वाखोला गाउँपालिका | २२०२००० | ५ | ४६ | ४४१ | |
| ५३ | मेरिङदेन गाउँपालिका | २१८२००० | ० | ० | ० | |
| ५४ | मैवाखोला गाउँपालिका | ५२५००० | ० | ० | ० | |
| ५५ | पाथिभरा याङवरक गाउँपालिका | १५७६००० | ५ | ९९ | १२५४ | |
| ५६ | सिदिङ्वा गाउँपालिका | १५२५००० | ७ | १८६ | २०२६ | |
| ५७ | सिरीजङ्घा गाउँपालिका | २१३१००० | ४ | १३५ | २२९२ | |
| ५८ | कुम्मायक गाउँपालिका | ३२५८००० | ९ | ३७६ | ३९१७ | |
| ५९ | तुम्वेवा गाउँपालिका | ४९३००० | ० | ० | ० | |
| ६० | फालेलुङ गाउँपालिका | ३१५०००० | ० | ३३१ | ३३७८ | |
| ६१ | फाल्गुनन्द गाउँपालिका | १९१६००० | ७ | ११५ | ९३९ | |
| ६२ | मिक्लाजुङ गाउँपालिका | १८३३००० | ८ | २०७ | २०३७ | |
| ६३ | याङवरक गाउँपालिका | २०६८००० | ११ | १५० | २२८० | |

| सि.नं. | स्थानीय तहको नाम | विनियोजित रकम | सञ्चालित आयोजना संख्या | रोजगारीमा खटिएका व्यक्ति संख्या | जम्मा रोजगारी श्रृजना दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| ६४ | हिलिहाङ गाउँपालिका | १४९३००० | ७ | १०१ | १३१६ | |
| ६५ | चुलाचुली गाउँपालिका | २१३५००० | ६ | १७३ | २६०५ | |
| ६६ | फाकफोकथुम गाउँपालिका | ४७७००० | ० | ० | ० | |
| ६७ | माईजोगमाई गाउँपालिका | ३३१७००० | १ | ११३ | २०८६ | |
| ६८ | माङसेबुङ गाउँपालिका | १५२८००० | ८ | ९८ | १७२५ | |
| ६९ | रोङ गाउँपालिका | २१३२००० | १० | १४१ | २५१६ | |
| ७० | सन्दकपुर गाउँपालिका | ४३५६००० | २३ | १४४ | ६५४५ | |
| ७१ | कचनकवल गाउँपालिका | ४४६१००० | १ | १६ | १५० | |
| ७२ | कमल गाउँपालिका | २७०४००० | ३ | ७७ | १५५४ | |
| ७३ | गौरिगंज गाउँपालिका | २८०९००० | ६ | १६३ | २७५४ | |
| ७४ | झापा गाउँपालिका | २३०८००० | ५ | ९५ | २५२० | |
| ७५ | बाह्रदशी गाउँपालिका | २३४८००० | २ | ३८ | ५०० | |
| ७६ | बुद्धशान्ति गाउँपालिका | ३२७२००० | ११ | १५१ | ९७६ | |
| ७७ | हल्दिबारी गाउँपालिका | २०२८००० | १ | ५८ | १४७४ | |
| ७८ | चिचिला गाउँपालिका | ४५१००० | ० | ० | ० | |
| ७९ | भोटखोला गाउँपालिका | ४५१००० | ० | ० | ० | |
| ८० | मकालु गाउँपालिका | १५२५००० | ० | ० | ० | |
| ८१ | सभापोखरी गाउँपालिका | १५२५००० | २ | ३४ | ९४६ | |
| ८२ | सिलीचोङ गाउँपालिका | ५२५००० | ० | ० | ० | |
| ८३ | आठराई गाउँपालिका | ३००१००० | ५ | १७९ | २५०१ | |
| ८४ | छथर गाउँपालिका | १५२५००० | १३ | ९४ | १२७५ | |
| ८५ | फेदाप गाउँपालिका | २६३६००० | ६ | ९६ | २९७० | |
| ८६ | मेन्छयायेम गाउँपालिका | १४५९००० | ६ | १०४ | २०६० | |
| ८७ | अरुण गाउँपालिका | १५७६००० | १० | २३५ | १४६६ | |
| ८८ | आमचोक गाउँपालिका | ३३०९००० | ६ | १२७ | ३६३१ | |
| ८९ | टयाम्केमैयुङ गाउँपालिका | ३६३६००० | ३ | १७५ | ३२९१ | |
| ९० | पौवादुङ्मा गाउँपालिका | १५७६००० | ६ | २०३ | १५९६ | |
| ९१ | रामप्रसाद राई गाउँपालिका | ६२६७००० | ६ | ३१५ | ६६६२ | |
| ९२ | साल्पासिलिछो गाउँपालिका | २०९८००० | ६ | ० | ० | |
| ९३ | हतुवागढी गाउँपालिका | ४०३१००० | ४ | १९१ | ४९६३ | |
| ९४ | शहिदभूमि गाउँपालिका | १९०३००० | २ | ५७ | १७२५ | |
| ९५ | चौबिसे गाउँपालिका | २३३७००० | ३ | ११८ | २३४० | |
| ९६ | छथर जोरपाटी गाउँपालिका | १५४४००० | ७ | ८२ | १६४१ | |
| ९७ | साँगुरीगढी गाउँपालिका | २३५९००० | ३ | १४८ | १७१५ | |

| सि.नं. | स्थानीय तहको नाम | विनियोजित रकम | सञ्चालित आयोजना संख्या | रोजगारीमा खटिएका व्यक्ति संख्या | जम्मा रोजगारी श्रृजना दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| ९८ | कोशी गाउँपालिका | ४८७२००० | ४ | २५५ | ३९९९ | |
| ९९ | गढी गाउँपालिका | २८२४००० | ६ | १०९ | २६३१ | |
| १०० | देवानगञ्ज गाउँपालिका | ३८८२००० | ० | ० | ० | |
| १०१ | बर्जु गाउँपालिका | ३५१९००० | ५ | ३३१ | ३४९५ | |
| १०२ | भोक्राहा नरसिंह गाउँपालिका | ४७७००० | ० | ० | ० | |
| १०३ | हरिनगर गाउँपालिका | ४७७००० | ० | ० | ० | |
| १०४ | कटहरी गाउँपालिका | ४७७००० | ० | ० | ० | |
| १०५ | कानेपोखरी गाउँपालिका | १७६१००० | २ | ५३ | १०९५ | |
| १०६ | केराबारी गाउँपालिका | २६००००० | ० | ० | ० | |
| १०७ | ग्रामथान गाउँपालिका | १८६६००० | ० | ० | ० | |
| १०८ | जहदा गाउँपालिका | २६१२००० | ५ | १६६ | २६७७ | |
| १०९ | धनपालथान गाउँपालिका | २९६३००० | ० | ० | ० | |
| ११० | बुढीगंगा गाउँपालिका | २९२३००० | ० | ० | ० | |
| १११ | मिक्लाजुङ गाउँपालिका | २०३९००० | २ | ६० | १८०० | |
| ११२ | खुम्वु पासाङल्हामु गाउँपालिका | ४५१००० | ० | ० | ० | |
| ११३ | माप्य दुधकोशी गाउँपालिका | ५२५००० | ० | ० | ० | |
| ११४ | थुलुङ दुधकोशी गाउँपालिका | १८०१००० | ९ | १२९ | १२८१ | |
| ११५ | नेचासल्यान गाउँपालिका | १५२५००० | ० | ० | ० | |
| ११६ | महाकुलुङ गाउँपालिका | ४६७९००० | १ | २२ | १६८ | |
| ११७ | लिखुपिके गाउँपालिका | १४५१००० | १६ | १८७ | ११७३ | |
| ११८ | सोताङ गाउँपालिका | ४५१००० | ० | ० | ० | |
| ११९ | ऐसेलुखर्क गाउँपालिका | २३३५००० | १३ | २४६ | २६५६ | |
| १२० | केपिलासगढी गाउँपालिका | १८३५००० | ३ | ९१ | १३७७ | |
| १२१ | खोटेहाङ गाउँपालिका | १५२५००० | १ | ३८ | १४७८ | |
| १२२ | जन्तेढुंगा गाउँपालिका | १५२५००० | ७ | १२८ | १६६४ | |
| १२३ | दिप्रुङ चुइचुम्मा गाउँपालिका | २२१८००० | ० | ० | ० | |
| १२४ | रावा वेसी गाउँपालिका | २५७८००० | ६ | १३४ | ३७८८ | |
| १२५ | वराहपोखरी गाउँपालिका | ५२५००० | ० | ० | ० | |
| १२६ | साकेला गाउँपालिका | १८७४००० | ० | ० | ० | |
| १२७ | उदयपुरगढी गाउँपालिका | १५२८००० | ६ | १४३ | १६९२ | |
| १२८ | ताप्ली गाउँपालिका | ४७७००० | ० | ० | ० | |
| १२९ | रौतामाई गाउँपालिका | १५२८००० | ८ | ३३ | १३३८ | |
| १३० | लिम्चुङबुङ गाउँपालिका (सुनकोशी) | १५२८००० | २ | ५७ | १२०० | |
| १३१ | खिजीदेम्वा गाउँपालिका | १५७६००० | ९ | १८९ | ० | |

| सि.नं. | स्थानीय तहको नाम | विनियोजित रकम | सञ्चालित आयोजना संख्या | रोजगारीमा खटिएका व्यक्ति संख्या | जम्मा रोजगारी श्रृजना दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| १३२ | चम्पादेवी गाउँपालिका | ५२५००० | ० | ० | ० | |
| १३३ | चिशंखुगढी गाउँपालिका | २५०४००० | ० | ० | ० | |
| १३४ | मानेभञ्याङ गाउँपालिका | १५४०००० | ० | ० | ० | |
| १३५ | मोलुङ गाउँपालिका | ४४२५००० | १३ | १८ | ० | |
| १३६ | लिखु गाउँपालिका | १८९९००० | १ | ४१ | ११७९ | |
| १३७ | सुनकोशी गाउँपालिका | ४६२५००० | १२ | ८२१ | ५०६६ | |
| १३८ | वीरगञ्ज महानगरपालिका | ४२५३००० | ० | ० | ० | |
| १३९ | जनकपुरधाम उपमहानगरपालिका | ७५५८००० | ० | ० | ० | |
| १४० | कलैया उपमहानगरपालिका | २८०९००० | ५ | १८९ | ३१४६ | |
| १४१ | जितपुर-सिमरा उपमहानगरपालिका | ५६६७००० | ३ | १३९ | ८०८ | |
| १४२ | कञ्चनरुप नगरपालिका | ४७७००० | ० | ० | ० | |
| १४३ | खडक नगरपालिका | ४७८१००० | १ | ६४ | ४८० | |
| १४४ | डाक्नेश्वरी नगरपालिका | ४७७००० | ० | ० | ० | |
| १४५ | राजविराज नगरपालिका | ८०२८००० | ३ | १५८ | २३३५ | |
| १४६ | बोदेबरसाईन नगरपालिका | ७६५५००० | १० | ६४३ | ५०८४ | |
| १४७ | शम्भुनाथ नगरपालिका | २०२८००० | १ | ५ | २४३ | |
| १४८ | सुरुगां नगरपालिका | ८४२९००० | ० | ० | ० | |
| १४९ | हनुमाननगर कंकालिनी नगरपालिका | ७९७७००० | ० | ० | ० | |
| १५० | सप्तकोशी नगरपालिका | ३५६५००० | २ | १७३ | २६३२ | |
| १५१ | कल्याणपुर नगरपालिका | ४२२४००० | ० | ० | ० | |
| १५२ | गोलबजार नगरपालिका | १९७४००० | ७ | ८३ | ८८६ | |
| १५३ | धनगढीमाई नगरपालिका | ४९७८००० | ७ | २४५ | २८५१ | |
| १५४ | मिर्चैया नगरपालिका | ३०५०००० | ४ | ८६ | २३६२ | |
| १५५ | लहान नगरपालिका | ८०२८००० | ३ | ६० | १४८० | |
| १५६ | सिरहा नगरपालिका | ८०२८००० | ९ | ३२१ | ७१६८ | |
| १५७ | सुखीपुर नगरपालिका | ६९०६००० | ६ | ८३ | ८१७८ | |
| १५८ | कर्जन्हा नगरपालिका | १५२८००० | २ | १०८ | ८२४ | |
| १५९ | क्षिरेश्वरनाथ नगरपालिका | ४०९४००० | ० | ० | ० | |
| १६० | गणेशमान–चारनाथ नगरपालिका | २८८५००० | ० | ० | ० | |
| १६१ | धनुषाधाम नगरपालिका | ४४०१००० | ० | ० | ० | |
| १६२ | नगराइन नगरपालिका | ३९६८००० | ११ | ४३७ | २४६४ | |
| १६३ | मिथिला नगरपालिका | ४३४९००० | ० | ० | ० | |
| १६४ | विदेह नगरपालिका | २१७९००० | ० | ० | ० | |
| १६५ | सबैला नगरपालिका | २६२६००० | १ | ६ | ० | |

| सि.नं. | स्थानीय तहको नाम | विनियोजित रकम | सञ्चालित आयोजना संख्या | रोजगारीमा खटिएका व्यक्ति संख्या | जम्मा रोजगारी श्रृजना दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| १६६ | शहिदनगर नगरपालिका | ४६३७००० | ४ | १२० | १८४५ | |
| १६७ | कमला नगरपालिका | ४५३३००० | ९ | १२१ | १७५९ | |
| १६८ | मिथिला विहारी नगरपालिका | ४९९७००० | ८ | २ | ० | |
| १६९ | हंसपुर नगरपालिका | ४२३३००० | ० | ० | ० | |
| १७० | गौशाला नगरपालिका | ४२९२००० | ११ | २०९ | ० | |
| १७१ | जलेश्वर नगरपालिका | ६२१६००० | ६ | १०९ | ३६२८ | |
| १७२ | बर्दिबास नगरपालिका | ८०२८००० | १० | ० | ० | |
| १७३ | औरही नगरपालिका | ४७७००० | ० | ० | ० | |
| १७४ | बलवा नगरपालिका | ४७७००० | ० | ० | ० | |
| १७५ | भँगाहा नगरपालिका | ८०२८००० | ० | ० | ० | |
| १७६ | मटिहानी नगरपालिका | २१८२००० | ३ | ७४ | १५२० | |
| १७७ | मनरा सिसवा नगरपालिका | १५२८००० | ० | ० | ० | |
| १७८ | रामगोपालपुर नगरपालिका | ४७७००० | ० | ० | ० | |
| १७९ | लोहरपट्टी नगरपालिका | ३५३४००० | ९ | २६९ | २३४९ | |
| १८० | ईश्वरपुर नगरपालिका | ४०१९००० | ४ | २५४ | ४४८२ | |
| १८१ | गोडैटा नगरपालिका | ४०८३००० | ० | ० | ० | |
| १८२ | मलंगवा नगरपालिका | २७६७००० | ० | ० | ० | |
| १८३ | लालबन्दी नगरपालिका | ७९७७००० | १९ | ३३ | ६५५ | |
| १८४ | बरहथवा नगरपालिका | ५४१७००० | १४ | ० | ० | |
| १८५ | बलरा नगरपालिका | ६९८८००० | ० | ० | ० | |
| १८६ | बागमती नगरपालिका | २२२२००० | ० | ० | ० | |
| १८७ | हरिपुर नगरपालिका | १५२८००० | ३ | ४५ | १४४० | |
| १८८ | हरिवन नगरपालिका | १५२८००० | १ | ० | ० | |
| १८९ | हरिपुर्वा नगरपालिका | ४३३०००० | ६ | ० | ० | |
| १९० | कबिलासी नगरपालिका | ४७९९००० | ० | ० | ० | |
| १९१ | गरुडा नगरपालिका | ४७७००० | ० | ० | ० | |
| १९२ | गौर नगरपालिका | ३४१९००० | ९ | ६७ | २८३५ | |
| १९३ | चन्द्रपुर नगरपालिका | ८०२८००० | ० | ० | ० | |
| १९४ | ईशनाथ नगरपालिका | ४७०१००० | ० | ० | ० | |
| १९५ | कटहरीया नगरपालिका | ३३८३००० | ९ | २७ | ४४१ | |
| १९६ | गढीमाई नगरपालिका | ३३१८००० | २ | २ | ० | |
| १९७ | गजुरा नगरपालिका | ६९२४००० | ९ | २९१ | ४३५३ | |
| १९८ | देवाही गोनाही नगरपालिका | ६७५१००० | ० | ० | ० | |
| १९९ | परोहा नगरपालिका | ४६२२००० | ० | ० | ० | |

| सि.नं. | स्थानीय तहको नाम | विनियोजित रकम | सञ्चालित आयोजना संख्या | रोजगारीमा खटिएका व्यक्ति संख्या | जम्मा रोजगारी श्रृजना दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| २०० | फतुवा विजयपुर नगरपालिका | ४७७००० | ० | ० | ० | |
| २०१ | बौधीमाई नगरपालिका | ३४४४००० | ० | ० | ० | |
| २०२ | माधवनारायण नगरपालिका | ४१४६००० | ० | ० | ० | |
| २०३ | मौलापुर नगरपालिका | ३२३४००० | १ | १०५ | ४११९ | |
| २०४ | राजपुर नगरपालिका | ३८१९००० | ० | ० | ० | |
| २०५ | वृन्दावन नगरपालिका | ७८९१००० | ९ | ६६ | ० | |
| २०६ | कोल्हवी नगरपालिका | ५८४१००० | ० | ० | १० | |
| २०७ | निजगढ नगरपालिका | १९०५००० | ० | ० | ० | |
| २०८ | महागढीमाई नगरपालिका | ३१४६००० | ११ | ५२१ | ३१०४ | |
| २०९ | सिम्रौनगढ नगरपालिका | ३५८१००० | ४ | ९७ | २९७० | |
| २१० | पचरौता नगरपालिका | ५४६७००० | ३ | ३ | ५० | |
| २११ | पोखरिया नगरपालिका | २०६९००० | ० | ० | ० | |
| २१२ | राजदेवी नगरपालिका | ४६२२००० | ९ | १ | ० | |
| २१३ | पर्सागढी नगरपालिका | २९८७००० | ७ | १४२ | २३४४ | |
| २१४ | बहुदरमाई नगरपालिका | ४७४८००० | ५ | ३६९ | ४३४३ | |
| २१५ | अग्नीसाइर कृष्णासवरन गाउँपालिका | २६८९००० | ५ | १७० | १८५१ | |
| २१६ | छिन्नमस्ता गाउँपालिका | ६५२२००० | ० | ० | ० | |
| २१७ | तिरहुत गाउंपालिका | ६१३०००० | १ | ९० | १९११ | |
| २१८ | तिलाठीकोईलाडी गाउंपालिका | ८०२८००० | ६ | १६८ | १८२४ | |
| २१९ | बिष्णुपुर गाउँपालिका | ५२४७००० | ० | ० | ० | |
| २२० | राजगढ गाउँपालिका | ५६२३००० | ७ | ४२५ | ७६१४ | |
| २२१ | महादेवा गाउँपालिका | ४७७००० | ० | ० | ० | |
| २२२ | रुपनी गाउँपालिका | ३४०४००० | ३ | १८८ | ३१८८ | |
| २२३ | अर्नमा गाउँपालिका | ४७७००० | ० | ० | ० | |
| २२४ | औरही गाउँपालिका | १५२८००० | १ | १०३ | १६५६ | |
| २२५ | नरहा गाउँपालिका | १५२८००० | ० | ० | ० | |
| २२६ | नवराजपुर गाउँपालिका | ४७७००० | ० | ० | ० | |
| २२७ | बरियारपट्टी गाउँपालिका | १४७७००० | ० | ० | ० | |
| २२८ | भगवानपुर गाउँपालिका | ४४०६००० | ५ | १२२ | २००९ | |
| २२९ | लक्ष्मीपुर पतारी गाउँपालिका | ४५८०००० | ३ | १३९ | २५१५ | |
| २३० | विष्णुपुर गाउँपालिका | ५२४७००० | ८ | २३६ | ७०८० | |
| २३१ | सखुवानान्करकट्टी गाउँपालिका | २५०४००० | ३ | १०८ | १५८३ | |
| २३२ | औरही गाउँपालिका | २०२९००० | ४ | २३५ | ८८० | |
| २३३ | जनकनन्दिनी गाउँपालिका | १६८६००० | ० | ० | ० | |

| सि.नं. | स्थानीय तहको नाम | विनियोजित रकम | सञ्चालित आयोजना संख्या | रोजगारीमा खटिएका व्यक्ति संख्या | जम्मा रोजगारी श्रृजना दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| २३४ | बटेश्वर गाउँपालिका | ३०९५००० | ५ | १५० | २६३९ | |
| २३५ | मुखियापट्टि मुसहरमिया गाउँपालिका | १८०६००० | १ | ० | ० | |
| २३६ | लक्ष्मीनिया गाउँपालिका | ४०९४००० | ० | ० | ० | |
| २३७ | एकडारा गाउँपालिका | ४२१७००० | ० | ० | ० | |
| २३८ | पिपरा गाउँपालिका | ५३४४००० | ४ | १३५ | १२३९ | |
| २३९ | महोत्तरी गाउँपालिका | २६०९००० | ३ | ४६ | ९९७ | |
| २४० | साम्सी गाउँपालिका | ३१३१००० | ० | ० | ० | |
| २४१ | सोनमा गाउँपालिका | १५२८००० | १ | १४ | ३३६ | |
| २४२ | चक्रघट्टा गाउँपालिका | ५७५८००० | ४ | ८३ | ७२८९ | |
| २४३ | चन्द्रनगर गाउँपालिका | २९१२००० | ६ | २१० | ३८०१ | |
| २४४ | धनकौल गाउँपालिका | ४७७००० | ० | ० | ० | |
| २४५ | ब्रह्मपुरी गाउँपालिका | २४२२००० | ४ | ० | ० | |
| २४६ | रामनगर गाउँपालिका | १५२८००० | १ | १ | ३० | |
| २४७ | विष्णु गाउँपालिका | ४१८७००० | १ | ० | ० | |
| २४८ | दुर्गाभगवती गाउँपालिका | ४३८२००० | ० | ० | ० | |
| २४९ | आदर्श कोटावल गाउँपालिका | ३७९८००० | ० | ० | ० | |
| २५० | कौरैयामाई गाउँपालिका | ४००५००० | ० | ० | ० | |
| २५१ | देवताल गाउँपालिका | २०४५००० | ५ | २०६ | ११२६ | |
| २५२ | परवानीपुर गाउँपालिका | ४७७००० | ० | ० | ० | |
| २५३ | प्रसौनी गाउँपालिका | ३४०१००० | ८ | २५ | ४६६ | |
| २५४ | फेटा गाउँपालिका | २६३३००० | १ | १ | १५ | |
| २५५ | बारागढी गाउँपालिका | ३२४८००० | ० | ० | ० | |
| २५६ | सुवर्ण गाँउपालिका | ३१८५००० | ० | ० | ० | |
| २५७ | छिपहरमाई गाउँपालिका | ३८०७००० | ० | ० | ० | |
| २५८ | जगरनाथपुर गाउँपालिका | १५२८००० | ४ | ८९ | १३५० | |
| २५९ | धोबीनी गाउँपालिका | ४७७००० | ० | ० | ० | |
| २६० | पकाहा मैनपुर गाउँपालिका | १५२८००० | १ | ३१ | २१४ | |
| २६१ | पटेर्वा सुगौली गाउँपालिका | ३३१८००० | ५ | ३२ | ११०१ | |
| २६२ | बिन्दबासिनी गाउँपालिका | ३२०१००० | ९ | १६ | ३०० | |
| २६३ | सखुवा प्रसौनी गाउँपालिका | १४७७००० | ० | ० | ० | |
| २६४ | ठोरी गाउँपालिका | २५४३००० | १ | ३६ | ४४० | |
| २६५ | बलान-विहुल गाउँपालिका | ३७५९००० | ३ | ३९५ | ३७७७ | |
| २६६ | धनौजी गाउँपालिका | २२१६००० | ० | ० | ० | |
| २६७ | बसबरीया गाउँपालिका | २५९६००० | १४ | ० | ० | |

| सि.नं. | स्थानीय तहको नाम | विनियोजित रकम | सञ्चालित आयोजना संख्या | रोजगारीमा खटिएका व्यक्ति संख्या | जम्मा रोजगारी श्रृजना दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| २६८ | कौडेना गाउँपालिका | २४९१००० | १ | ३० | ३००० | |
| २६९ | पर्सा गाउँपालिका | ४७७००० | ० | ० | ० | |
| २७० | यमुनामाई गाउँपालिका | ३९७४००० | ६ | २२७ | ४१७९ | |
| २७१ | विश्रामपुर गाउँपालिका | ३३९०००० | ० | ० | ० | |
| २७२ | कालिकामाई गाउँपालिका | १८७८००० | १ | ४६ | ४९९ | |
| २७३ | जिराभवानी गाउँपालिका | ४७७००० | ० | ० | ० | |
| २७४ | काठमाण्डौं महानगरपालिका | १५२८००० | १ | २२ | १२८ | |
| २७५ | ललितपुर महानगरपालिका | २३३६००० | १ | २७ | ४१८ | |
| २७६ | भरतपुर महानगरपालिका | ७०७५००० | ७ | ० | ० | |
| २७७ | हेटौंडा उप-महानगरपालिका | ८०२८००० | ९ | ४७६ | ६२६७ | |
| २७८ | कमलामाई नगरपालिका | ८०२८००० | १४ | १३७८ | ७०४२ | |
| २७९ | दुधौली नगरपालिका | ७३५७००० | १४ | ० | ० | |
| २८० | मन्थली नगरपालिका | २७९२००० | ३ | १७६ | २२८० | |
| २८१ | रामेछाप नगरपालिका | ६३०४००० | ९ | २०९ | ३४४७ | |
| २८२ | जिरी नगरपालिका | ३४४८००० | ३ | १६३ | २४१४ | |
| २८३ | भिमेश्वर नगरपालिका | ७५७३००० | ११ | ५१० | ६२३५ | |
| २८४ | चौतारा सागाचोकगढी नगरपालिका | ६२०२००० | १८ | ५५९ | ८२९३ | |
| २८५ | मेलम्ची नगरपालिका | ३१७९००० | १० | ३३४ | ४८६३ | |
| २८६ | वाह्रविसे नगरपालिका | ४११२००० | १० | २२६ | ४०५० | |
| २८७ | धुनीबेंसी नगरपालिका | २८३१००० | ५ | १२० | १९४३ | |
| २८८ | नीलकण्ठ नगरपालिका | ३७२२००० | ७ | ५३ | १३७५ | |
| २८९ | विदुर नगरपालिका | ८०२८००० | २३ | २८३ | ७०४७ | |
| २९० | बेलकोटगढी नगरपालिका | ३३७७००० | ० | ० | ० | |
| २९१ | कागेश्वरी–मनोहरा नगरपालिका | १४७७००० | ० | ० | ० | |
| २९२ | कीर्तिपुर नगरपालिका | १४७७००० | १० | ७७ | ६३८ | |
| २९३ | गोकर्णेश्वर नगरपालिका | १४७७००० | २ | ५१ | १०४१ | |
| २९४ | चन्द्रागिरी नगरपालिका | १८७७००० | ० | १५ | ४२० | |
| २९५ | टोखा नगरपालिका | ४७७००० | ० | ० | ० | |
| २९६ | तारकेश्वर नगरपालिका | १४७७००० | ० | ० | ० | |
| २९७ | दक्षिणकाली नगरपालिका | १५२८००० | ० | ० | ० | |
| २९८ | नागार्जुन नगरपालिका | २०२८००० | १ | २६ | ६४० | |
| २९९ | बुढानिलकण्ठ नगरपालिका | ६९९००० | ० | ० | ० | |
| ३०० | शंखरापुर नगरपालिका | १८२४००० | ३ | ३३ | ७७१ | |
| ३०१ | गोदावरी नगरपालिका | १५२८००० | १ | ८ | ९६ | |

| सि.नं. | स्थानीय तहको नाम | विनियोजित रकम | सञ्चालित आयोजना संख्या | रोजगारीमा खटिएका व्यक्ति संख्या | जम्मा रोजगारी श्रृजना दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| ३०२ | महालक्ष्मी नगरपालिका | १४७७००० | ० | ० | ० | |
| ३०३ | चाँगुनारायण नगरपालिका | २८४५००० | ९ | १३६ | २२५४ | |
| ३०४ | भक्तपुर नगरपालिका | ४७७००० | ० | ० | ० | |
